
# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



यो महामाया मन्दिर र बोधिवृक्ष अब रहेन। (कल्पना मात्र गर्न सकिन्छ) मायादेवी अनाथ भैरहेकी छिन्

## बैशाख पूर्णिमा विशेषाङ्क

वर्ष-१६ अङ्क-१ बुद्ध सम्वत् २५४२

DHARMAKIRTI

Downloaded from http://www.dhamma.digital

*On the Auspicious Occasion*
*of*
**2542 VAISAKH PURNIMA**
*We Extend Our Hearty Felicitation*
*To all of you.*



**New hotel Crystal**
POKHARA (PVT) LTD.

Nagdhunga, Pokhara, Nepal
Fax : 977-61-20234
Phone : (061) 20234, 20035

For instant reservation :
Head Office : Chha 1-99 Jyatha Tole, P.O. Box 1253, Kathmandu-3, Nepal
Phone : (01) 228011, 228561, Cable : NEWHOTEL, Kathmandu
Fax : 977-1-228028

बुद्ध जयन्ती २५४२ को शुभ-कामना !

**कृष्टल उलन इण्डष्ट्रिज (प्रा) लि.**

बालाजु औद्योगिक क्षेत्र, बालाजु, कारखाना फोन: २७११७४

बिक्री कक्ष:
छ १-९९, ज्याठा टोल, पोष्ट बक्स नं. ६०३, काठमाडौं-३, नेपाल ।
फोन: २२७९३२, २२८५६१ फ्याक्स: ९७७-१-२२८०२८

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
**ज्ञानेन्द्र महर्जन**

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २५९११०

प्रकाशक व विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ: टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४२
नेपालसम्वत् १११८
इस्वीसम्वत् १९९८
बिक्रमसम्वत् २०५५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | | वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | १०/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

**2542nd VAISAKH FULL-MOON DAY**

May 11, 1998

| वर्ष- १६ | अङ्क- १ | स्वांयापुन्ही | वैशाख पूर्णिमा २०५५ |
|---|---|---|---|




★ **मूर्ख मानिसले दुर्वचन बोलेर आफैले आफ्नो हानि (नाश) गर्दछ ।**

★★★

★ **जो कुरौटे छ त्यसले धेरै हल्ला गर्दछ, तर जो गम्भीर हुन्छ, उ शान्त रहन्छ । मूर्खले आधा गाग्रो पानी छचल्किए झैं हल्ला गर्दछ । तर प्रज्ञावान गम्भीर मनुष्य सरोवर (पोखरी) झैं सधैं शान्त रहन्छ ।**

★★★

★ **समाधान त त्यो ज्ञानी पुरुषले गर्न सक्छ, जो विद्वान, संयतात्मा बहुश्रुत तथा अविचलित हुन्छ ।**

Downloaded from http://www.dhamma.digital

# लुम्बिनी कहाँ पर्दछ ? विविध प्रमाणले पुष्टि गर्दछ

✍ भुवनलाल प्रधान

बुद्धको जन्मस्थल लुम्बिनी हिजोआज हाम्रो राष्ट्रिय क्षेत्रमा मात्र होइन अन्तर्राष्ट्रिय क्षेत्रमा पनि विशेष रूपले चर्चित छ । 'शाक्यमुनि भगवान् बुद्धको जन्मस्थल लुम्बिनी यहीं हो' भनेर सम्राट् अशोकले स्थापना गरेको एवं नेपाल अधिराज्यको वर्तमान रुम्मिनदेई (वा रुपनदेही) जिल्ला अन्तर्गत साबिकै ठाउँमा तेइस सय वर्ष अगाडिदेखि आजसम्म खडा भैआएको शिलास्तम्भले ठोकुवा गर्दै आएको छ । यो ठाउँ नेपाल-भारत सीमा-रेखादेखि पाँच-छ किलोमिटर उत्तर नेपाली भूभागमा पर्दछ । यस्तो जल्दोबल्दो वस्तुस्थितिलाई जानाजान लुकाई केही गैर जिम्मेदार भारतीयहरूले बुद्धको जन्मस्थल लुम्बिनी भारतीय भूभागभित्रै पर्दछ भनेर गलत प्रंचार गर्छन् । हुन त भारतीय राजदूतबाट लुम्बिनी भारतमा पर्दैन, नेपालभित्र पर्दछ भनेर त्यस्ता गलत प्रचारको खण्डन पनि भएकै थियो ।

तर यस्तो गलत छाप पार्ने खालका भारतीय पत्र-पत्रिका, पुस्तकहरू पढ्ने र नेपाल-भारत सिमानासम्बन्धी नक्साको यथार्थ ज्ञान नभएका व्यक्तिहरूलाई, विशेष गरेर अरु देशका निवासीहरूलाई बारम्बार गरिएका यस्ता निराधार प्रचारहरूले भुक्कानमा पार्दछन् र लुम्बिनी स्थल भारतमा पर्दछ भन्ने धारणा लिन लगाउँछन् । योभन्दा पनि दु:खलाग्दो अर्को कुरा के छ भने श्रीलङ्का, जापान, अमेरिकाबाट प्रकाशित भएका पत्रपत्रिका, पुस्तकहरूले आँखा चिम्लेर भारतीय गलत प्रकाशनहरूकै नक्कल गर्दछन् तथा तिनका पाठकहरूले लुम्बिनी भारतभित्रै पर्दछ र बुद्ध भारतमै जन्मेका थिए भन्ने धारणा राख्ने मात्र होइन आफूहरूले पनि प्रचार गर्दछन् ।

यस्तो स्थितिले हिटलरका मतियार गोबेलको कथनको याद दिलाउँछ । उनी भन्दथे, "जस्तै झूठा कुरा पनि हज्जारौं पटक प्रचार गरियो भने प्रकाशमा नल्याइएका सत्यताभन्दा बढी प्रभावशाली हुन्छ ।" लुम्बिनी भारतमा पर्दछ भन्ने कुरो पनि यही गोबेल सिद्धान्तको उदाहरण बनिरहेछ । निहित स्वार्थ भएका केही पत्र-पत्रिका, व्यक्ति र समूहहरूले दोहऱ्याई-तेहऱ्याई गरेको असत्य प्रचार बढी व्यापक र प्रभावशाली भएको देखिन्छ । यता नेपालको तर्फबाट गरिएको खण्डन वा यथार्थताको प्रचारले त्यत्तिको व्यापकता पाउन सक्दैन । यस्तो स्थितिमा "बोल्नेको पीठो पनि बिक्ने नबोल्नेको चामल पनि न बिक्ने" भन्ने आहान चरितार्थ हुन्छ ।

फलतः लुम्बिनी सम्बन्धी राम्रो ज्ञान नभएका पाठकहरूले लुम्बिनी भारतीय इलाकामा पर्दछ भनेर विश्वास गर्दछन्, अनि तत्सम्बन्धी थोरै मात्र ज्ञान भएका व्यक्तिहरू अन्योलमा पर्दछन् ।

तसर्थ प्रस्तुत लेखमा लुम्बिनीको सम्बन्धमा भर पर्दा सामग्रीहरूबाट प्राप्त गर्न सकिएका केही तथ्यहरू दिइएका छन् ।

**"लुम्बिनी" नाउँको उल्लेख**

लुम्बिनी नाउँको उल्लेख त्रिपिटकका केही ग्रन्थ, अर्थकथा, लुम्बिनीस्थित अशोक स्तम्भ, केही सिंहली (श्रीलङ्काली) ग्रन्थ, महायानी ग्रन्थहरूमा गरिएको पाइन्छ ।

लुम्बिनी थलोलाई बुद्धवंशको अर्थकथामा 'शालोद्यान' भनिएको छ र कहीं कहीं 'लुम्बिनी वन' पनि भनिएको छ ।

तर 'लुम्बिनी' नाउँ बुद्धको जन्मस्थल लुम्बिनी शालोद्यान वा लुम्बिनी वनमा मात्र सीमित थिएन । कपिलवस्तु जनपदकी एकजना राजकुमारीका दुइटा नाममध्ये एउटा नाउँ 'लुम्बिनी' राखिएको थियो । कपिलवस्तुका राजा जयसेन (शुद्धोदनका बाजे, बुद्धका बराज्यू) की छोरी राजकुमारी यशोधराको अर्को नाउँ 'लुम्बिनी' थियो । (सिंहल बुद्ध चरित-भिक्षु अमृतानन्द) । यस्तै कहलिय जनपदका एकजना राजाको नाउँ 'देवदह' थियो । कोलिय जनपदमा एउटा ताल जस्तै ठूलो पोखरी 'देवदह' कहलिएको थियो । फेरि यस जनपदको राजधानी नगर पनि त्यसै पोखरीको नाउँबाटै होला 'देवदह' नै भनिन्थ्यो । यस्तै यहाँका राजा (मायादेवी-प्रजापतिका बाजे) को नाउँ पनि देवदह नै थियो ।

उपर्युक्त तथ्यबाट 'लुम्बिनी' भन्ने नाउँ बुद्धभन्दा कमसेकम चार-पाँच पुस्ता अगाडिदेखि प्रचलनमा आइसकेको बुझिन्छ ।

यसपछि लुम्बिनी नाउँको प्रयोग असित ऋषिले गरेको चर्चा पनि भेटिन्छ । राजा शुद्धोदनका छोरा जन्मेको खबर सुनेर उनलाई हेर्न भनेर आएका वृद्ध ऋषि असितले बालक राजकुमारबारे गरेको भविष्यवाणी भनेर सुत्तनिपात (सुत्तपिटकको एउटा ग्रन्थ) मा दिइएको गाथामा पनि



Downloaded from http://www.dhamma.digital

'लुम्बिनी' शब्द परेको छ (-रिस डाभिड्स) ।

यो कुरो बुद्ध जन्मेको दुई तीन दिनपछि अर्थात् ई.पू. ५६३ सालकै भयो ।

अनि 'बुद्ध लुम्बिनीमा जन्मे' भन्ने चर्चा सम्राट् अशोकका धर्मगुरु मोग्गलीपुत्र तिष्यले अशोकको राज्यकाल (राज्यारोहण ई.पू. २६९, राज्याभिषेक ई.पू. २६५, तेस्रो, संगायन ई.पू. २४८, लुम्बिनी- कपिलवस्तु यात्रा ई.पू. २४५) मा तेस्रो संगायनताका रचेको अर्थ कथामा भेटिन्छ ।

उक्त तेस्रो संगायनको तीन वर्षपछि लुम्बिनी-कपिलवस्तुमा तीर्थाटन गर्न आएका सम्राट अशोकले ई.पू. २४५ सालमा लुम्बिनीमै स्थापना गरेको आफ्नो शिला स्तम्भमा 'यहाँ शाक्यमुनि बुद्ध जन्मे... यहाँ लुम्बिनी गाउँमा भगवान् जन्मेको हुनाले ....' भनेर किटान साथ लेखाएको शिलास्तम्भमा 'लुम्बिनी' शब्द अङ्कित रूपमै देखापर्दछ ।

यहाँनिर विचारणीय कुरो एउटा के हुन्छ भने त्रिपिटकमध्ये सुत्तपिटक र विनय पिटकको सङ्कलन बुद्धको परिनिर्वाण (ई.पू.४८३) को लगत्तै पछि भनेजसो आयोजना गरिएको पहिलो संगायनमा भएको थियो, अभिधम्मपिटक चाहिं दोस्रो संगायन (ई.पू. २८३) ताका आंशिकरूपले सङ्कलित भैसकेको थियो, अर्थकथा भने तेस्रो संगायन (ई.पू. २४८) मा रचिएको थियो । तर पनि यिनीहरू लिपिबद्ध गरिएका थिएनन्, कण्ठस्थ र भाणक परम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सदैं आएका थिए । यिनीहरू दुवै थरि श्रीलंङ्कामा ई.पू. १७७ देखि १०५ सम्म चलेको लामो चौथो संगायनमा मात्र सर्वप्रथम लिपिबद्ध गरिएका थिए- त्यो पनि ताडपत्रमा मात्र; पुस्तकको रूपमा त ई.पू. २९-१७ सालमा मात्र लिपिबद्ध गरिएका थिए ।

यसरी माथि चर्चित राजकुमारीको नाउँ लुम्बिनी थियो एवं असित ऋषि, मोग्गलीपुत्र तिष्यले 'लुम्बिनी' शब्द प्रयोग गरेका थिए भन्ने चर्चा ऐतिहासिक रूपले अर्थात् समयको क्रमले अगाडिका घटना भएपनि तिनीहरू लिपिबद्ध थिएनन् । लुम्बिनीस्थित अशोक स्तम्भ अभिलेख नै तिनीहरूभन्दा अगाडि लिपिबद्ध अर्थात् कुँदिएको हो । यसरी उक्त शिला स्तम्भमा ई.पू. २४५ सालमा अङ्कित गरिएको 'लुंमिनि' नाउँ नै लिखित रूपमा पाइएको सबभन्दा पुरानो लेखोट सिद्ध हुन्छ ।

यस लुंमिनि वा लुम्मिनि वा आजकाल हामीहरूले प्रयोग गर्दै आएको लुम्बिनी शब्दबारे के सम्झनु आवश्यक हुन्छ भने आजकाल प्रचलित जिल्लाको 'रुपनदेही' वा रुपनदेई' भनिने जुन रूप छ त्यो 'रुम्मिनदेही' वा 'रुम्मिनदेई'बाट जनजिब्राले टिपेको रूप हो, अनि 'रुम्मिनदेही' वा 'रुपनदेई' आफै चाहिं 'लुम्मिनीदेवी'को अपभ्रंशित रूप हो । यो शब्द सुन्दर वन र सुकुमारी राजकुमारीको पनि नाउँ भएको तथ्यबाट सौन्दर्य, सुशीलता आदि स्त्रीजनोचित गुणबोधक हुन सक्ने पनि देखिन्छ । तर आजकाल हामीहरूले प्रयोग गरिएको शब्द 'लुम्बिनी' भए पनि अशोकीय स्तम्भमा अङ्कित शब्द चाहिं 'लुंमिनि' वा 'लुम्मिनि' हो । यसरी नामवाचक मौलिक शब्द 'लुम्मिनि' वा 'लुंमिनि'बाट तानतुन गरेर बनाइएको 'लुम्बिनी' शब्दलाई पालि वा संस्कृत भाषाको कुनै व्युत्पन्न शब्द सम्झेर अर्थ्याउन खोज्नु उपयुक्त देखिन्न ।

**लुम्बिनीको अवस्थिति**

लुम्बिनीको अवस्थितिबारे त्रिपिटक र अर्थकथाहरूबाट निम्नलिखित तथ्यहरू थाहा हुन्छ ।

बुद्धवंश अर्थकथा अनुसार लुम्बिनी शालोद्यान शाक्य जनपद कपिलवस्तुमा पर्दथ्यो । शाक्य जनपद कपिलवस्तुको राजधानी नगर पनि कपिलवस्तु नै भनिन्थ्यो । कपिलवस्तु नगर एक योजनसम्म फैलिएको थियो । लुम्बिनी शालोद्यान अर्थकथा निदान अनुसार कपिलवस्तु र देवदहको बीचमा पर्दथ्यो र यो वन दुवैथरि शाक्यहरूको मनोरञ्जन स्थल थियो । लुम्बिनी कपिलवस्तु सहरबाट डेढ योजन पूर्वतिर पर्दथ्यो । मज्झिमनिकाय अर्थकथामा 'देवदह नगरस्स अविदूरे लुम्बिनीशालवन उद्यान....' अवस्थित थियो भनेर लेखिएको छ । जातक अर्थकथा निदान अनुसार जसरी कपिलवस्तुका शाक्यहरू पर्वपर्वमा कोलिय जनपदको देवदह तालमा नुहाउन जान्थे त्यसरी नै कोलिय शाक्यहरू पनि लुम्बिनी शालोद्यानमा सैर गर्न आउँथे ।

चिनिया यात्री फा हिसन (फा हिएन) ले लुम्बिनी वन कपिलवस्तुबाट ५० लि पूर्व पर्दथ्यो भनेका छन् भने अर्का चिनिया यात्री हसुयन त्साङ (हुएन चाङ) ले ८० लि पूर्व पर्दथ्यो भनेका छन् । यसरी कपिलवस्तु र लुम्बिनीको दूरी यी दुई यात्रीहरूका कथनमा ३० लि फरक पर्नाको कारण भि. स्मिथको भनाइअनुसार फा ह्सिनले कपिलवस्तुको पूर्वी छेउदेखि र ह्सुएन त्साङले पश्चिमी छेउदेखि गणना गरेका थिए ।

लुम्बिनी बुद्धकालमा प्राकृतिक सौन्दर्यले परिपूर्ण, रमणीय र निक्कै मनमोहक थियो । फा ह्सिन ई. ४०३



Downloaded from http://www.dhamma.digital

सालमा र ह्सुएन त्साङ ई. ६३५ सालमा यहाँ आइपुग्दा लुम्बिनीको सौन्दर्य र रमणीयतामा निक्कै ह्रास आइसकेको थियो । तर पनि उनीहरूले यहाँको सौन्दर्यको प्रशंसा गरेका थिए ।

आजको स्थिति अनुसार लुम्बिनी क्षेत्रको अवस्थिति भारतको उत्तरप्रदेशको गोरखपुरनिर रहेको नेपाल-भारत सिमाना रेखादेखि पाँच-छ किलो मिटर पश्चिम उत्तर नेपाली भूभागभित्र पर्दछ ।

कपिलवस्तु अर्थात् वर्तमान तौलिहवाबाट यस लुम्बिनी क्षेत्रसम्मको दूरी आजको विद्यमान सन्दर्भमा चौध-पन्ध्र माइल छ ।

**लुम्बिनीमा बुद्धको जन्म**

कपिलवस्तु जनपदका राजा शुद्धोदनकी महारानी मायादेवी गर्भवती भएको दश महिना पूरा हुँदै थियो । आफ्नो माइती देवदह नगर जाने क्रममा रानी मायादेवी आफ्नो राजसी लावालस्करसहित यही लुम्बिनी वनमा आइपुगिन् । त्यो दिन थियो ई.पू. ५६३ सालको वैशाख पूर्णिमा शुक्रवार । लुम्बिनी वनमा वसन्तोत्तर ऋतुको प्राकृतिक छटा पूर्ण रूपेण छाएको थियो । वन साल रूखहरूले लटरम्म ढाकिएको थियो । तिनका नयाँ पलाएका चिल्ला, चहकिला पातहरू चम्कदै थिए । सालका रूखहरूमा भरखर भरखर फक्रेका कोपिलाहरूबाट निस्केको अनुपम सुगन्ध वनभरि मगमगाइरहेको थियो । कतै भमराहरू भुँभूँ गर्दै झुम्मिरहेका थिए भने कतै थरिथरिका चराहरू विभिन्न श्रुतिमधुर स्वरले कराइरहेका थिए । फूल र कोपिलाहरूबाट झरेका परागहरू हावाले यत्रतत्र छर्दै थियो ।

महारानी मायादेवी लुम्बिनी वनमा पुगेको बेला मध्यान्ह भैसकेको थियो । केही केही चढ्दो गर्मीले होला केहीकेही बनेली रमिताको आकर्षणले होला- रानी यहाँ पुगेपछि पालकीबाट ओर्लेर पैदल हिंड्दै निकुञ्जमा यताउतिका दृश्य हेर्न थालिन् । त्यही नगिचै वनभित्र शाक्यहरूको नुहाउने पोखरी थियो । रानी पोखरीतिर लागिन् र नुहाइन् । नुहाइधुवाई सकेपछि रानी उत्तरी ढोकाबाट बाहिर निस्किन् । त्यो पोखरी आज पनि अशोक स्तम्भको अतिकति दक्षिणतिर केही मरम्मत गरिएको रूपमा छँदैछ । यसलाई आजकाल सिद्धार्थ पोखरी भन्ने गरिएको छ ।

रानी बिस्तार बिस्तारै पाइला सार्दै उत्तरतिर बढिन् । उनी वनको शोभामा मुग्ध हुँदै कहिले यो रूखमा र कहिले त्यो रूखमा नजर लगाउन थालिन् । रङ्गीचङ्गी फूलहरूले वन शोभायमान बनाएका थिए भने तिनबाट निस्केका वासनाले यसलाई सुगन्धमय पारिदिएको थियो । त्यसमाथि चराहरूको सुरिलो कण्ठबाट निस्केका थरिथरिका कलरव त्यहाँ गुञ्जिरहेको थियो । यस्तो मनमोहक पर्यावरणमा टहल्दै रानी एउटा ठूलो शाल वृक्षमुनि पुगिन् । यसका हाँगाहरू परपरसम्म फैलिएका एवं तलतलसम्म झुकेका थिए । यी हाँगाहरू वासना आउने फूल कोपिलाहरूले लटरम्म ढाकिएका थिए ।

यो अनुपम शोभाले युक्त शालवृक्षमुनि उभिंदा उभिंदै रानी मायादेवीले प्रसववेदना अनुभव गर्न लागिन् । उनले झटपट आफ्नो दाहिने हात शिरमाथि उठाएर त्यस रूखको झुकिरहेको एउटा हाँगा समातिन् । अर्की रानी प्रजापती र सुसारेहरू उनको प्रसूति सेवाशुश्रूषामा जुटे ।

सुसारेहरूले नवजात राजकुमारलाई तातो पानी, चिसो पानी आदिले चाहिंदो सफासुग्घर गरे । यहाँनिर सम्झन योग्य एउटा कुरो के हो भने उपर्युक्त शाक्य पुष्करिणी वा सिद्धार्थ पोखरीको पानी केही समय अगाडि पिंधसम्म झिकेर सफा गर्दा पिँधको उत्तरपूर्वी र उत्तर पश्चिमी छेउनिर एउटा एउटा उल्लेखनीय रूपले केही ताता पानी उब्जिरहेका कुवा र केही चिसो पानी उब्जि-रहेका कुवा फेला परेका थिए । त्यस बेला उत्खननमा कार्यरत व्यक्तिहरूले ती कुवाका पानी छोएर पनि हेरेका थिए । अर्को कुरा, सुत्केरी रानीको सेवामा प्रयोग गरिएका चिल्ला वस्तुहरू नगिचैको खोलामा धोइपखाली गर्दा खोलाको पानी नै चिल्लो हुन गयो भन्ने गरिन्छ । त्यस किंवदन्तीको सम्बन्धमा आजसम्म विद्यमान वस्तुस्थिति के छ भने चिल्लो पानी भएको तेलार नदी अहिले पनि बुद्धको जन्मस्थलको नगिचै बगिरहेकै छ ।

**लुम्बिनीका केही विशिष्ट यात्रीहरू**

ई.पू. ४८३ साल वैशाख पूर्णिमाको राति बुद्धको कुशीनगरको उपवर्तन उद्यानमा शालवृक्षकै मुनि महापरिनिर्वाण भएपछि उनको जन्मस्थल लुम्बिनी अतीव लोकप्रिय तीर्थस्थल बन्यो । यहाँ धनी-गरिब, ठूला-साना, राजा-रङ्क, पठित-अपठित, टाढा-नजिकका श्रद्धालु भक्तजनहरूको ओइरो लाग्यो ।

त्यस्ता यात्रीहरूमा समय क्रमले पनि अग्रगण्य यात्री थिए भारतका मौर्य सम्राट् अशोक । उनी ई.पू. २४५ सालमा भारत र ग्रीसका ऐतिहासिक सामग्रीहरूबाट यकीन गरिए अनुसार सम्राट् चन्द्रगुप्तले उत्तर भारतमा मौर्य साम्राज्य स्थापना गरेको निश्चित मिति ई.पू. ३२१



Downloaded from http://www.dhamma.digital

साल थियो । त्यसबाट चन्द्रगुप्तको राज्यकाल २४ वर्ष र बिम्बिसारको २८ वर्ष कटाएपछि अशोकको राज्यारोहण साल (३२१-५२=) २६९ ई.पू. हुन्छ र चार वर्षपछि गरिएको उनको राज्याभिषेकको साल ई.पू. २६५ हुन्छ । त्रिपिटक अनुसार बुद्ध परिनिर्वाण भएको २१४ वर्षपछि अशोक राजा भएको र २१८ वर्षपछि उनको राज्याभिषेक गरिएको थियो । राज्याभिषेकको सत्र वर्षमा उनले पाटलिपुत्रमा तेस्रो संगायन गरेका थिए । (२६५-१७=२४८ ई.पू.) । त्यसको तीन वर्षपछि (२४८-३=) २४५ ई.पू. मा उनी लुम्बिनीमा तीर्थाटन गर्न आएका थिए । यसरी यी मितिहरू बुद्धको परिनिर्वाण ई.पू. ४८३ मा भएको थियो भन्ने श्रीलङ्काका महावंश, इन्साइक्लोपेडिया सेलोनिकाका कथन, एवं बौद्ध धर्मका मान्य आधिकारिक व्यक्तिहरू- रिस डाभिड्स् ई. जे. थोमस, राहुल सांकृत्यायन आदिको भनाइसँग बिलकुल मेल खान्छ ।) सजधजका साथ लुम्बिनीमा तीर्थाटन गर्न आए । दिव्यावदान, अशोकावदान ग्रन्थहरूबाट थाहा भए अनुसार सम्राट्ले यहाँ सबैजसो महत्त्वपूर्ण ठाउँहरूमा स्तूप बनाए, लुम्बिनी (बुद्ध जन्मेको लुम्बिनी वन अशोक यहाँ आएको बेलासम्ममा अर्थात् ३१८ वर्षपछि (२१८+१७+३=२३८; बुद्धको जीवन काल ८० वर्ष, ८०+२३८=३१८) परिणत भैसकेको बुझिन्छ ।) गाउँका जनतामा असर्फी वितरण गरे ।

अशोकले लुम्बिनीमा बुद्ध जन्मेको ठाउँनिर एउटा शिलास्तम्भ पनि स्थापना गरे जुन तेइस सय वर्ष अगाडिदेखि आजसम्म त्यस साबिक ठाउँमै खडा रहिआएको छ । त्यस स्तम्भमा उनले कुँद्न लगाएको अभिलेखको बेहोरा यस प्रकार छ:

*"देवान पियेन पिय दसिन ला जिन वीसतिषसाभिसितेन*
*अतन आगाच महीयिते हिद बुधे जाते सक्य मुनीति*
*सिला विगडीभीचाकालापित सिलाथभे च उस पापिते*
*हिदभगवंजातेतिलुंमिनि गामे उबलिके कटे अठ भागियेच"*
*"देवताहरूका प्रिय प्रियदर्शी राजाले राज्याभिषेकको बीस वर्षमा*
*यहाँ आएर पूजा गरे यहाँ बुद्ध शाक्यमुनि जन्मेका थिए*
*ढुङ्गा..........राखे ढुङ्गाको स्तम्भ पनि स्थापना गरे*
*यहाँ भगवान् जन्मेको हुनाले लुंमिनि गाउँमा कर माफी गरियो*
*आठौं भाग पनि"*

यस अभिलेखमा अङ्कित 'यहाँ बुद्ध शाक्यमुनि जन्मेका थिए.......यहाँ भगवान् जन्मे, लुंमिनि गाउँमा......" आदि शब्दहरूले नै लुम्बिनी वनमा बुद्ध जन्मेको थलो यही हो भनेर बोलिरहेका छन् । यसैले बुद्धकालीन लुम्बिनी शालोद्यान यहीं पर्दछ भनेर ठम्याउन अरु कुनै आधार चाहिएन ।

ई.४०३ सालमा चिनिया यात्री फा ह्सिन लुम्बिनीमा आए । उनको यात्रा विवरण अनुसार लुम्बिनीले आफ्नो गौरव ज्यूँत्यूँ थामिराखेको थियो तापनि यो भौतिक रूपले नष्ट प्राय: भैसकेको थियो । उनले मायादेवीले नुहाएको पोखरी शाक्य पुष्करिणी, जीर्णशीर्ण स्तूपहरू र जुन रूखमुनि बुद्ध जन्मेका थिए त्यस रूखलाई जिउँदै देखेका थिए । उनका कथनानुसार त्यो रूख पोखरीबाट बीस पाइला पर थियो । तर उनले अशोक स्तम्भबारे केही लेखेका छैनन् ।

अर्का चिनिया यात्री ह्सुएन त्साङ ई.६३५-६ सालमा लुम्बिनीमा आए । उनले केही भत्केबिग्रेका स्तूप, शाक्य पुष्करिणी, त्यसबाट चौबीस पाइलाको दूरीमा मायादेवीले समाएको रूख, अशोकीय शिलास्तम्भ, तिनकै आसपासमा बगिरहेको तेलार नदी आदि देखेको कुरा आफ्नो यात्रा विवरणमा लेखेका छन् । उनको कथनानुसार अशोक स्तम्भ बज्र परेकोले भाँचिएको थियो तथा भाँचिएका टुक्रा, टुप्पामा रहेको घोडाको मूर्ति आदि भुईंमा परिरहेका थिए ।

उपर्युक्त पोखरी पू.च. मुखर्जीले ई. १८९७-९ सालमा यहाँ खोदाइ गराउँदा फेला पारेका थिए ।

पछि पछि आएका स्वदेशी र विदेशी यात्रीहरूमध्ये पश्चिम नेपालका नाग राजा रिपु मल्लको यात्रा विशेष रूपले उल्लेख्य हुन्छ । चौधौं शताब्दीका लुम्बिनी-कपिलवस्तु क्षेत्र नाग राजाहरूकै राज्यान्तर्गत परिरहेको थियो । ई. १३१२ सालमा नाग राजा रिपु मल्ल आफ्नै राज्यको भूभागभित्र परेको यस लुम्बिनी कपिलवस्तु क्षेत्रमा तीर्थाटन गर्न आएका थिए । यसको जानकारी अशोक स्तम्भमै कुँदिएका "ॐ मणि पद्मे हुँ । श्रीरिपु मल्लश्चिरञ्जयतु १२३४" भन्ने अक्षरहरूबाट पाइन्छ ।

यसरी लुम्बिनी क्षेत्र चौधौं शताब्दीसम्म पनि प्रमुख तीर्थस्थलको रूपमा सुप्रसिद्ध थियो भन्ने तथ्य प्रमाणित हुन्छ ।

**लुम्बिनी विस्मृतिको गर्भमा**

अन्तिम नाग राजा प्रताप मल्ल नि:सन्तान भएर मरेपछि नाग राज्य ई. १३३० ताका पुरानै पाल राज्यमा गाभियो । पाल राज्य पनि ई. १३९१-३ ताका बाइसी र चौबीसी राज्यहरूमा टुक्रिंदा लुम्बिनी-कपिलवस्तु क्षेत्र तनहूँ राज्यअन्तर्गत परेको थियो । तर हाम्रो सरोकारको


Downloaded from http://www.dhamma.digital

विषय लुम्बिनी क्षेत्र किन, कसरी र कहिले उजाडियो, जमिनमुनि पुरियो, घना जङ्गलमा परिणत भयो र कालान्तरमा बुद्धको जन्मस्थल हो भन्ने कुरा समेत जनमानस पटलबाट नै बिलायो जानकारीमा आउनसकेको छैन- तत्कालीन इतिहासभित्र खोतल्न बाँकी नै छ ।

**लुम्बिनी फेला पर्नु**

ई. १८८० ताकासम्ममा युरोपतिर बुद्ध धर्मको प्रचार तीव्र गतिले बढ्दै थियो । धम्मपद जस्ता कतिपय बुद्धधर्म सम्बन्धी ग्रन्थहरूको अनुवाद धमाधम युरोपेली भाषाहरूमा हुँदै थिए । अवैज्ञानिक परम्परा, अन्धविश्वासहरू परित्याग गर्ने, मानिस मानिसको बीच शान्ति, समानता, मैत्रीभाव कायम राख्ने, हिंसा, लडाई, झै झगडा नगर्ने आदि विचारधाराको कारणले युरोपेलीहरू दनादन बुद्ध धर्मतिर आकृष्ट भए ।

यही बेला भारतीय पुरातात्विक सर्वेक्षण विभागको अन्वेषण अन्तर्गत भारतका विभिन्न ठाउँहरूमा अशोकका शिला स्तम्भहरू फेला परिरहेका थिए । अनि त्यस विभागका अधिकारी अङग्रेजहरूले बुद्धको जीवनसित सम्बद्ध लुम्बिनी, कपिलवस्तु, बुद्धगया, सारनाथ, कुशीनगर, श्रावस्ती, राजगृह, पाटलिपुत्र आदि ठाउँहरूको खोजी जोडतोडका साथ गर्न लागे । लुम्बिनी, कपिलवस्तु कसैले कहाँ, कसैले कहाँ हुनुपर्दछ भनेर अनेक अडकल काटे । तर ई. १८९५ ताकासम्म पनि कसैले निश्चित रूपले केही ठम्याउन सकेका थिएनन् ।

यसैताका नेपालमा भने वीर शमशेरले ई.१८८५ सालमा आफ्ना निःसन्तान काका प्रधानमन्त्री रणोद्दीप सिंहको निर्मम हत्या गरी आफैले श्री ३ महाराजको ओहदा ओगटेका थिए । त्यस हत्याकाण्डको षडयन्त्रमा उनलाई खड्गशमशेर र अरू भाइहरूले सघाएका थिए । उनी सधैं आफ्ना भाइहरूले विशेष गरेर, खड्गशमशेरले पनि आफूलाई बिताउलान् भन्ने आशङ्काले त्रसित रहन्थे । त्यसै कारणले उनले आफू बलियो भैसकेपछि भाइ खड्गशमशेरलाई टाढै राख्न यिनलाई ई. १८८६ सालमा पाल्पा गौंडाका तैनाथवाला नियुक्त गरी तानसेनमा पठाएका थिए । यी खड्गशमशेर राणाको इतिहास र पुरातत्त्वमा अभिरुचि थियो । यिनले ई. १९०४ सालमा लखनउबाट प्रकाशित हुने पत्र 'पाइअनियर' मा भैरहवा र तौलिहवाका केही पुरातात्विक स्थलहरूबारेका तीनवटा लेख प्रकाशित गराएका पनि थिए ।

पाल्पाका तैनाथवालाको हैसियतमा काम गर्दा हुँदा खड्गशमशेरलाई यथा समयमा रुम्मिनदेई (रुपनदेही) जङ्गलमा ढुङ्गे लाट जस्तो कुनै वस्तु जमिनमुनि परिरहेको छ भन्ने जानकारी मिल्यो । यिनी आफै गएर त्यस थलाको निरीक्षण गरे तथा त्यसको उत्खननको निमित्त व्यवस्था मिलाए । यसरी त्यो ढुङ्गे खम्बा खनेर निकाल्न यिनकै पहलकदमीमा रुम्मिनदेईको जङ्गलमा खोदाइको काम धमाधम हुन थाल्यो । उनी जङ्गलमा उत्खनन भैरहेकै थलानिर मुकाम गरी त्यस काममा रेखदेख गरिरहे । यो घटना ई.१८९६ साल नोभेम्बर महिनाको अन्त्यतिरको थियो ।

ई. १८९६ डिसेम्बर १ तारिखको दिन बिहान त्यस लाटलाई पुरिराखेको माटो अलिकति मात्र झिक्न बाँकी थियो । लाटको फेदनिरको मात्र माटो खनेर निकाल्ने काम जारी नै रह्यो । खम्बाको मुनितिर केवल तीन फिट मात्र बाँकी रहेको माटो धमाधम हटाईंदै थियो । त्यत्तिकैमा त्यस थलामा एकजना विदेशी डा. फुहरर देखापर्न आए । उनले नेपाल सरकार, काठमाडौंमा सम्पर्क राखेका थिए । फुहररले मागेको निकासा पाल्पाका तैनाथवाला खड्गशमशेरको प्रशासन इलाकाभित्र परेकोले काठमाडौंबाट उनलाई पाल्पा गएर चाहिने निकासा खड्गशमशेरसँग नै लिनू भन्ने आदेश भएको थियो । त्यसैले फुहरर तानसेन पुगेका थिए । तर त्यस बेला खड्गशमशेर तानसेनबाट आएर बुटवलको जङ्गलमा खम्बा उत्खनन गर्ने ठाउँमै मुकाम गरिरहेका थिए । त्यसैले तानसेनबाट फुहररलाई तैनाथवाला खड्गशमशेरसित भेट्ने हो भने बुटवलको जङ्गलस्थित उनकै मुकाममा जानू भन्ने जवाफ मिल्यो । तदनुसार फुहरर तानसेनबाट बाटो सोध्दै त्यस जङ्गलमा आइपुगेका थिए । फुहररको खड्गशमशेरसित भएको पहिलो भेट नै यही थियो ।

जर्मन नागरिक डा. फुहरर भारतीय पुरातत्त्व सर्वेक्षण विभाग अन्तर्गतका एक पुरातत्त्वविद् कर्मचारी थिए । आफ्ना हाकिमहरूको निर्देशनानुसार नेपालभित्र निग्लिहवासम्म आएर उनले ई १८९५ मार्चमा त्यहाँ भुईमा परिरहेका अशोक स्तम्भको अभिलेखको उतार लगेका थिए । त्यसको पाठको अर्थ ठम्याइएपछि भारतीय पु.स. विभागका अधिकारीहरूले नेपाली भूभागभित्र अरू पनि अशोक स्तम्भ खोज्ने अनुमति नेपाल सरकारबाट प्राप्त गर्न फुहररलाई नै अऱ्हाएका थिए । त्यसै सिलसिलामा उनले नेपाल सरकार, काठमाडौंसँग



Downloaded from http://www.dhamma.digital

सम्पर्क राख्दा यहाँबाट उक्त क्षेत्र खड्गशमशेरको तैनाथी इलाकाभित्र परेकोले चाहिने निकासापुकासा उनैसँग लिनू भन्ने आदेश दिइएको थियो । तदनुसार फुहरर पाल्पा, बुटवल हुँदै त्यस थलामा पुग्न सफल भएका थिए ।

यसरी फुहरर त्यस उत्खनन थलामा आइपुग्दा स्तंभको फेदबाट तीन फिट मात्र माटो खनेर झिक्न बाँकी थियो । उनले त्यस लाटमा कुँदिएको अभिलेखको फोटो खिंचे, त्यसको उतार पनि लिए । त्यस थलामा घटेको यथार्थ विवरण यही थियो ।

उक्त अभिलेखको पाठ ब्राह्मी लिपि विशेषज्ञ जर्मन Hultzsch ले ठम्याएपछि त्यो स्तम्भ सम्राट् अशोकले भगवान् बुद्ध जन्मेको ठाउँ लुम्बिनीमा स्थापना गराएका थिए भन्ने तथ्य खुल्न आयो । यो जानकारी नेपालको लागि मात्र होइन सम्पूर्ण बौद्ध जगत्कै लागि अतीव महत्त्वपूर्ण थियो ।

अर्को काम फुहररले के गरे भने उनले लगत्तै लखनउ गएर त्यो स्तम्भ आफैले पत्ता लगाएको जस्तो भान पर्ने गरी गोलमटोल भाषामा अखवारहरू छाप्न लगाए ।

उपर्युक्त घटना विवरणलाई बङ्ग्याई फुहररलाई श्रेय दिएर प्रचार गर्ने व्यक्तिहरूमध्ये एकजना त नेपालको इतिहास लेख्ने वि. लायन्डन थिए ।

तर वस्तुस्थितिको यथार्थ अध्ययन गर्ने विदेशी लेखकहरूले त्यस गलत प्रचारको जोडदार शब्दमा खण्डन गरेका छन्:-

श्रीलङ्काका टी. विजयतुङ्गेले "लुम्बिनी टु कुशीनारा" शीर्षक आफ्नो किताबमा यसो लेखेका छन्, "लायन्डनले ई. १८९५ भनेर नमिल्ने साल दिएका छन्.....यो मिति ई. १८९६ डिसेम्बर १ तारिख हुनुपर्छ.....भिन्सेन्ट स्मिथ र उनका प्रतिनिधि पूर्णचन्द्र मुखर्जीले लुम्बिनी स्तम्भको उत्खनन बिगारेको दोष फुहररमाथि लगाएका छन् । उनी त्यस थलामा पुग्दा स्तम्भ वरिपरिको माटो फेदबाट तीन फिट मात्र बाँकी रहने गरी झिकिसकिएको थियो ।"

यस सम्बन्धमा एल्.ए. वाडेलले यसो लेखेका छन्, "फुहररले पहलकदमी गरेनन्.....खोदाइसँग उनको कुनै सम्बन्ध थिएन.....ठाउँ तोकेका थिएनन् ।"

भिन्सेन्ट स्मिथको विवरणबाट के थाहा पाइन्छ भने डा. फुहरर त्यस थलामा व्यापक उत्खनन् सिद्धिसकेपछि मात्र आएका थिए, उनले अभिलेखको फोटो लिए, यो खोदाइ नेपाली अधिकारीहरूले गराएका थिए ।

यस्तै ई.जे थोमसले "द लाइफ अफ बुद्ध" शीर्षक आफ्नो पुस्तकमा डा. फुहररले ई. १८९७ सालमा सगरहवामा खोदाइको नाममा जम्मै अवशेष ध्वस्त पारेका थिए । उत्खननको कुनै रेकर्ड राखिएन । त्यहाँ उनले गरेको बदमासी भि. स्मिथले रोकिदिएका थिए । पिपरहवाको अभिलेख गलत ढङ्गले उतारेकोमा पनि फुहररलाई डा. पेप्पेले घोर भर्त्सना गरेका थिए ।

लुम्बिनी-तौलिहवा इलाकाको उत्खननमा प्राविधिक निर्देशन गर्ने श्रीमती देवला मित्रले पनि उक्त उत्खनन सम्बन्धी आफ्नो किताबमा यसो लेखेकी छिन्, "फुहरर फेरि ई. १८९७ साल डिसेम्बरमा उत्खनन कार्यमा सुपरीक्षण गर्न नेपाल दरबारबाट नियुक्त गरि एका.....कप्तान वीरजङ्गलाई सघाउन खटिए......त्यस उत्खनन कार्यको अधिकांश भाग सगरहवा भनिने ठाउँमा रहेको एउटा विशाल पोखरीको किनारमा परेको थियो । उनले उत्खननको नाउँमा त्यस खण्डहरलाई समग्र रूपले ध्वस्त पारे । त्यस विध्वंसकारी करतुतको केवल एउटा मात्र नियत पुरातात्विक सम्पदा र त्यस्तै अमूल्य वस्तुहरू सुरक्षित गर्न गाडिएका भाँडाहरू फेला पार्नु थियो, त्यहाँ भेटिएका वास्तुकला संरचनाहरू निष्ठुरतापूर्वक नष्ट पारिए.....यसरी सत्रवटा....स्तूप र प्रत्यक्षत: एउटा विशाल संरचना पूर्णत: ध्वस्त पारेर एउटा बडेमाको खाडल पारे ।"

डा. फुहररको सम्बन्धमा यथार्थ कुरो यही हो । विभिन्न लेखकहरूका उपर्युक्त विचारहरूबाट उनले कसरी जहाँतहीं जथाभावी बदमासी गरेका थिए भन्ने तथ्य छर्लङ्ग हुन्छ । यसरी हाम्रा अमूल्य अनुपम सम्पदा सधैंको लागि नष्ट पार्ने उनी नै थिए । पुरातात्त्विक उत्खननका विशेषज्ञ भएकाले उनले यी दुर्लभ पदार्थहरूको विनाश अज्ञानवश गरेका थिए होला भनेर सोच्न नै सकिन्न । नेपालको यो संस्कृति नष्ट गर्ने उनको नियत पछाडि के थियो त ? सगरहवा, निग्लिहवा आदि ठाउँहरूका ती प्राचीन अवशेषहरू त्यसरी ध्वस्त नपारिएका भए हामीहरू धेरै समय अगाडिनै प्राचीन कपिलवस्तुको अवस्थिति ठम्याउन समर्थ भैसक्थ्यौं होला । फुहररलाई 'लुम्बिनीका नायक' बनाउनुको सट्टा अवश्य पनि 'कपिलवस्तुका संहारक', 'नेपाली पुरातात्त्विक सम्पदाका विध्वंसक' को रूपमा लिनु पर्दछ र हाम्रा राष्ट्रिय क्षतिको लागि 'कसूरदार' ठहऱ्याउनु पर्दछ ।


Downloaded from http://www.dhamma.digital

तर दुःखको कुरो के छ भने बुद्धको जन्मस्थल लुम्बिनी वा यहाँको अशोक स्तम्भको चर्चा चल्नेबित्तिकै नेपाली पक्षबाट गरिएको सम्पूर्ण योगदानलाई एकातिर पन्छाई हत्तपत्त फुहररको नाउँ अघि सार्ने मनोवृत्ति हामीहरूले अझ छाड्न सकेका छैनौं । यसो हुनाको कारण ई. १८९६ साल नोभेम्बर-डिसेम्बरमा बुटवलको त्यस तत्कालीन जङ्गलमा घटेका घटनाहरूको पर्याप्त प्रचार अझसम्म हुन नसक्नु, त्यसको यथार्थ ज्ञान हाम्रा जन-साधारणमा पटक्कै नहुनु एवं आफू र आफ्नोलाई तुच्छ सम्झने र विदेशीहरूको उच्च मूल्याङ्कन गर्ने हाम्रो हीनताका भावना हुन् ।

**लुम्बिनी स्थलमा उत्खनन्**

खड्गशमशेरले ई १८९६ मा गराएको पहिलो उत्खननपछि भारतीय पु.स. विभागले नेपाल सरकारको अनुमति लिएर ई. १८९७-९ सालमा पूर्णचन्द्र मुखर्जीको नेतृत्वमा अरू केही अन्वेषण र उत्खनन गरायो । पहिले मायादेवी मन्दिर (जुन अहिले भत्काइएको छ) मा रहेका र हाल टहरामा राखिएका बुद्धजन्म-प्रतीक केही शिला मूर्तिहरू त्यसै बेला जमिनमुनि पुरिएका र यताउति छरिएका अवस्थामा पाइएका थिए । त्यसरी भेट्टिएका टुक्राहरूबारे विचार गरी ती बुद्धजन्मका प्रतीक मूर्तिहरू हुन् भनेर ठम्याउने डा. होइ (Hoey) थिए, मायादेवी मूर्तिको शिरोभाग चाहिं मुखर्जीले फेलापारेका थिए । त्यस बेला भेट्टाइएका केही स्तूप,ससाना वस्तुहरू बाहेक एउटा महत्त्वपूर्ण प्राप्ति चाहिं शाक्य पुष्करिणी थियो ।

त्यसपछि लुम्बिनीको उत्खनन ई. १९३३-४ सालमा केशरशमशेरको नेतृत्वमा भएको थियो । त्यस बेला अशोक स्तम्भको वरिपरि केही बढी स्तूपका ध्वंसावशेष, विहारका जग जस्ता चिन्हहरू पाइए । बढी महत्त्वको उपलब्धि चाहिं मायादेवी मन्दिरकै बढी अवशेषहरू नै थिए । त्यस बेला खनेर निकालिएको माटाबाट केशरशमशेरले स्तूप जस्ता दुइटा थुम्का बनाउन लगाए जुन अहिले पनि विद्यमान छन्- एउटा शाक्य पुष्करिणी (जुन हिजोआज सिद्धार्थ पोखरी भनिन्छ) को दक्षिणतिर र अर्को चाहिं अशोक स्तम्भको उत्तरतिर जसको टुप्पामा अहिले पानी ट्याङ्की राखिएको छ । यी नयाँ बनाइएका थुम्काहरूको यस थलाका प्राचीन वस्तुहरूसित कुनै सम्बन्ध छैन । यहाँ पालिसदार माटाका टुक्राहरू, सिक्का, बुट्टेदार ईंट आदि प्राचीन वस्तुहरू पाइएका थिए ।

अर्को उत्खनन् ई. १९६१-२ सालमा श्रीमती देवला मित्रको नेतृत्वमा भएको थियो । त्यस बेला पनि स्तूप, विहारहरूका बढी अवशेषहरू फेला परे, उदाङ्गिए । यसरी फेला परेका अवशेषहरू कति हराए, कति हिनामिना भए, उदाङ्गिएका अवशेषहरू कति घामपानीले अझ बिग्रिए ।

लुम्बिनीमा श्री ५ को सरकार, पुरातत्त्व विभागले आफ्नै विशेषज्ञहरूको निर्देशनमा अन्वेषण र उत्खनन गरेको ई. १९७०-१ तिर मात्र हो । केही बढी ठाउँहरू खोलिए । यसै बेलादेखि नक्सा, फोटो आदि राख्ने काम पनि भए । संरक्षण कार्य ई. १९७५-६ साल ताकादेखि थालियो । केही रेकर्ड र प्रतिवेदन यथाशक्य राखिए, उत्खनन् र अन्य गतिविधि सम्बन्धी प्रकाशनहरू प्रकाशित गरिए ।

**लुम्बिनी विकासको अरुणोदय**

लुम्बिनी विकासको अवधारणा ई. १९६७ अप्रिलमा संयुक्त राष्ट्र संघका तत्कालीन महासचिव ऊ थान्त लुम्बिनीमा तीर्थाटन गर्न आएपछि प्रारम्भ भएको देखिन्छ । उनकै पहलकदमीमा आवश्यक प्रारम्भिक संरचना र भौतिक सुविधाहरूबारे सर्वेक्षण एवं केही आधारभूत निर्माण गर्न पनि सहयोग प्राप्त भयो । यस लुम्बिनी क्षेत्रलाई एउटा अन्तर्राष्ट्रिय तीर्थस्थलको रूपमा विकसित गर्नाको लागि गुरुयोजना तयार गर्ने जिम्मेदारी प्रसिद्ध जापानी योजनाकार प्रो. केन्जो टाङ्गेलाई सुम्पियो । उता योजना तयार भैरहुन्जेल यता सर्वेक्षण, उत्खनन, संरक्षण, जग्गा अधिग्रहण, वृक्षारोपण, खानेपानी, बिजुली, हुलाक सेवा, अतिथि गृह, अस्थायी होटेल, सञ्चार र यातायातको व्यवस्था, काठमाडौं-भैरहवा हवाई सेवा, भैरहवा-लुम्बिनी सडक निर्माण र बस सेवा, पर्यटक सूचना केन्द्र आदि आधारभूत निर्माण कार्यहरू केही हदसम्म हुँदै रहे ।

लुम्बिनी विकासलाई सघाउन राष्ट्रसंघको केन्द्रीय कार्यालय, न्युयोर्कमा नेपाल लगायत तेह्रवटा राष्ट्रका प्रतिनिधिहरूको एउटा अन्तर्राष्ट्रिय समिति ई. १९७० फेब्रुअरी १६ तारेखमा गठन गरियो । त्यस समितिमा केही समयपछि अरू तीनवटा राष्ट्रका प्रतिनिधिहरू थपिए । त्यस समितिसित सम्पर्क र सामञ्जस्य राख्दै यहाँ प्रारम्भिक कार्य अघि बढाउने यहाँ पनि एउटा राष्ट्रिय समिति सरकारको तर्फबाट बनाइयो । कार्यसम्पादनको गति तीव्र पार्नाको लागि यस समितिलाई तीन वर्षपछि मन्त्रालयहरूबाट छुट्टाएर अलग्गै स्वतन्त्र रूपले काम गर्ने अधिकार प्रदान गरियो । ई. १९८५ मा उक्त समिति विघटन गरियो र लुम्बिनी विकास कोषको



Downloaded from http://www.dhamma.digital

गठन गरियो, जसले आजसम्म कार्य सञ्चालन गर्दै आएको छ । तर यसका सदस्यहरू बराबर हेरफेर गरिन्छन् ।

ई. १९७८ मा टोकियोमा बसेको अन्तर्राष्ट्रिय समितिको बैठकले टांगेको गुरुयोजनालाई औपचारिक स्वीकृति दियो । त्यस अनुसार तीन माइल लमाई र एक माइल चौडाइ भएको लुम्बिनी क्षेत्र एक एक वर्गमाइलको तीनवटा खण्ड-लुम्बिनी ग्राम, संघाराम र पवित्र उद्यानमा विभाजित गरिएको छ । यी खण्डहरूमा, विशेष गरेर अर्चनालय सहितको संघाराम र पवित्र उद्यानमा बुद्धका अमर सन्देश अनुरूप विश्वव्यापी शान्ति मैत्रीका भावना जगाउने खालका हरियाली र पर्यावरण कायम राख्ने व्यवस्था गरिनेछ ।

(१) **लुम्बिनी ग्रामः-** लुम्बिनी योजना क्षेत्रको उत्तरी खण्डमा अवस्थित यो लुम्बिनी ग्राम बाहिरिया संसारसित सम्पर्क राख्ने ढोकाको रूपमा रहने छ । यहाँ यात्रीहरूका आवासहरू, होटेलहरू आदि रहन्छन् र उनीहरूले आ-आफ्ना क्षमतानुसार आवासीय एवं अन्य सुविधाहरू उपभोग गर्न सक्छन् ।

(२) **संघारामः-** यहाँ यात्री र श्रद्धालु भक्तजनहरूले आ-आफ्ना रुचि अनुसारका पूजा, प्रार्थना गर्ने अर्चनालय र विश्राम स्थलहरू हुनेछन् ।

योजना क्षेत्रको बीचमा अवस्थित यस खण्डमा विभिन्न देश, संघ-संस्था र सम्प्रदायहरूले आ-आफ्ना विशिष्ट शैली र परम्पराअनुसार गुम्बा, चैत्य, स्तूप आदि निर्माण गर्न एकचालीसवटा थला छुट्टाइएका छन् । यी बाहेक, पुस्तकालय, म्यूजियम, सभाकक्ष, अध्ययन-अन्वेषण केन्द्र आदि पनि यसै खण्डमा रहनेछन् ।

(३) **पवित्र उद्यानः-** योजना क्षेत्रको दक्षिणमा अवस्थित यो गोलाकार खण्ड लुम्बिनी क्षेत्रको मुटु जस्तै हुनेछ । बुद्धको जन्मस्थल, मायादेवी मन्दिर, अशोक स्तम्भ, सिद्धार्थ पोखरीहरू यसै खण्डमा छन् ।

यो ठाउँ शान्त, एकान्त, स्वस्थ र सुन्दर पर्यावरणले बौद्ध चिन्तनको निमित्त विशेष रूपले उपयुक्त हुनेछ ।

यहाँनिर गुरुयोजनाको सम्वन्धमा संक्षेपमा उल्लेख्य कुरो के छ भने यसको कार्यान्वयन ई. १९८२ सालमै पूर्णतः सम्पन्न हुनुपर्ने थियो, तर यो ई १९९२ सालमा पनि सम्पन्न नभएको मात्र होइन ई. २००२ सालमा पनि सम्पन्न हुने लक्षण देखा पर्दैन । श्रीलंङ्का, भारत, रेयुकाइ, जर्मनी, जापान आदि मित्र राष्ट्रले बनाइदिएका आवास गृह, म्युजियम, पुस्तकालय, अनुसन्धान केन्द्र, पुल, अखण्ड दीप, जलमार्ग आदि केही-केही निर्माण मात्र सिद्धिएका छन् । जापान, म्यानमार, दक्षिण कोरिया, भिएतनाम आदि केही देशहरूले आ-आफ्ना ठाउँमा निर्माणहरू धमाधम गर्दैछन् ।

हाम्रो देशले निर्माण गर्ने भागमा अनगारिकाराम एउटालाई छाडेर अरू निर्माणहरूको सुरुआत हुन सकेको छैन । पवित्र उद्यान खण्डमा शौचालयको नितान्त अभाव छ, सम्पूर्ण क्षेत्रको लागि ढल निकासको कुनै व्यवस्था भएको छैन, बर्षा ऋतुमा आकाशबाट परेको पानी हप्तौंसम्म एकदुई फिट जमिरहेको हुन्छ । भत्काइएको मायादेवी मन्दिरको पुनर्निमाण कहाँ र कसरी गर्ने भन्ने प्रश्नको टुङ्गो लागेको छैन । बुद्ध जन्मस्थलमा सम्राट् अशोकले चिन्ह स्वरूप राखेको सर्वाधिक महत्त्वको ढुङ्गो पनि अहिलेसम्म झण्डै उदाङ्गिएकै छ ।

निर्माण कार्यमा जुटिरहेका विदेशी अतिथिहरू आवश्यक निकासा-पुकासा लिने, निर्माण सामग्रीहरू भन्सारबाट छुटाउने आदि काममा सरकारी कर्मचारीहरूबाट पाइने हैरानीको सिकायत गर्छन् । सुरक्षाको प्रश्न त अहिले झन् उग्र रूपमा उपस्थित भएको छ ।

**बुद्ध-जन्मस्थल-प्रतीक शिला**

श्री ५ को सरकार पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष र जापानी बौद्ध फेडरेशनका विशेषज्ञहरूले ई. १९९३-९५ सालको अवधिभित्र मायादेवी मन्दिर भत्काएर बुद्धको जन्मस्थल भेट्टाउने उद्देश्यले गरिएको उत्खननको क्रममा मौर्य कालीन ठूलठूला ईट, काला र खैरा पालिसदार ईंटका टुक्रा, चाँदीका प्वाल परेका सिक्का, गोल आदि वस्तुहरू एवं दुइटा ससाना खोपामा एउटा एउटा राखिएका दुइटा स-साना ढुङ्गाको साथै सात तह ईंटले उठाइएको आयताकार पेटीमाथि अतीव महत्त्वपूर्ण तरिकाले राखिएको एउटा एकडेढ इन्च जति बाक्लो चेप्टो ढुङ्गा भेटिएको छ जुन बुद्ध जन्मेको ठाउँ यही हो भनेर चिन्हाउन नै स्थापित गरिएको बुझिन्छ । यस थलाको यस्तो स्थितिबारे सुनेर निरीक्षण गर्न आएका अन्तर्राष्ट्रिय ख्याति प्राप्त भारत, पाकिस्तान, श्रीलंङ्काका पुरातत्त्वविद्‌हरूले पनि त्यस ढुङ्गालाई बुद्धको जन्मस्थल सूचक चिन्हको रूपमा मानेका छन् । यस्ता यस्ता भरपर्दा प्रमाणहरूको आधारमा गत साल ई १९९६ फरवरी ४ तारिखका दिन श्री ५ को सरकारको तर्फबाट बुद्धको जन्मस्थल नै भेटिएको घोषणा खुद तत्कालीन प्रधानमन्त्रीबाट नै गरिएको थियो पनि ।

यसरी ईंटले बनाइएको आयताकार पेटीमाथि विशिष्ट प्रकारले एउटा चेप्टो ढुङ्गो राखेर त्यस पेटीको



Downloaded from http://www.dhamma.digital

वरिपरि भित्ताले घेरिदिएको स्थितिले नगिचै ठडिरहेको अशोक स्तम्भ अभिलेखमा परेका तर खुलस्त रूपले अहिलेसम्म अर्थ्याउन नसकिएका "....सिलाविगडभीचा कालापित" भनिने शब्दहरूबाट निस्किने अर्थतिर सङ्केत गर्दछ ।

शिलाको अर्थ त 'ढुङ्गा' नै भयो, 'अवि' को अर्थ 'गाऱ्हो, परखाल भित्ता', 'गड' को अर्थ 'पर्दा का परिवेश' (वामन शिवराम आप्टे-संस्कृत-हिन्दी कोष) र 'भीचा' को अर्थ जे. एस. फ्लिटले भने जस्तै 'भीतिका' (=भित्ता) सम्झेमा जम्मै शब्द 'सिलाविगडभीचा कालापित'-बाट (पेटी-माथिको) ढुङ्गाको वरिपरि भित्ता (वा परखाल, बार) ले घेरियो' भन्ने आशय झल्कन्छ । जे होस् उपर्युक्त ढुङ्गा 'सिलाविगडभीचा' को अर्थ सुल्झाउन एकदम सहायक सिद्ध भएको छ ।

यसरी जमिनमुनि विशिष्ट रूपले संरक्षित सारगर्भित यस ढुङ्गाबाट ई.पू. ५६३ साल वैशाख पूर्णिमाको दिन मध्यान्हको बेला कपिलवस्तुकी रानी मायादेवीको गर्भबाट लुम्बिनी शालोद्यानमा बुद्ध जन्मेको थलो यही हो भनेर अशोक स्तम्भले औंल्याइरहेको सूचना र त्यसमा कुँदिएको अभिलेखले बताइरहेको तथ्यमा अर्को एउटा अचूक सबुद पनि थपिन आएको छ । ■




On the Auspicious Occasion

of

**2542 Vaisakh Purnima**

We Extend Our Hearty Felicitation

To all of you!

**Lumbini Finance & Leasing Co. Ltd.**

Tridevi Marg, Thamel
P.O. Box 11503, Kathmandu
Tel: 423443, 423445
Fax: 977-1-425655


## "बुद्ध पूर्णिमा"

✍ सुनिता बज्राचार्य

मनाउ स्मरणीय बुद्ध पूर्णिमा
शुद्ध रुप र साँचो अर्थ लिई,
त्यागी राग, द्वेष र मोहलाई,
अनित्य छ है भनि बोध गरेर ।

भीडमा गएर होइन, आफ्नै मन भित्र हेरेर
अझ सकिन्छ भने पंच शील, अष्ट शील, पालन गरेर,
ध्यान भावना गरेर, प्रज्ञा जगाएर,
अनित्य छ है भनि बोध गरेर ।

भगवान शास्ताले बोधि ज्ञान पाए है
यहि मार्ग अपनाएर,
उनी महान थिए, अनि करूणामय पनि
त्यसैले त प्राणीको हितको लागि,
छोडेर गए, अमूल्य शिक्षा छ है भनि ।

जो भगवानले देखाउनु भएको,
मार्गमा आफ् स्वयम् हिंड्छ,
पाउँछ सधैं बुद्ध, धर्म र संघको शरण,
खोज्छ है आफैं भित्र सत्य छ भनेर ।

त्यसैले मनाउ बुद्ध पूर्णिमा शुद्ध रुपले,
भगवान शास्ताको जन्म दिन भनेर,
त्यहि दिन पाए बोधि ज्ञान भनेर,
नबिंसौं त्यसै दिन सबै अनित्य छ भनि,
परिनिर्वाण प्राप्ती भएको भनेर ।

## बैशाख पूर्णीमा

*अनुवादकः सुगतसेवक*

सुन्दर मूर्ति श्री प्रभु भगवान दर्शन गर्न हामी जाउं ।
आनन्द दाता जगतका शास्ता, पूजा गर्न हामी जाउं ॥धु॥

आजको दिवस बैशाख पूर्णी, बुद्धको उत्सव यो भयो हेर ।
आनन्द नाद भक्तजनले गरे, बुद्धको नाम स्मरण आज ॥१॥

देश देशका सज्जनहरुले, उत्सव गरेको यो दिनमा ।
आनन्द दिन आज अमूल्य, भगवानको जन्म दिनमा ॥२॥

बोधिबृक्षको मूलमा बसी, बुद्धत्व गरेको दिन ।
निर्वाण पद पनि आजै पाएको, त्रि-संयोगको उत्तम दिन ॥३॥

भो मित्रजन के हेरी बस्यौं, आजको दिनको अवसरमा ।
हामीले पनि लेउ अष्टशीलादि, बुद्धो पासक हुन जाउं ॥४॥

[ नोटः नेपाल भाषामा यो गीत ज्ञानमालाको ६८ पेजमा छ । रचनाकारः भिक्षु सुबोधानन्द ]



Downloaded from http://www.dhamma.digital

# भिक्षु र गृहस्थ

✍ डा. अम्बेडकर
*अनुवादक:* **ललितरत्न शाक्य**

### १. भिक्षाको बन्धन

१. भिक्षु संघ एउटा संगठित संस्था थियो र संघको ढोका सबैका लागि खुल्ला थिएन ।
२. प्रव्रजित भएर मात्र पनि संघको सदस्य बन्न सकिन्नथ्यो ।
३. 'उपसम्पदा' प्राप्त गरेपछि मात्र संघको सदस्य बन्न सकिन्थ्यो ।
४. संघ एउटा स्वाधीन संस्था थियो र स्वयं संस्थापक भन्दा पनि स्वाधीन थियो ।
५. यो स्वतन्त्र थियो र यसले चाहेको व्यक्तिलाई आफ्नो सदस्य बनाउन सक्तथ्यो । विनय विरूद्ध जाने सदस्यको सदस्यता खोसिन पनि सक्तथ्यो ।
६. भिक्षा मात्र त्यस्तो डोरी थियो जसले भिक्षु र गृहस्थलाई एक आपसमा बाँधिराखेको थियो ।
७. भिक्षु भिक्षामा जीविका चलाउँथे, गृहस्थले भिक्षुहरूलाई भिक्षा दिन्थे ।
८. गृहस्थहरू संगठित थिएनन् ।
९. संघ एउटा दीक्षा थियो, त्यसको मतलब हो कसैलाई पनि भिक्षुसंघमा दीक्षित गर्नु ।[1]
१०. संघ-दीक्षाद्वारा मानिसहरू 'संघ' तथा 'धर्म' दुबैमा दीक्षित हुन जान्थे
११. तर त्यस्ता मानिसहरूका लागि, जो प्रव्रजित भएर संघको दीक्षा त चाहदैनथे, केवल 'धर्म दीक्षा' चाहन्थे; कुनै छुट्टै 'धर्म दीक्षा' थिएन ।
१२. यो एउटा ठूलो र गम्भीर आवश्यकता हुन गयो । यो कुनैबेला ती कारणहरूमध्ये एउटा थियो, जुन कारण अन्तमा गएर भारतबाट बौद्ध धर्म लुप्त हुन गयो ।
१३. यस्तै पृथक् धर्मदीक्षा नभएको कारण गृहस्थहरू एउटा धर्मबाट अर्को धर्ममा अल्मलिन सक्थे र त्यसभन्दा पनि नराम्रो कुरा यो थियो कि बौद्ध धर्म अपनाइरहेको बेला अर्कै धर्म पनि अपनाउन सक्थे ।

-- ० --

### २. पारस्परिक प्रभाव

१. तर भिक्षाको बन्धन पनि यस्तो थियो जसबाट "भिक्षुहरूले" "पथभ्रष्ट गृहस्थहरूलाई" फेरि ठीक बाटोमा ल्याउन सक्थे ।
२. यसबारे अंगुत्तर निकायमा वर्णित नियमप्रति ध्यान दिनु योग्य छ ।
३. यी प्रतिबन्धहरू बाहेक कुनै पनि गृहस्थले कुनै पनि भिक्षुको सदोष आचरणको गुनासो अनय भिक्षुहरू समक्ष गर्न सक्ने सामान्य अधिकार थियो ।
४. भगवान् बुद्धले यस्तो गुनासो सुन्नुपर्दा, उहाँबाट त्यस्तो गुनासो ठीक वा बेठीक के हो जँचाउने गर्नुहुन्थ्यो र कुरा साँचो ठहरेमा भविष्यका निमित्त त्यस्तो दोष संघको नियमहरू विरूद्ध गरिएको 'अपराध' सम्झिने गरी विनयका नियमहरूमा परिवर्तन गरिदिनुभएको थियो ।
५. सारा विनय-पिटक गृहस्थहरूद्वारा गरिएका प्रतिकृयाहरूकै परिमार्जित परिणाम हो ।
६. भिक्षु र गृहस्थमा यस्तै नै पारस्परिक सम्बन्ध थियो ।

-- ० --

### ३. भिक्षु र उपासकको धर्म

१. केही आलोचकहरूका भनाइ अनुसार 'बौद्ध धर्म कुनै धर्म (मजहव) नै होइन ।'
२. यस्तो आलोचनाप्रति ध्यान दिइरहनु आवश्यक छैन । प्रत्युत्तरमा यति भन्न सकिन्छ- 'बौद्ध धर्म नै यथार्थ धर्म हो र यो कुरा स्वीकृत नगर्नेले मजहव सम्बन्धी आफ्नो परिभाषा बदल्नु पर्दछ ।'
३. अन्य आलोचकहरू यति परसम्म सोच्तैनन् । तिनीहरू यति मात्र भन्दछन्- एउटा धर्मको रूपमा बौद्ध धर्म केवल भिक्षुहरूको धर्म हो । सर्वसाधारणसँग यस धर्मको कुनै पनि सम्बन्ध छैन । जनसाधारणलाई यस धर्मले आफ्नो परिधिदेखि बाहिर नै राखेको छ ।
४. भगवान् बुद्धका प्रवचनहरूमा 'भिक्षु' शब्द बारम्बार आइरहनाले, यसबाट झनै आलोचनाको समर्थन हुन गएको देखिन्छ ।
५. यसकारण, यस विषयलाई स्पष्ट पार्न आवश्यक छ ।
६. के भिक्षु र गृहस्थको धर्म एउटै हो ? अथवा 'धर्ममा' एउटा यस्तो पनि प्रावधान छ जुन भिक्षुहरूका लागि मात्र हुन्छ र गृहस्थहरूका लागि हुँदैन ।



Downloaded from http://www.dhamma.digital

७. किनभने प्रायजसो सम्बोधन भिक्षुहरूलाई मात्र गरिएका थिए । यसबाट सारा प्रवचन भिक्षुहरूका लागि मात्र गरिएको थियो भन्ने अनुमान गर्नु गलत हुन जान्छ । बुद्धको उपदेश दुबै पक्षका निमित्त लागू हुन्थ्यो ।

८. जब भगवान् बुद्धले पञ्चशील, अष्टाङ्गिक मार्ग तथा दश पारमिताहरूको उपदेश दिइरहनुभएको थियो, त्यसबेला उहाँको नजर गृहस्थहरूतिर नै लागेको हुनुपर्दछ । यो कुरा यति स्पष्ट छ कि साँच्चै भन्ने हो भने यसमा तर्क गरिरहनु पर्ने आवश्यकता नै पर्दैन ।

९. जसले घरबार नत्यागिकन क्रियाशील गृहस्थ जीवन व्यतीत गर्दछ, तिनीहरूकै लागि पञ्चशील, अष्टाङ्गिक मार्ग तथा दश पारमिताहरू आवश्यक पर्दछ । भिक्षुले गृह त्याग गरेको हुन्छ, त्यसको अपेक्षा गृहस्थले नै (जसले क्रियाशील जीवन व्यतीत गर्दछ) शील भंग गर्ने बढी सम्भावना हुन्छ ।

१०. यसकारण भगवान् बुद्धले जब धर्म प्रचार शुरू गर्नुभएथ्यो त्यो विशेष रूपले गृहस्थहरूका लागि नै थिए होला ।

११. केवल अनुमान प्रमाणमा मात्र भर पर्नु ठीक होइन । यस आलोचनाको खण्डन गर्ने प्रत्यक्ष प्रमाणहरू पनि छन् ।

१२. निम्नलिखित प्रवचनहरू प्रशंगवश उल्लेख गर्न सकिन्छ ।

१३. एकदिन भगवान् बुद्ध श्रावस्तीमा अनाथपिण्डिकको जेतवनाराममा बसिराख्नु भएको थियो । त्यसैबेला पाँचसय उपासकहरू सहित धम्मिक उपासक त्यहाँ आइपुगे र तथागतलाई अभिवादन गरेर एकातिर बसे ।[२] त्यसपछि धम्मिकले तथागतसँग यसरी प्रश्न गरे-

१४. "भगवान् ! भिक्षुहरू घरवारविहीन हुन्छन् तर उपासकहरू हुँदैनन्, ती दुबैका निमित्त योग्य शीलहरू के के हुन् ?"

१५. "भगवान् ! उपासकहरू सहित उपस्थित भिक्षुहरूलाई शीलबारे जानकारी गराइदिने कृपा गर्नुहोस् ।"

१६. तथागतले भन्नुभयो, "भिक्षु हो ! ध्यान दिएर सुन । मैले भनेका नियमहरू पालन गर ।"

१७. "मध्यानपछि पिण्डपात (भिक्षाटन) को लागि नजाओ । कुबेला भिक्षाटन गर्नेहरू झन्झटमा फँस्दछन् ।"

१८. "भिक्षाटन भन्दा पहिले मनलाई रूप, ध्वनि, गन्ध, रस तथा स्पर्शको आशक्तिबाट मुक्त पार ।"

१९. "भिक्षाटनपछि एकलै फर्क र एकान्तमा बसी स्थिर र भ्रान्तिरहित मनले विचार गर ।"

२०. "सज्जनहरूसँग कुराकानी गर्दा धर्मकै विषयमा गर ।"

२१. "भिक्षा, विहार, शयनासन, पानी र सफाइ धुलाइलाई साधनभन्दा बढी महत्व नदेओ ।"

२२. "दागरहित कमलको पातझैं- जसमा पानीको थोपा अड्न सक्तैन, त्यसरी नै भिक्षुहरूले यी सबैबाट अनासक्त भएर आचरण गरे भने, तिनीहरू पनि त्यसरी नै दागरहित भएर बस्न सक्छन् ।"

२३. "अब म गृहस्थहरूको 'शीलको' कुरा गर्छु ।"

२४. "प्राणी-हत्या नगर, प्राणदण्ड नदेऊ, न त हत्या गर्ने कुराको समर्थन नै गर । सबल वा दुर्वल-जस्तोसुकै प्राणी होस्, हिंसाचार नगर । सबै प्राणीसँग प्रेम गर ।"

२५. "कुनै पनि गृहस्थले जानी बुझिकन चोरी गर्नु हुँदैन, न त गराउनु नै हुन्छ । अरूले जे दिन्छ त्यही मात्र ग्रहण गर्नु पर्दछ ।"

२६. "व्यभिचारलाई आगोको भुमरी झैं ठानेर त्याग्नुपर्छ, असंयमी भएर परस्त्री गमन नगर ।"

२७. "चाहे सभामा होस्, चाहे अदालतमा असत्यलाई प्रोत्साहित पार्नुहुँदैन, असत्यलाई त्यागिदिनु पर्छ ।"

२८. "यी नियमहरू पालन गर: रक्सी न पिउनु र रक्सी कसैलाई पनि पिलाउनु हुँदैन र रक्सी पिउने कुरामा समर्थन नगर्नू । रक्सीले मानिसलाई कसरी पागल बनाउँछ भन्ने कुरा जानिराख्नु पर्छ ।"

२९. "मूर्ख मानिसहरू नशाको अवस्थामा पाप गर्दछन् र अरूलाई पनि पापमा प्रवृत्त गराउँछन् । त्यसैले यस पागल बनाइदिने व्यसनदेखि टाढा रहनु पर्दछ- यो त मूर्खहरूको स्वर्ग हो ।"

३०. "प्राणी हिंसा नगर्ने, चोरी नगर्ने, झूठो नबोल्ने, नशिलो पदार्थदेखि अलग भएर बस्ने, र व्यभिचार देखि टाढा नै हुनु पर्छ ।"

३१. "हप्तैपिच्छे उपसोथ व्रत ग्रहण गर्ने र ती दिनहरूमा पवित्र हृदयले अष्टशील पालन गर्ने ।"

३२. "प्रात: कालको समयमा पवित्र श्रद्धायुक्त मनले



Downloaded from http://www.dhamma.digital

(आठ) शीलहरू ग्रहण गर्ने । बुद्धिमन्त व्यवहार गर्ने । भिक्षुहरूलाई यथा सामर्थ्य भोजन तथा पेय पदार्थ दान गर्ने ।"

३३. "माता पिताको राम्रो सेवा गर्ने । जीविकाको असल साधन अपनाउने ।"

३४. "यसरी दृढतापूर्वक धर्म-पालन गर्ने गृहस्थलाई दिव्य-लोक प्राप्त हुन्छ ।"

३५. "यसबाट भिक्षु र गृहस्थको धर्म एउटै थियो भन्ने कुरा स्पष्ट देखिन्छ ।"

३६. "तर यसमा केही फरक कुराहरू पनि अवश्य छन् ।"

३७. "भिक्षुका लागि पाँचवटा व्रतहरू अनिवार्य हुन्छन् ।"

३८. "भिक्षुले प्राणी-हिंसबाट अलग भएर बस्ने व्रत लिनु पर्दछ ।"

३९. "अदिन्नादान अर्थात जे चीज दिइएको हुँदैन त्यसलाई नलिने व्रत लिनु पर्दछ ।"

४०. "कहिल्यै पनि भूठो नबोल्ने व्रत लिनु पर्दछ ।"

४१. "कुनै पनि स्त्रीसंग काम-संसर्ग नगर्ने व्रत लिनु पर्दछ ।"

४२. "कहिल्यै पनि र कुनै पनि नशिलो पदार्थ ग्रहण नगर्ने व्रत लिनु पर्दछ ।"

४३. "त्यसो त यी सबै नियमहरू गृहस्थमाथि पनि लागू हुन्छन् ।"

४४. फरक यति मात्र छ कि भिक्षुका लागि तिनीहरू अनुल्लंघनीय व्रत हुन जान्छन् तर गृहस्थका लागि स्वेच्छाले ग्रहण गरिने शील मात्र हुन्छन् ।

४५. दुइटा अरू पनि ध्यान दिन लायक भेदहरू छन् ।

४६. भिक्षुले निजी सम्पत्ति राख्न पाउँदैन, गृहस्थले राख्न पाउँछ ।

४७. भिक्षु 'परिनिर्वाणमा' प्रवेश पाउन स्वतन्त्र हुन्छ । गृहस्थका लागि निर्वाण पर्याप्त हुन्छ ।

४८. भिक्षु र गृहस्थहरूका लागि यी नै समानता र असमानताहरू छन् ।

४९. तर 'धर्म' दुबैका लागि एउटै हुन् ।

-- o --

१. त्रि-शरण तथा पञ्चशील ग्रहण गर्नु गृहस्थहरूको धर्म दीक्षा नै हो ।

२. हेर्नुस् धम्मिक सुत्त (संयुक्त निकाय) ।

३. यो निर्वाण र परिनिर्वाणको भेद-चिन्त्य हो- हि.अनु । ■


On the Occasion of Buddha Jayanti 2542

With Best Compliments from

HOTEL CLARION

Man Bhawan, Jawalakhel
P.O. Box: 676, Kathmandu, Nepal
Tel : 524512, 521476, Fax : 977-1-521468, 224464
e-mail: clarion@wlink.com.np







Downloaded from http://www.dhamma.digital

# "वर्तमान परिप्रेक्षमा युवा बौद्धहरूको भूमिका"

*प्रस्तुतकर्ता:* **शंकर गुरुङ्ग, पोखरा-९**

**१) प्रस्तावना**

"वर्तमान परिप्रेक्षमा युवा बौद्धहरूको भूमिका" एउटा अत्यन्त व्यापक र गहन विषय हो । संसार भरिका युवा बौद्धहरू पनि यस शीर्षक भित्र अटन सक्छ । तर मेरो क्षमता र दक्षताले यति विस्तारमा जान नसक्ने हुँदा आफै नै गाउँ टोलमा यो कार्यपत्रलाई सीमित गरेको छु ।

**२) कार्यपत्रको उद्देश्य**

नेपालका विभिन्न गाउँटोल र शहरमा छरिएर रहेका युवा बौद्धहरूलाई संगठित बनाई बुद्ध धर्मको विकासमा सकृय सहभागी गरिने विचार सम्बन्धी छलफल गर्नु यो कार्यपत्रको मुख्य उद्देश्य हो ।

**३) युवा बौद्धहरूको सकृयता**

हिमाली भेगका थकाली, शेर्पा, पहाडी गाउँका गुरुङ्ग, तामाङ्ग आदि जातिका युवाहरू र बसाई सराई बाट तराई क्षेत्र झरेका केहि परिवारका ती युवाहरू सांस्कृतिक कार्यक्रमबाट अर्थ संकलन गरि गोरेटो बाटो बनाउने, खानेपानी व्यवस्थाको लागि पाइप ओछ्याउने, गोम्बा निर्माण गर्ने जस्ता कार्यहरू गरेका पाइन्छन् । काठमाडौंको युवा बौद्ध समूह, ललितपुरको युवा बौद्ध मण्डल त्यसै गरी पाल्पा, बुटवलका युवा बौद्धहरूको कार्यक्रम बौद्ध गतिविधिका समाचारहरूमा पढदा केहि कार्यक्रमहरू गर्दै आएको थाहा हुन्छ । पोखरामा "युवा बौद्ध संघ, धर्मशीला बुद्ध विहार" ले २०५२ साल देखि सक्रिय रुपमा आफ्नो कार्यक्रमहरू गर्दै आएको छ । बौद्ध हाजिरी जवाफ प्रतियोगिता, आँखा उपचार शिविर, रक्तदान, कपडाको फुल बनाउने प्रशिक्षण, लिडरसीप तालीम र हालसालै बौद्ध प्रशिक्षण कक्षा संचालन जस्ता उदाहरणीय कार्य गरेको छ । धर्मोदय सभाले आयोजना गरेको राष्ट्रिय बौद्ध सम्मेलनहरुमा युवा बौद्धहरूले सक्रिय भूमिका निभाउँदै आएको छ । पांचौ राष्ट्रिय बौद्ध सम्मेलन पोखरामा हुँदा यहाँका युवा बौद्धहरूले ठूलो सहयोग गरेका थिए । बौद्ध पर्वहरुमा युवाहरूका सक्रिय संलग्नता रहेको छ ।

**४) संगठन**

बुद्ध धर्मले नेपालका सत्ताधारीहरुबाट कहिल्यै सहयोग र सदभाव पाएन । भिक्षुहरूलाई जेल सजायं दिएको, देश निकाला गरेको यहाँको इतिहास छ । बौद्ध संघ संस्था दर्ता गर्न दिइएन । पंचायती कालमा कतै बौद्ध संस्था दर्ता भई हालेता पनि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद अन्तर्गतका हिन्दू धर्म समन्वय समिति भित्र रहनु पर्ने बाध्यता गराइयो । प्रजातन्त्रको पुनर्बहाली पछि बनेको नेपालको संविधानले पनि पंचायती संविधानले झैं नेपाललाई हिन्दू अधिराज्य घोषणा गऱ्यो । नेपालमा जन्मेको बुद्ध धर्मलाई दोश्रो दर्जामा राखियो यहाँ बुद्ध धर्मलाई हिन्दू धर्मको शाखा भनियो, भगवान गौतम बुद्ध जन्मेको नेपालमा होइन भन्न पनि देश भित्र र बाहिरका हिन्दूहरूले बांकी राखेनन् । पटक पटक हुने गरेको यस्तो बाह्य अतिक्रमणको बेलामा नेपालमा युवा शक्तिको खाँचो टडकारो रुपमा देखिन्छ । त्यसैले सबैतहका युवा बौद्धहरू अटाउन सक्ने विधान तयार गरि जिल्लाका हरेक जाति, टोल, गाउं, गुम्बा विहारलाई समेटेर बौद्ध धर्मावलम्बी युवाहरूको स्थानिय स्तर, जिल्ला स्तर र केन्द्रीय स्तरका संघ गठन गर्न अति आवश्यक छ । यो संगठन गर्ने कार्य पोखरा, काठमाडौं, ललितपुर, पाल्पा, बुटवलका युवाहरूले जिम्मा लिनु पर्छ ।

**५) युवा बौद्ध संघ र विहार तथा गोम्बाको सम्वन्ध**

विहार तथा गुम्बा, युवा बौद्धहरुको श्रद्धा र स्रोतको रुपमा रहनेछ । युवकहरूले गर्न चाहेको कार्यक्रमहरूलाई यी संस्थाहरुले आफूसंग भएको भौतिक सुविधा उपलव्ध गराउने सहभागी जुटाइदिने, आवश्यक परेमा आर्थिक सहयोग जुटाउन सक्दो प्रयास गर्नको साथै आवश्यक सल्लाह दिनेछ । विहार तथा गुम्बाहरूले आयोजना गरेको कार्यक्रममा युवा बौद्धहरुले आवश्यक जनशक्ति जुटाइ सहयोग गर्नेछ ।

**६) युवा बौद्ध संघ र सामाजिक सेवा**

धर्मको विकास गर्नु छ भने सेवाको क्षेत्र पनि विस्तार गर्नुपर्छ । अभावले ग्रस्त नेपालको हिमाली तथा पहाडी भेकका गाउंहरू र तराइका देहातहरूमा वसोबास गर्ने गरीव जनताहरुलाई उनीहरुको आवश्यकता अनुसार सेवा पुऱ्याउन सके हामीले गरेको सेवा धर्ममा परिवर्तन हुन्छ । त्यसैले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूसंग सम्पर्क गरि युवा बौद्ध संघले ती विकट ठाउंहरूमा आफ्नो सेवाको विस्तार गर्नु पर्छ ।



Downloaded from http://www.dhamma.digital

### ७) निष्कर्ष


संसारमा महङ्गो बुद्ध मूर्ति स्तुप विहार तथा गुम्बाहरूको निर्माण भैरहेका छन् । बौद्धहरूका लागि यी सकारात्मक पक्ष होलान तर यसको अनुपातमा ज्ञानको विकास कति भएका छन् यसको लेखाजोखा गर्नु आज प्रत्येक बौद्धहरूको कर्तव्य भएको छ । बुद्ध धर्ममा बैरभाव शब्दको स्थान छैन, बौद्धहरू कुनै धर्म र सम्प्रदायको विरोध गर्दैनन् । सदा शान्तिको पक्षमा रहन्छन् । यो हाम्रो इतिहास हो । तर बुद्ध धर्मप्रति हुने गरेको अतिक्रमण आखिर कतिसम्म सहन होला ? यो पनि छलफलको विषय हो । बुद्धको जन्मस्थल लुम्बिनीमा जापानी भिक्षु युनाताका नावातामेको हत्या भयो । नेपालका बौद्धहरू श्रद्धान्जली सभा र विरोध जुलुसमा मात्र सीमिति रहे । विश्वका बौद्धहरूले यस घटनालाई कस्तो रुपमा हेरे हामीलाई थाहा भएन । आजको यो परिप्रेक्ष्यमा युवा बौद्धहरू सचेत कृयाशील र संगठित भै बुद्ध धर्मको विकासमा एकजुट हुनु आवश्यक छ । बौद्धहरू युवा बौद्धहरूप्रति बढी आशावादी छन् ।

■

२५४२ क्वःगु स्वांयापुन्हीया लसताय् भिन्तुना !

**Reliable Durable Economical**
**&**
**Almost Maintenance Free**

**Anodized Aluminium Alloy Doors, Windows, Shop-Fronts**
**Partitions & Curtain Walls**



*For Your Requirements*

**N-TECH** PVT. LTD.

Chhetrapati (Opposite Nepal Bank Ltd.), Kathmandu
Tel: 228639 (Off.) Fax : 00977-1-254677



*On the Auspicious Occasion of*

***2542 Vaisakh Purnima***

*We Extend Our Hearty Felicitation To all of you!*

HOTEL MARSHYANGDI (P.) LTD. PAKNAJOL THAMEL KATHMANDU NEPAL

**HOTEL MARSHYANGDI**

PAKNAJOL, THAMEL
P.O. BOX 13321, 5206, KATHMANDU, NEPAL
TEL: 414105, 412129 • FAX: 977-1-410008
CABLE: **MARSHYANGDI**
e-mail: htlgold@mos.com.np
Internet: http://www.nepal-connect.com/marshyangdi



Downloaded from http://www.dhamma.digital

# नेपालमा जनजाति समस्या र बुद्ध धर्म

– बाल कृष्ण माबुहाङ✿

**विषय प्रवेश :**

आधुनिक नेपालको सामाजिक, आर्थिक, भौतिक एवं साँस्कृतिक विकासको प्रमुख आधारहरू यसको अविभाज्य भूमी र त्यो भूमिमा बसोबास गर्ने, भूमिलाई उपभोग र प्रयोग गर्ने जाति, जनजाति, या सम्प्रदाय वा व्यक्ति जे भनौं महत्वपूर्ण २ अभिन्न आधारहरू लिनुपर्ने हुन्छ । एउटा प्राकृत एवं स्वयं सिद्ध तथ्य के हो भने मानिसलाई जन्मेदेखि मृत्युपरान्त अडिनका लागि आधार भूमिको खाँचो पर्छ र नैसर्गिक रुपमा आफू जन्मदा टेकेको माटो उसको जन्मभूमी हो । त्यसकारण नेपालीहरूको नैसर्गिक जन्मभूमि नेपालको माटो हो ।

मानव जातिको उत्पत्ति विकास र प्रगतिको क्रममा हासिल भएको समाज विकासको क्रमसँगै शासक वर्गको उदय हुने परम्परामा शासक वर्गले आफ्नो अनुकूलको अन्य सामाजिक, आर्थिक, साँस्कृतिक, भाषिक उपलब्धीहरू हासिल गर्न र त्यहि अनुरूप अरूलाई शासन गर्ने परम्पराको विकास भएको देखिन्छ । नेपालको प्राचीन इतिहास किराँतकाल, गोपाला गोपालाहरू, महिषपालदेखि लिच्छवीकालसम्म र मध्यकालिन इतिहास मल्लवंशी राजाहरुले त्यसरी नै आधुनिक कालका इतिहास शाहवंशी राजाहरूले अध्यावधी गरेका देखिन्छ । लगभग इश्वी सन्को प्रारम्भसँगै अर्थात् पूगनपुग २००० वर्ष अघिदेखि मात्र नेपालको भूमिमा तत्कालिन वसोवास गर्ने आदिवासी किराँत र घुमन्ते गोपाला गोपालाहरूको जम्का भेट भएको इतिहासविदहरूको भनाई छ । किराँतहरू भोट बर्मेली परिवारको भाषा बोल्ने र गोपालाहरू भारोपेलि आर्य भाषा बोल्ने भएका र गोपाला फिरन्तेहरूले खस जातिकाले किराँतहरू माथि आधिपत्य जमाई खस जातिको भाषा संस्कृति र धर्मको प्रभाव लाद्न थाले र परन्तुमा नेपालको शासन सत्तामा बस्नेले धर्म, कर्म, नियम कानून आफ्नो संस्कृति अनुरुप निर्माण गर्न थाले । भनिन्छ, किराँत कालिन ३०/३२ पुस्ता, राजा यलम्बरको पालामा शुरु भएको राज्य व्यवस्था स्वर्णिम थियो भनेर पनि र त्यसको प्रमाण अध्यावधी भोट बर्मेली भाषामा नामाकरण भएका स्थान, ठाउँ विशेषबाट पनि स्पष्ट हुन्छ । सारांसमा शासकले शासितलाई गर्ने अमान्य व्यवहारको कारण, संसारकै इतिहास एकापट्टी जयजयकार लेखेको छ अर्कोपट्टि हाहाकार छ । आज आधुनिक नेपालको इतिहास, साहित्य, संचार शिक्षा त्यसैको द्योतक हो । (जनजाति ती जाति हुन् जो शासन सत्ताको भागिदारीबाट साझेदारीबाट आधुनिक कालको शाहवंशी राजतनत्रात्मक शासनको लगभग शुरुदेखि पाखा लागेको जाति जो आजसम्म वीमूख छन्) । तीनको समस्या भनेको के हो ? यो छोटो लेखमा सारांसमा तीनलाई उजागर गर्न खोजिएको छ ।

**जनजातिको समस्या:**

एकै वाक्यमा भन्नु पर्दा, जानजातिको समस्या भनेको तीनको राष्ट्रिय पहिचानको समस्या हो । अर्थात् शासन सत्तामा बस्नेले आ-आफ्ना साँस्कृतिक मूल्य र मान्यताहरू राष्ट्रिय सँस्कृतिको रुपमा विकास गरे । जस्तो उदाहरणको निम्ति हिन्दू धर्म सापेक्ष हिन्दू अधिराज्य, नेपाली (खस) भाषा राष्ट्रिय भाषा, हिन्दू चाडपर्वहरू राष्ट्रिय चाडपर्व आदि । तर जनजातिहरू उपयुक्त सांस्कृतिक, धार्मिक, भाषिक विकासबाट युगौ वञ्चित भए । ती समस्याहरुका वारेमा सारांसमा व्याख्या गर्नु सान्दार्भिक होला ।

**सांस्कृतिक पहिचान:**

शासित अर्थात् जनजातिहरुको आ-आफ्नो धार्मिक विश्वास, भाषा, आदि तीनमा नै सिमित मात्र हैन दिन दिनानु दिन लोप हुन थालेको परिस्थिति छ । जनजातिको जनसंख्या उल्लेखनीय तवरले अन्य भाषा, धर्म, भेषभूषा र रहन सहनमा परिणत हुने र त्यसलाई व्यक्तित्व विकासको सूचकका रुपमा लिन थालिएको परिस्थितिले तीनको आफ्नो साँस्कृतिक पहिचान समाप्त हुँदै गएको देखिन्छ । अर्कातिर शासकहरूको धर्म हिन्दू, आफैमा विरोधाभाषपूर्ण हुनु, भेदभावपूर्ण हुनुले शासकको तथाकथित राष्ट्रिय संस्कृति हिन्दू संस्कृतिमा शासित जनजातिले त्यो संस्कृतिको ग्रहण गर्नु आफैमा अपूर्ण देखिन्छ । संस्कृतिको बारेमा प्राध्यापक प्रेमरमण उप्रेती भन्दछन् "एउटा सम्प्रदाय वा मानव समूहको संस्कृति भनेको उसको आधारभूत "जीवन संचार" हो जहाँबाट उसले जीवन निर्वाह गर्ने शक्ति ग्रहण गर्नुको साथसाथै समाजलाई हुर्काउन, बढाउन र विकास गर्न

✿ श्री माबुहाङ जनसंख्या अध्ययन केन्द्रीय विभाग त्रि.वि.मा उप-प्राध्यापक तथा नेपाल जनजाति महासंघमा कार्यरत



Downloaded from http://www.dhamma.digital

निरन्तरता प्रदान गर्न सक्छ । त्यसकारण संस्कृतिको पहिचान अन्तरगत जातिको परम्परागत आख्यान, रहनसहन, गीतसंगीत, स्मारक, कला, मुन्धुम मान्ने साथसाथै लिखित साहित्यिक साम्रगी समग्रमा मानव जातिको सुख शान्तिको निम्ति आवश्यक हुन्छ । मनोविज्ञानका वरिष्ठ विद्वान गर्ट हास्टेडे भन्छन् : "एउटा राष्ट्रको साँस्कृतिक सम्पदा एउटा अमूर्त रुपमा अभिव्यक्त भएको हुन्छ जसका कारण सामान्य रुपमा बुझ्न र देख्न सकिन्न तर यस्ता साँस्कृतिक मूल्य र मान्यताहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तारन्तरित हुन पारिवारिक शिक्षा, विद्यालय, संगठनिक एवं संस्थागत सामाजिकरण प्रक्रियाबाट सम्भव हुन्छ ।" नेपालको लगभग ६०/७० प्रतिशत जनसंख्या आगेट्ने जनजातिको साँस्कृतिक मूल्य र मान्यताहरु तिनीहरूको विकासको निम्ति संस्थागत विकास गर्ने एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्न गराउन राज्यस्तरबाट बेवास्ता गर्नका साथसाथै राज्य संचालन गर्नेहरूको अनिच्छा रहेको प्रतित हुन्छ ।

विक्रम सम्वंत् २०४६ सालको जनआन्दोलनले इच्छा गरेको प्रजातन्त्रको मोटो रुपमा आगमन भएपश्चात जनजाति शासित वर्गले आफ्नो बाहुबलमा भरपरि संगठित हुने, संस्थागत विकास गर्न आ-आफ्नो साँस्कृतिक पहिचानलाई आ-आफ्नो सम्प्रदाय, राष्ट्र र अन्तरराष्ट्रसम्म परिचित गराउने मनसायले संगठित हुने परम्पराको थालनी भएको छ । यसरी संगठित संस्थागत विकास प्रयासलाई मध्यनजर गरेर अस्थाई एवं अविश्वासनीय छोटो अवधिका सरकारहरूको कार्यक्रममा जनजाति समस्याहरू उजागर गर्ने परम्पराको शुरुवात भने गरेको पाइएको छ ।

प्रजातन्त्रमा जनसहभागिता र जनताको शक्तिको परिभाषा मात्र बुझ्ने शासकीय परम्परा रहेको परिप्रेक्ष्यमा आम जनजातिले आफ्नो प्रयासलाई राज्य सरकार संचालकहरूलाई जनजाति समस्याप्रति जिम्मेवार एवं संवेदनशिल हुन बाध्य गराउन विकास गर्न लागि पर्नु पर्ने समय आएको महसुस हुन थालेको छ ।

**जनसंख्याः**

नेपालको जनसंख्याको सहि तथ्याङ्क लिने पद्धतिको विकास अझै हुन नसकेको स्थिति एकातिर छ भने अर्कातिर राज्यको ठूलो धन रासिबाट संकलित तथ्याङ्कको विश्लेषण एवं व्याख्या शासक वर्ग जाति वा धर्मीले आफ्नै आसय, मनसाय अनुरुपको बनाइनले जनजाति सम्बन्धी सहि तथ्याङ्कको कमी महसूस भइरहेको अनुभव हुन्छ । यद्यपी धेरै पद्धतिगत त्रुटी एवं विभिन्न मनसाय र आसयबाट प्रभावित भएपनि तीनै तथ्याङ्कको राष्ट्रिय स्तरमा योजना वा विकास कार्यक्रम आधारित हुने र अर्को तर्फ वैज्ञानिक एवं सत्य तथ्य नजिकको तथ्याङ्क उपलव्ध नभएको परिप्रेक्ष्यमा तिनको केही हदसम्म चर्चा गर्नु पर्ने आवश्यकता पनि छ । २०४८ सालमा पाहिलोपल्ट जात, जातिको जनसंख्या जनगणनाले प्रकाशमा ल्यायो । त्यस अनुरुप जात जनजातिको जनसंख्या विश्लेषण गर्दा, हिमाली क्षेत्रका जातिको कूल जनसंख्या लगभग १ लाख ३८ हजार मध्ये १ लाख ३६ हजार ५ सय जनजातिको जनसंख्या रहेको छ । त्यसरी नै पहाडी जातिको कूल जनसंख्या १२,४२०,१५७ मध्ये जनजातिको ४७७६९९३ रहेको छ । भित्रि मधेसको कुल जनसंख्या २०६,०६८ मध्ये सम्पूर्ण जनजातिको जनसंख्या रहेको छ भने तराईको कूल जनसंख्या ५७१८७७० मध्ये १४५२६५२ जनजातिको जनसंख्या रहेको छ । २०४८ सालको जनगणनामा कूल १८४९१०९७ जनसंख्या मध्ये ६५७२२६५ जनजातिको जनसंख्या रहेको देखिन्छ । जुन कूल जनसंख्याको ३५.५४ प्रतिशत हुन आउँछ ।

**धर्मः**

२०४७ सालको प्रजातान्त्रिक संविधानले मुलुक पुनः हिन्दू अधिराज्य घोषित गरेको छ । २०४८ सालको जनगणनामा हिन्दू धर्म ८६.५१ प्रतिशत, बौद्ध ७.८ प्रतिशत, इश्लाम ३.५ प्रतिशत, किराँत १.७ प्रतिशत, इसाई ०.२ प्रतिशत, र अन्य ०.३ प्रतिशत देखाएको छ । पहिले पहिलेको जनगणनामा भन्दा २०४८ को जनगणनामा हिन्दू धर्म केही प्रतिशत घटेको, बौद्ध धर्म केही बढेको देखियो भने किराँत धर्म जनगणनामा नयाँ धर्म देखियो, एकातिर हिन्दू धर्म ९० प्रतिशत नेपालमा भएको हवाला दिँदै नेपाल हिन्दू अधिराज्य घोषणा गर्ने, विश्वको एकमात्र हिन्दू राष्ट्र भएको दावा गर्ने परम्पराको वास्तविक रुपमा जनजातिहरू अहिन्दू भएको र त्यसको वास्तविक तथ्याङ्क निर्माण गर्न गराउन सरकारी एवं गैर सरकारी तवरबाट प्रयास हुन थालेको देखिन्छ । २०४८ को तथ्याङ्कमा उल्लेख्य संख्यामा जनजाति हिन्दू देखिन्छन् जो हिन्दूकृत हुन सक्दैनन् र होइनन् पनि । तर तिनले त्यो वास्तविकता वोध गरिसकेको भएपछि अहिन्दू आफूलाई गर्वसाथ भन्न र दावि गर्न भन्ने सकिरहेको स्थिति छैन । जस्तो तराईको थारु जनजाति जसको जनसंखया करिव १२ लाख छ जसको ९९ प्रतिशतले २०४८ सालमा हिन्दू धर्म



Downloaded from http://www.dhamma.digital

देखिन्छन् । थारुहरूले आफू बुद्धिष्ट भएको अझ भनौं भगवान गौतम बुद्ध नै थारु थिए भन्ने उनीहरूको दावी छ। त्यसरी नै पडाहको मगर जनजाति जसको जनसंख्या १३ लाख ४० हजार जति छ। जसको ९८ प्रतिशत हिन्दू लेखिएका छन् । त्यसरी नै गुरुङ जनजाति जसको जनसंख्या लगभग साढे ५ लाख छ ती मध्ये ५८ प्रतिशतले हिन्दू लेखेको छ । र अर्को जनजाति राई जसको जनसंख्या सवा पाँच लाख छ । ती मध्ये ६५ प्रतिशतले हिन्दू लेखेको छ। केवल शेर्पा, भोटे र तामाङ मान्न त्यस्ता हिमाल र पर्वत जनजाति हुन् जसको लगभग ८६ देखि ९० प्रतिशतले बौद्ध धर्म लेखेका छन्। त्यसरी नै लिम्बू जनजातिको करिव ५१ प्रतिशत किराँत लेखेर आफ्नो छुट्टै पहिचान, कायम गरेको छ भने राईको करिव ३० प्रतिशत जनसंख्याले किराँत धर्म उल्लेख गरेको छ। अन्य कतिपय स-साना समूहका जनजातिहरू जो हिन्दू धर्मावलम्बी संस्कार र संस्कृतिले छैनन् तर तथ्याङ्कमा हिन्दू तथ्याङ्क उल्लेख गरे भने निश्चित रुपमा ९० प्रतिशत हिन्दू धर्मको तथाकथित रुप २०५८ सालको जनगणनासम्ममा उदाङ्गिएर ३०/४० प्रतिशतमा झर्ने देखिन्छ ।

**भाषाः**

जनजातिको आ-आफ्नो सांस्कृतिक पहिचान भाषागत हिसावले पनि विकास गर्न सकिन्छ । जनगणनामा पहिलो, दोस्रो र तेस्रो गरी तीन भाषाको बारेमा तथ्याङ्क संकलन गरेता पनि जात जनजातिको मातृभाषा अर्थात पहिलो भाषाको तथ्याङ्क मात्र प्रकाशनमा ल्याईयो। जसअनुसार अधिकांश जनजातिको आ-आफ्नो भाषामा बाहुल्यता भएको देखिन्छ । जसअनुसार आ-आफ्नो जनसंख्याको हिमाली जनजातिमा शेर्पा ८०.०२ प्रतिशत, भोटे ६५ प्रतिशत, आ-आफ्नो मातृभाषा बोल्ने देखिन्छन् भने अन्य पहाडे जनजातिमा तामाङ ८६ प्रतिशत, जिरेल ८१ प्रतिशत, लिम्बू ८१ प्रतिशत, थामी ८६ प्रतिशत, राई ६७ प्रतिशत, चेपाङ ६६ प्रतिशत, नेवार ६५ प्रतिशत, गुरुङ ४८ प्रतिशत, आ-आफ्नो मातृभाषा बोल्ने देखिन्छन्। भने जनजातिमा अपवादको रुपमा मगर ६६ प्रतिशतले आफ्नो मातृभाषा नेपाली उल्लेख गरेको देखिन्छ। त्यसरी नै थकाली ६४ प्रतिशत, चेप्चा ६१ प्रतिशत र सुनुवार ५२ प्रतिशतले आ-आफ्नो मातृभाषा नेपाली बताएका छन् ।

तराई जनजातिमा धिमाल ८३ प्रतिशत, राजवंजी ८० प्रतिशत, थारु ७७ प्रतिशत, दनुवार ३८ प्रतिशतले आ-आफ्नो भाषा मातृभाषाको रुपमा उल्लेख गरेकाले के कुराको बोध गराउँछ भने जनजातिहरू अध्यावधी आ-आफ्नो भाषागत बाहुल्यतामा रहेका तर नेपाली खस भाषाको कार्यालय, शिक्षा, कानूनी भाषाको रुपमा प्रयोग हुनुले तिनीहरू राज्यबाट अपहेलित उपेक्षित गरिएको महसूस गर्दछन्। जनजातिहरूको प्रतिनिधि मूलक संस्था नेपाल जनजाति महासंघले राज्यसँग सघन क्षेत्रमा त्रिभाषिक नीति अपनाउन माग गरेको छ ।

**बुद्ध धर्मः**

प्राचिन नेपालको राजकीय स्तरको धर्म बौद्ध धर्म थियो भने शिव धर्मावलम्बी हिन्दूहरू पनि रहेको देखिन्छ । नवौं दशौं शताव्दीको अन्ततिर दक्षिण भारतबाट आएका शंकराचार्यका प्रभावमा परि राजा शिवदेवले नेपालमा वैष्णभिजम अर्थात् वर्णमा आधारित हिन्दू धर्मको शुरुवात गरेको जुन अद्यावधिको कायम नै छ । धर्म वा संस्कार संस्कृति हरेक व्यक्तिमा आ-आफ्नै विश्वासमा अन्तरनीहित छ । तर धर्मलाई तत्कालिन सामन्त राजाहरूले राज्य संचालन गर्ने जुन संयन्त्रको रुपमा प्रतिपादन गरे त्यसले के कुराको विभेद गर्दछ भने प्रचलित हिन्दू धर्म प्राचिन कालदेखि आज आधुनिक काल पर्यन्त राजकीय मूल्य, मान्यताबाट परिभाषित धर्म हो । आम जनताले व्यवहारमा देखाउने संस्कार र संस्कृति फरक पनि हुन सक्छ। जस्तो हिन्दू अधिराज्य नेपालको राजकीय धर्मसँग बहुसंख्यक जनसंख्या ओगट्ने जनजातिहरू वास्तवमा सरोकार राख्दैनन् तर तिनीहरू हिन्दू धर्मको कुनै वेश्यमा त कुनै शुद्रमा राखेको पाइन्छ।

आधुनिक बौद्ध धर्म र लामाईजम्लाई एक अर्काको पर्यायका रुपमा लिने प्रचलन देखिन्छ । बौद्ध धर्मको प्रचलन शुरुवात हुन अगावै मौलिक रुपमा मान्ने गरेको मौलिक संस्कृतिमा बौद्ध धर्मको प्रचलन सुरुवात गरेको र सायद इतिहांसको अन्तरालमा हिमालय पर्वतका कुना कन्दरामा बसोबास गर्ने जनजातिले बौद्ध धर्म अंगिकार गर्नुको अर्थ हिन्दू धर्ममा रहेको वर्णाश्रम भन्दा वढि प्रजातान्त्रिक, उदार र समतावादी हुनुले पनि ग्रहणिय हुन सक्छ। अर्को कुरा बौद्ध धर्मको अधिकांस जनसंख्या जनजाति समूहहरूका देखिएकोले बौद्ध धर्मले धेरे जनजाति समूहहरूको संस्कार विधि, र संस्कृतिमा सकारात्मक प्रभाव पार्नसक्छ या त तिनीहरूको प्राकृत धर्म, संस्कार र संस्कृतिमा बौद्ध धर्मको के सकारात्मक भूमिका रहन सक्छ जसका कारण तिनिहरूको सांस्कृतिक विचलन वा विसंगतिहरूबाट जनजातिहरूलाई मुक्त गर्न सकिन्छ त्यस दिसामा कार्य गर्नु बौद्ध धर्मसंग सम्बन्धित संघ संस्थाबाट सोचिनुका साथसाथै ती



Downloaded from http://www.dhamma.digital

जनजातिहरूसंग साझेदारी सम्बनध विकास गर्नु सान्दार्भिक मात्र नभै आवश्यक पनि देखिन्छ ।

**उपसंहारः**

नेपाल अधिराज्य हिन्दू अधिराज्य हुनुले मुलुकको प्रजातान्त्रिक अभ्यास आफैमा हास्यास्पद कुरो भएको महसूस हुन्छ । नेपाल धर्म निरिपेक्ष्य हुनुपर्छ भनेर आवाज उठाउने अधिकांस सम्प्रदाय नेपालका जनजातिहरू हुन् । जनजातिहरू तथाकथित रुपमा राज्यले परिभाषित गरेको, कालान्तरमा राजा महाराजा सामन्तकहरूले ग्रहण गरेको वणीश्रम हिन्दू धर्ममा राख्ने सामन्ति परम्पराका कारण कतिपय जनजातिहरू अझै हिन्दू धर्मावलम्बि रहेको देखिन्छ । मुलुकमा प्रजातन्त्र आएको र आम जनताले मौलिक हक अधिकार उपभोग गर्ने मानव अधिकारको प्रत्याभूति सम्विधानले प्रदान गरेको परिपेक्ष्यमा आम जनजाति अहिन्दू हुनसक्ने प्रवल सम्भावनालाई नकार्न सकिन्न । भने अर्कातिर हिन्दू धर्मावलम्बिहरूमा पनि जनजातिहरूको यस्तो सोचको कारण हिन्दू धर्मलाई अरू सुधार र समय सापेक्ष्य गर्नुको साटो अझ असहिष्णु र पुरातन बनाउन सक्ने सम्भावनाप्रति सचेतनता अपनाउनु पर्ने देखिन्छ । ■

Best Wishes
to all our Customers
&
Well wishers
on
Happy Vesak Full Moon Day.
New 2542 B.E.

Him Tours (P) Ltd.
P. O. Box 6812
Jyatha, Kanti Path, Kathmandu, Nepal
Tel. : 249350, 248821, 249137 (Off)
Fax : 00977-1-249451
For Perfect Travel & Tour Arrangement

Best Wishes
to
Dharmakirti Buddhist Study Circle
& All
on the auspicious occasion of the
2542nd Vaisakh Purnima

Last Frontiers Trekking (P) Ltd.
P.O. Box 881, Lainchaur
KATHMANDU, NEPAL
Tel : (Off) 416146
Fax : 977-1-431512





Downloaded from http://www.dhamma.digital

# वैशाख पूर्णिमा पवित्र दिन

✍ मुनीन्द्ररत्न वज्राचार्य

महामानव गौतम बुद्धको जन्म, बोधि ज्ञान प्राप्त र निर्वाणको त्यो संयोगको पवित्र दिन नै वैशाख पूर्णिमा हो । समस्त विश्वका सम्पूर्ण बौद्धहरूको लागि यो दिन गौरवमय छ । आजको दिन त नेपालीहरूको लागि महान चाडको रूपमा विभिन्न विहार, मन्दिर, चैत्य आदि स्थानमा बुद्धपूजा, भजन कीर्तन प्रवचन र सामुहिक भेला गरी बुद्धले प्रतिपादन गर्नु भएको अनमोल उपदेशहरूलाई संस्मरण गर्दछन् । गौतम बुद्धको जन्म राजा शुद्धोधन र रानी मायादेवीको गर्भबाट ई.पू ५६३ मा नेपालकै लुम्बिनीमा भएकोले नेपालीहरू वैशाख पूर्णिमाको दिनलाई विशेष महत्व दिंदै एउटा महान पर्वको रूपमा धुमधामले पूजाआजा आराधना गरी मनाउन्छन् । आज नेपालका सुपुत्र गौतम बुद्धले मानव जातिका लागि दिनु भएका सत्य, अहिंसा र प्रेमका सिद्धान्तहरु बुद्धधर्मको रूपमा विश्व व्यापि फैलिएको छ । यो बुद्धधर्म आज प्राणी मात्रको कल्याण गर्ने धर्मको रूपमा विश्वका समस्त मानव जातिले अंगीकार गरेको छ । यसकारण उक्त पवित्र दिनमा वैशाख पूर्णिमाको अवसरमा बुद्धका सन्देशहरू मनन गर्दै आफ्नो जीवनमा यो धर्मबाट अभिप्रेरित हुनु सबैको लागि हितकारी नै हुनेछ ।

भगवान बुद्धले आजको पावन दिनमा नै मनुष्यमा हुने सांसारिक राग, द्वेष, मोह, लोभ, ईर्ष्या र अहंकारलाई विजयश्री गरेर मानव जातिलाई दु:खबाट मुक्त हुने पवित्र सन्देशहरू दिनु भएको थियो । सर्वप्रथम ६ वर्षको कठिन तपस्याले बोधिज्ञान लाभ गरी धर्मचक्र प्रवर्तन गर्नुभयो । बुद्धले चतु आर्य सत्य प्रतिपादन गर्नु भई मनुष्य जीवनको महत्वलाई यसरी अभिव्यक्त गरेको छ: संसार दु:खमय छ, दु:खमय संसारमा दु:खका कारणहरू छन्, दु:खबाट मनुष्य मुक्त हुन सक्छ र दु:खबाट मुक्त हुन आर्य अष्टांगिक मार्ग, पंचशील र चतु ब्रह्म विहार जस्ता मार्गहरूमा आसीन हुन जरूरी छ ।

भगवान बुद्धले दर्शाउनु भएको विभिन्न आर्य सत्यका मार्गहरूमा दु:ख निवारणका लागि सर्वप्रथम आर्य अष्टांगिक मार्गमा जान निर्देशित गर्नु भएको छ । यो आर्य अष्टांगिक मार्ग मूलत: प्रज्ञा, शील र समाधिमा आधारित छन् । यी भावनाहरूको चयनले मनुष्य जीवनलाई सन्तुलित तरिकामा राखेर दु:ख सुखको ज्ञानबाट पहिचान भई सत्य मार्गमा जान सक्षम हुनेछ । साथै समाजमा विद्यमान रूढिवादी संस्कार, अभिमान, अहंकार र अन्धविश्वास जस्ता मनोविकारबाट छुटकारा पाउन सक्छन् । सो पुनीत दिनमा आर्य अष्टांगिक मार्गलाई यसरी संस्मरण गर्न सकिन्छ जस्तो प्रज्ञा अन्तर्गत हामी सम्यक दृष्टि र सम्यक संकल्पलाई लिन सकिन्छ । संसारमा तृष्णालाई अन्त्य गरी सुखको परिकल्पना गर्न कुशल र अकुशल छुटयाउन सक्ने अवस्थानै सम्यक दृष्टि हो । कुशल र अकुशल भन्ने भावना दृष्टिगत गर्न सक्ने क्षमता कायिक, वाचिक र मानसिक सन्तुलनमा निर्भर गर्दछ । जस्तो कुशल कर्म भनेको हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, झूठो कुरा नबोल्नु र मद्यपान नगर्नु जस्ता पंचशीलका कुराहरू आउन्छन् ।

सम्यक संकल्पको भावना ठीक नियतले निस्वार्थ पूर्वक वहुजन हिताय वहुजन सुखायको शुभ चिन्तना गर्नु हो । सम्यक वचन त्यो हो जो समाजमा बसेर कसैसित अप्रिय हुने कटु वाक्य नबोल्नु हो । सम्यक कर्मान्त अन्तर्गत राम्रो कर्म गर्नु हो । राम्रो काम भन्नु नै पंचशीलको पालना आउँछ । व्यक्ति स्वयं आफ्नो आफै मालिक जस्तो रहेकोले आफ्ना इन्द्रियहरूलाई बसमा राख्ने काम मनुष्यको हातमै छ ।

सम्यक आजीविका मार्ग अन्तर्गत मनुष्यले ठीक तरिकाले जीविका गर्नु हो । जस्तो पांच प्रकारका सस्त्र, अस्त्र, मांश, मद्य, विष, प्राणीको व्यापारबाट अलग्ग हुनु हो । सम्यक व्यायाम अर्न्तगत अनैतिक कारणबाट टाढा रही सदाचारी बन्नु हो । सम्यक स्मृति अन्तर्गत कुशल चित्त समाहित संस्कारको लागि ध्यान राख्नु हो । सम्यक समाधि अन्तर्गत कुशल भावनाले ठीक तरिकाले चित्त एकाग्रतामा बस्नु हो ।

माथिका आर्य अष्टांगिक मार्गको चयनले सांसारिक दु:खबाट विमुक्त हुन सक्छन् । बुद्धका सच्चा



Downloaded from http://www.dhamma.digital

अनुयायीहरूले मात्र यस धर्मका सिद्धान्तलाई परिपालन गर्ने होइन कि बल्कि सारा शान्ति प्रिय मानव जातिले बुद्धका सन्देशलाई परिशीलन गर्नु जरूरी छ । भगवान बुद्धका शिक्षा र दर्शन मानवतामा आधारित भएकोले संसारका कुनै पनि मानवले सहजरूपमा अनुशरण गर्नु पर्दछ । यसैले पनि वैशाख पूर्णिमाको पावन अवसरमा भगवान बुद्धको संस्मरण गर्नाले नेपाली मात्रको लागि गौरवको अनुभव हुने । नेपाली मात्रको भाग्य विधाता शान्तिका अग्रदूत अहिंसा, शान्ति, करूणा र विश्व कल्याणका प्रतिमूर्ति भगवान बुद्धको त्रियोगको उपलब्धि भएको महान दिनमा हर्षोल्लासले वैशाख पूर्णिमा मनाउनु शौभाग्यको सुवर्ण अवसर हो । आजको दिनमा बुद्धको गुणगानलाई मात्र संस्मरण नगरी बुद्धका वचनहरूलाई आफ्नो जीवन शैलीमा प्रयोग गर्न आव्हान गर्नु जरूरी भएको छ । यसैबाट नै सम्पूर्ण विश्व ब्रम्हाण्डको नै हित हुने छ । ■

> **"मूर्खहरूको संगत गर्नुभन्दा, पाप नगरी संयमी भै मातङ्ग हात्ति झैं एक्लै विचरण गर्नु बेस छ ।"**
>
> **– धम्मपद**

## आफ्नो भरोसा आफै बनौं

✎ : इन्दिरा हलवाई

**विश्वमा ज्योति उदायो**
**शाक्य मुनि शास्ताको**
**मानवताको मार्ग देखाउन**
**ज्ञानको ज्योती दिलाउन**
**बालौं हामी शान्ति दीप**
**आफ्नो द्वीप आफै बनेर**

**जहाँ बुद्ध जन्मनु भयो**
**त्यो हाम्रो पनि जन्मभूमि हो**
**गर्छौं हामी तथागतको**
**पञ्चशील ज्ञानको पालन**
**बालौं हामी शान्तिको दीप**
**आफ्नो द्वीप आफै बनेर**

**दु:खी जनको सेवा गरेर**
**करूणा र मैत्रीको मार्ग अपनाई**
**जीवन यापन गर्न सकुं**
**शान्तिको दीप बालेर**
**आफ्नो द्वीप आफै बनेर**

**सत्यको मार्ग अपनाऔं**
**ममताको खानी बनेर**
**हृदयको दीप बालौं**
**आफ्नो द्वीप आफै बनेर**


*With Best Compliments*
*on the Auspicious*
*and Holy Occasion of*
**Buddha Jayanti**
**2542**

**Kathmandu Gems**

**Stockist of Precious, Semi Precious Stones, Nepali Jewellery & Handicraft**

6/24 New Road
Post Box : 5255
Kathmandu, Nepal

Phones : (S) 244659, 223648
(R) 272167
Fax No.: (977-1) 244657

*Happy 2542nd*
**Buddha Jayanti**



**tik 'n' tok**
**(Your Favourite Music Store in Town)**

New Road ✆ : 228679
Jawalakhel ✆ : 525086
Thamel ✆ : 425973




Downloaded from http://www.dhamma.digital

# धम्मपद - १०६

✍ रीना तुलाधर

**न अन्तलिक्खे न समुद्दमज्झे**
**न पब्बतानं विवरं पविस्स ।**
**न विज्जति सो जगतिप्पदेसो**
**यत्थट्ठितं न'प्पसहेथ मच्चु ।**

**अर्थ-** आकाशमा, समुद्रको बिचमा वा पर्वतको गुफामा आदि जहाँसुकै बसेता पनि मृत्युदेखि बचेर जाने ठाउँ यो लोकमा कतै छैन ।

**घटना-** राजा सुप्पबुद्ध शाक्य राजकुमार सिद्धार्थको ससुरा अथवा यशोधरा देवी तथा देवदत्तका ? पिता थिए । यी राजा भगवान बुद्धमाथि दुई कारणले गर्दा ठूलो द्वेष गर्थ्यो । पहिलो राजकुमार सिद्धार्थले उनकी छोरी यशोधरालाई छाडेर घर छोडी गएर उनकी छोरीलाई ठूलो दुःख दिएका थिए । अर्को कारण उनका छोरा देवदत्तले बुद्धलाई ठूलो शत्रुको रुपमा लिएका थिए ।

एकदिन भगवान बुद्ध भोजनको लागि जानु भएको ठाउँमा त्यो दिन भगवान बुद्धलाई भोकै राख्ने नियतले आफूले रक्सी खाएर भगवान बुद्ध आउनु हुने बाटोमा छेकेर बस्यो । भगवान बुद्ध त्यहाँ आईपुग्नु हुँदा सुप्पबुद्धका सेवकहरूले बाटो छोडीदिन आग्रह गर्दा "गौतमभन्दा जेठो म हुँ, मैले बाटो छोड्नु पर्दैन" भन्दै बाटो छेकी नै राख्यो । बाटो छेकी राखेको कारणले बुद्ध र भिक्षुहरू फर्केर विहारमा जानु भयो । सुप्पबुद्धले भगवान बुद्धले के के भन्नेछ सुनेर आउनु भनेर जासूसहरू पठाए ।

भगवान बुद्धले विहारमा पुगेपछि भिक्षु आनन्दलाई भन्नुभयो "सुप्पबुद्धले ठूलो अपराध गर्‍यो । बुद्धलाई भोजन जाने ठाउँमा बाटो बन्द हुने गरिकन छेकीराखेकोले आजबाट सात दिनपछि ऊ आफ्नै दरवारको भऱ्याङ मुनि भुइँमा पृथ्वी फुटेर त्यही खस्नेछ ।" जासूसहरूले यही कुरा सुप्पबुद्ध राजालाई सुनाउन जाँदा बुद्धको कुरा झूठो सावित गर्न "म त्यो ठाउँमा जाने नै छैन । ममाथि राम्रो रेखदेख गर" भनी कामदारहरूलाई अऱ्हाए । आफूलाई चाहिने सबै सामानहरू सात तल्ले दरबारको सबैभन्दा माथिल्लो तल्लामा राख्न दिएर भऱ्याङहरू निकाल्न लगाए । आफू बसेको कोठामा बलियो गरीकन ढोका लगाएर दुइजना पालेहरू पनि राखे । यसरी सात दिनसम्म एकदम सुरक्षितपूर्वक सावधान भएर बस्न थाले ।

भगवान बुद्धले यो कुरा थाहा पाएर भन्नुभयो- "भिक्षुहरू ! सुप्पबुद्ध दरवारको माथि त के, आकाशमा बसेपनि, समुद्रको बिचमा बसेपनि, पर्वतको गुफामा लुकेर बसेपनि मैले भनेकै ठाउँमा पृथ्वी फुटेर ऊ खस्नेछ । बुद्धहरूको वचन फरक हुँदैन ।" यसो भन्दै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

सातौं दिनमा भगवान बुद्ध भिक्षाको लागि जानुभएकै बेला सुप्पबुद्धको दरवारको एउटा घोडा पागल जस्तै भएर करायो, खुट्टा बजार्दै रीसमा बिघ्नपूर्वक चल्न थाल्यो । त्यो घोडालाई भने सुप्पबुद्धले नै मात्र नियन्त्रणमा राख्न सक्थ्यो । घोडालाई नियन्त्रण गर्ने इच्छाले उसले आफू सुरक्षित भएर सावधानीपूर्वक बसीराखेको पनि बिर्स्यो । उसले कोठाबाट निस्कने इच्छा गर्ने बित्तिकै कोठाका ठोकाहरू आफ्से आफ् खोल्न थाले । सुप्पबुद्ध माथिबाट खसे । पालेहरू पनि भऱ्याङबाट खसे । यसरी अद्‌भुतपूर्वक सबै ठीक भएर सुप्पबुद्ध भगवान बुद्धले जहाँ ऊ पृथ्वी फुटेर खसेर मर्नेछ भन्नु भएको हो त्यही ठाउँमा पुग्न आए । ऊ त्यहाँ पुग्ने वित्तिकै पृथ्वी ठूलो स्वरले चर्की सुप्पबुद्ध त्यहाँ जमिन भित्र खसे । त्यहाँबाट नर्कमा जन्म हुन पुऱ्यो । ■


*All the Best Wishes*
*On the Auspicious Occasion of*
*Vesak Festival*
*2542*

*Hotel Dipankar (P) Ltd.*
**P.O. Box 6768**
**Dhalko, Chhetrapati, Kathmandu, Nepal**
**Tel: 254958, 255694**
**Fax: 977-1-254194**




Downloaded from http://www.dhamma.digital

# मानव व्यथाः राग, द्वेष र मोहमा

✍ कृष्ण कुमार प्रजापति, नगदेश

मानिसलाई सामाजिक प्राणी भन्ने संज्ञा पाई आए तापनि वास्तवमा मानिसको रहन सहन, चहल पहल, व्यथा व्यवधान आदि ईत्यादी कुराहरू प्रत्यक्ष अप्रत्यक्षतः राग, द्वेष र मोहको भुमरीमा रूमल्लिएर जीवन यापन गरी आएका छन् । यसरी सांसारिक लोकचक्रमा राग, द्वेष र मोह जस्ता भ्रमजालको संस्कारयुक्त जीवनशैली अपनाउदै छन् र थियो पनि तथाकथित सामाजिक प्राणीहरूले । प्रकृतिजन्य राग, द्वेष र मोहरूपी तीन महान दुश्मनहरू माथि विजय गर्ने महामानव बुद्धले आज भन्दा २५८७ वर्ष अघि नै बुद्धत्व हासिल गर्नु भै यस भव-सागरमा विद्यमान मानिस मात्रको कल्याणार्थ चतुरार्य सत्य र आर्य अष्टांगिक मार्ग जस्ता विचारधारा प्रदान गर्नुभयो । बौद्ध दर्शनमा चतुरार्य सत्य र आर्य अष्टागिंक मार्गहरू सही मानवरूपी जीवन रथको अगाडीको र पछाडीको पाँग्राहर (चक्र) हुन् । यी पाँग्राहरू एक अर्काका पूरक र अन्योन्याश्रित छन् । चतुरार्य सत्य रूपी अग्र-चक्र विना आर्य अष्टांगिक मार्गरूपी चक्र (पाँग्रा) को सार्थकता आउँदैन । जब चतुरार्य सत्यको महत्व बुझ्दछ र जान्ने प्रयास गरिन्छ तब मात्र मानिसलाई राग, द्वेष र मोहरूपी दुश्मनको पहिचान हुन्छ । सच्चा मित्र र दुश्मन छुट्याउन सक्नु नै सहि सत्य मानव हुनु र बन्न सक्नु हो । मानव सामाजिक दर्जामा रहने भएकोले खस्ने र उक्लने जस्ता घडी पार गर्नु पर्ने हुन्छ । त्यसैले मानव खसे दानव हुन्छ त मानव उठे महामानव हुन्छ । अन्ततः मानव उठेपछि महामानव हुन्छ । उ जागृत व्यक्ति हुन्छ जो जागृत हुन्छ त्यो बुद्ध हुन्छ, जो सुतेको हुन्छ त्यो मूर्ख हुन्छ, शैतान हुन्छ अनि दानव बन्छ । उठेको महामानव खस्ने सवालै उठदैन, पलपलमा, क्षण क्षणमा जागरण हुन्छ । त्यही जागरणको नाम हो बुद्ध । बुद्ध कोही कुनै व्यक्ति विशेषको नाम होइन, न कुनै पद र उपाधिको नाम हो । बुद्ध स्वयम् भन्नु हुन्छ, "म जागृत व्यक्ति हुँ" ।

बौद्ध दर्शनमा दुःख सत्यलाई बुझि सकेपछि त्यसबाट मुक्ति पाउन या मुक्त हुन आर्य अष्टाँगिक मार्गहरू तय गरेका छन् । जुन मार्गहरूलाई मध्यम मार्ग पनि भन्दछन् । ती मार्गहरूलाई तीन खेमामा विभक्त गरिएका छन्-शील, समाधि, प्रज्ञा ।

शील भित्र सम्यक वचन, सम्यक कर्म र सम्यक जीवन जस्ता तीन वटा मार्गहरू पर्दछन् । समाधि भित्र सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि (कुशल कार्यमा मन निरन्तरका साथ लगाउनु) पर्दछ । प्रज्ञा भित्र सम्यक दृष्टि र सम्यक संकल्पहरू पर्दछन् । यसरी शील, समाधि र प्रज्ञाभित्र दुःख सत्यबाट विमुक्ति पाउने आठवटा मार्गहरू छन् ।

बुद्ध शिक्षामा उक्त आर्य अष्टांगिक मार्गलाई अवलम्बन गर्न शील, समाधि र प्रज्ञारूपी कठीन बाटो र ठाडो उकालो चढ्नु पर्दछ । ती कठीन अग्नी-परीक्षाबाट पार गर्न सक्यो भने ध्यानी, ज्ञानी, अर्हत्, शुद्ध, मुक्त, बुद्ध होईन्छ । त्यसैले यसरी पनि व्यक्त गर्न सकिन्छ कि "शीलको वीजबाट समाधिको फूल फुल्छ र समाधिको फूल फक्रेपछि प्रज्ञाको सुवास फुट्छ ।" यदि शीलरूपी बीज तयार गर्न सकेन भने समाधिरूपी फूल र प्रज्ञारूपी सुवासको कल्पना गर्न सकिन्न र आकाशको फलसरी हुनेछ ।

यसर्थ चतुरार्य सत्य र आर्य अष्टांगिक मार्गको बीचमा मासु र नङ्गको जस्तै सम्बन्ध छ र हुन्छ ।

पृथ्वीमा मानव अस्तित्व कायम भएदेखिबाट आजसम्मको मानव इतिहासमा दुःख सत्य विद्यमान छ । मानव व्यथा जहाँको त्यहि छ । धर्म, विज्ञान र राजनीतिले समेत मानव व्यथालाई समाधान गर्न सकिएको छैन र तत्सम्बन्धी व्यथा दूर गर्न एक सिन्को भाँच्न सकेको छैन । त्यो नसकनाको र नहुनाको कारण मानव जातिले त्यस्को समाधान बाहिर र दोष परलाई देखाउने प्रवृतिले गर्दा भएको हो । वास्तवमा त्यसको दोषी आफै हो र त्यो शत्रु, त्यो दुश्मन आफैभित्र विद्यमान छ ती हुन राग, द्वेष र मोह ।

**रागः** बुद्ध दर्शनले स्वीकारेको छ कि यस भौतिक संसारमा दुःख विद्यमान छ, दुःख प्राकृतिक छ । दुःखको कारण तृष्णा हो, तृष्णा रागबाट उत्पन्न हुन्छ । दुःखको बीज राग हो । रागरूपी आगोलाई निमित्यान्न पार्न आ-आफूले वैरागको शरण जानुपर्छ । आफूमा वैरागी हुने र बन्ने प्रेरणाको श्रोत नै शील, समाधी र प्रज्ञा हो । त्यसमा अभ्यासरत हुनु पर्दछ । यस भौतिक संसार अनित्य छ, दुःखमय छ भन्ने थाहा लाग्दा लाग्दै पनि र रागकै कारणबाट दुःख सत्यलाई बोकेको र बोल्नु परिरहेको थाहा हुँदा हुँदै पनि हामीहरू एक रत्तिपनि



Downloaded from http://www.dhamma.digital

रागलाई त्याग्न तयार छैन र वैरागी बन्ने सद्प्रयास गर्दैनौं । रागै राग लिएर अलौकिक सुखको कामनार्थ व्यर्थमा जिन्दगी खेर फाल्न गईरहेको हुन्छौं । जीवन के हो ? त्यो बुझ्न प्रयास गर्दैनौं र जगतलाई मात्र चिन्ने प्रयास गर्दै आफ्नो अनमोल जीवनलाई मृत्युशैयामा पुऱ्याउँछौं र बल्ल जीवनको शुरूवात गर्ने खोज्छौं त्यो पनि इन्द्रियहरू शिथिल भै सकेपछि । त्यसैले वेलैमा होस पुऱ्याई रागरूपी बीजलाई प्रज्ञारूपी अग्नी-कुण्डलमा होमी खाक पार्नु कल्याण (उत्तम) हुन्छ । तर के अमिरदेखि गरीवसम्म, कसैले रागलाई खाक पार्ने कुनै प्रयास गरेको छ त ? बिरलै मात्र पाउन सम्भव छ । अमिरको अझै अमिर हुने, सामन्ती शोषकको अझै चुस्ने, सोस्ने, गरीबहरू बाध्यतावशः जीउन सम्पूर्ण प्रयास जीउने रागमा विलुप्त भै जीवन जिई रहेका छन् । जम्मैले यस्मा भ्रमवशः नै जीवन गुजारा चलाउँदैछन् र चलाएका छन् र थियो पनि बुद्ध दर्शन रागलाई खाकपार्ने कुरोमा विश्वास गर्दछन् ।

**द्वेषः** द्वेष भनेको एक किसिमको कुदृष्टि हो । अरूप्रति द्वेषयुक्त भावना राख्नु हो । सद्विवेक, सद्दृष्टिकोण राख्न नसक्नु द्वेषयुक्त जीवन जिउनु हो । अरूको कुभलो चिताउनु, विगार्नु, सम्पन्न र सफल भएकोमा दाह, इर्ष्या र वैमनष्यता प्रकट गर्नु पनि द्वेषयुक्त जीवन गुजारा गर्नु हो । बुद्ध दर्शनले यस्तो द्वेषयुक्त जीवन शैलीलाई नकारेको छ । द्वेषयुक्त जीवन यापनगर्नु व्यक्ति र समाजलाई "चण्डाल" को संज्ञा दिइएको छ । चण्डाल हुने र ब्राह्मण हुने कुलले होइन, आ-आफ्नो कर्मले हुने हो । त्यसैले महाकवि लक्ष्मी प्रसाद देवकोटा भन्नु हुन्छ, "मानिस ठूलो दिलले हुन्छ, जातले हुन्दैन" । मानिस ठूलो र सानो उच्च र निच हुनु र बन्नु आ-आफ्नो कर्ममा भर पर्दछ । असल कल्याण गर्ने र हुने कर्म गरेबाट मानिसलाई मानव कहलाईन्छ । युगयुगमा बेलाबखत जन्मनु भएका युग पुरूष, महापुरूष वा महामानवलाई उहाँहरूको वाणी र कर्मलाई विभिन्न माध्यमद्वारा परिचित भै "मानव" "महामानव"को रूपमा स्वीकारी अंगिकार गरी आएका छौं । उक्त ज्ञात अज्ञात मानव महामानवलाई निर्द्वेषी या द्वेषमुक्त शुद्ध बुद्धको रूपमा बौद्ध दर्शनले अंगिकार गरी आएका छन् बुद्ध दर्शनले द्वेषलाई विषैला काँडा र सर्प जस्तो ठानि मानव व्यथाको एउटा कारण द्वेष भएकोले हरेक मानिसले द्वेषी भावना त्याग गरी द्वेषमुक्त जीवन यापन गर्नु नै सच्चा अर्थमा निर्वाण प्राप्त गर्नु या निर्वाणी जीवन (मुक्त) यापन गर्नु हो । तसर्थ हरेक व्यक्ति द्वेषरूपी आगोबाट टाढा हुनु पर्दछ । यो सदाको लागि द्वेषरूपी आगो निभाउनु पर्दछ । द्वेषरूपी आगोलाई निभाउन शीलरूपी जल (पानी) धारण गर्नु पर्दछ । द्वेषरूपी काँडालाई पर पन्छाउन शीलरूपी सुगम बाटो अपनाउनु सक्नु पर्छ । द्वेषरूपी अहंकारी विषैला सर्पलाई माथ गर्न शीलरूपी गरूड चढ्ने आँट गर्नु पर्दछ र चढ्नु पर्छ । धैर्य विजयको साहस हो । धैर्य धारण गर्न सक्नु पर्छ त्यस्को नतिजा विजयमा पुऱ्याई छोड्छ । त्यसैले गीतामा कृष्णले हामीलाई उपदेश दिएको पाउँछौ, "कर्म गर, फलको आशा नगर ।" कर्म गर यस्को आशय हो धैर्यताका साथ सुकर्म गर त्यस्को नतिजा विजयमा रूपान्तरण हुन्छ, त्यो भनिरहनु पर्दैन । जस्तो कर्म उस्तै फल । राम्रो कर्म राम्रो फल, त्यस्को नतिजा बताई रहनु आवश्यक छैन । कुकर्मले सुफल पाउदैन, अम्वा रोपी स्याउ फल्दैन । चाँपको बोटमा आँप फल्नु असम्भव छ । द्वेषयुक्त कर्मले द्वेषमुक्त फल पाउन र चाख्न सक्दैन ।

मोह : मोह एक भ्रम जाल हो । मोहित हुनु भ्रमजालमा पर्नु हो । यो संसार अनित्य छ, दुःखमय छ । दुःखको कारण राग, द्वेष र मोहबाट हुन्छ । मोह भ्रमबाट नै आजको अनित्य र दुःखमय संसार संचालित छ । मोहको भुमरीमा परेर हामी बेहोशी भै आफू स्वयम् को हो ? र के हो ? बाट अतित (पर) भै जगत के हो ? तिर केन्द्रीत भै स्वयम्‌लाई विर्सी मिथ्या भ्रमलाई पालेर बसेका छौ । शिक्षा, सत्ता, सम्पत्तिमा भुलेर बसेका छौ । यो मेरो, त्यो तेरो, मेरो पिता, तेरो पिता, मेरी आमा, तेरी आमा, मेरी पत्नी, छोरा, छोरी, सत्ता, सम्पति भनि भ्रमै भ्रम पालेर आफू स्वयम् को हो ? पट्टि जान्ने र बुझ्ने क्षण-भंगुर प्रयार गर्दैनौं । मात्र हामी शिक्षा, सत्ता, सम्पतिको लालचमा कुडेका छौं । शिक्षा, सत्ता र सम्पति नभएमा दुःख हुन्छ त ती तीनवटै पाएर, भएर कसलाई सुख भएको छ । यसरी पाएर भएर पनि सुख र आनन्द नहुने प्रक्रियामा बारम्बार भ्रममा परिरहेका छौ । पाउनु नै छ, लिनु नै छ भने एक पल्ट, एक वार जीवन के हो ? आफू स्वयम के हो ? परम सत्य के हो ? यी यस्ता ज्ञानरूपी रस लिऔं, जुन एक चोटी पिएपछि सदाको लागि आनन्द र सुखमय होस्, बारबार लिई रहनु आवश्यक छैन । आफू स्वयम् को हो ? र के हो ? सम्बन्धी ज्ञान भएपछि त्यस्तो परम ज्ञानरूपी, सत्यरूपी रसपान गरेपछि सदाको लागि तृप्त हुन्छ, छिन छिनमा लिई रहनु पर्ने शिक्षा, सत्ता र सम्पति रूपी व्यर्थको नक्कली कृतिम रसबाट सदा अतित हुन्छ । अघाएको



Downloaded from http://www.dhamma.digital

व्यक्तिलाई कुनै पनि खाना मिठो हुन्दैन । तृप्त व्यक्तिलाई मिठो अमिठो खानाको राग जान्दैन । परम ज्ञानरूपी सत्यरूपी रसपानबाट संतृप्त, परम, ज्ञानी, ध्यानी पुरूषलाई छिन छिनमा थपि रहनु पर्ने शिक्षा, सत्ता र सम्पति जस्ता (रूपी) रसको कदापी आवश्यक हुँदैन र छैन पनि । छिन छिनमा थपिरहनु पर्ने रस के रस ? बल्की एकचोटी पिऔं सदाको लागि त्यो रस जुन रस परम ज्ञान रूपी, परम सत्य रूपी रस । चेतनालाई जगाएर, जागृत अवस्थामा रहेर, छिनछिनमा, पलपलमा होश गरेर, होश राखेर एकैचोटी बल्की ढिलै होस् संतृप्त रूपमा परम सत्यरूपी रसलाई पिऔं जुन सदाको लागि संतृप्त हुन्छ । यही संतृप्त व्यक्ति, मुक्त, शुद्ध र बुद्ध हुन्छ । बुद्ध दर्शनले मोहलाई त्याग्य र नकारात्मक रूपमा स्वीकारेको छ । मोहरूपी पुतनालाई प्रज्ञारूपी कृष्णले माथ गर्नुपर्दछ । मोहरूपी आगोलाई प्रज्ञारूपी पानीको फोहराले सदाको लागि निभाउनु पर्दछ । मोहरूपी सर्पलाई प्रज्ञारूपी लौरोले तह लाउनु पर्दछ, मोहरूपी क्लेशलाई प्रज्ञारूपी हांक दिई विजय पाउनु र गर्नु पर्दछ । ■


**शान्ति नायक गौतम बुद्धको जन्म, सम्बोधी तथा महापरिनिर्वाण सँगालेको २५४२ औं वैशाख उत्सवमा सबैको मंगल कामना गर्दछौं ।**

- **जुजु रेडीमेड गार्मेण्ट**
  न्यूरोड
  फोन: २२३००४
- **जुजु कलेक्सन**
  खिचापोखरी
  फोन: २२१६६५
- **XYZ फेन्सी रेडीमेड पसल**
  खिचापोखरी
- **न्यू रेडीमेड**
  प.नं. 92
  विशाल बजार
  फोन: २२५५६८


## चेतना जगाइ देउ

✎ सरोजमान उदास, पोखरा-३

भगवान हामीलाई जगाई देउ
अज्ञानी हामीलाई दरशन देउ ।

अन्धभक्तीमा तल्लीन हामी
अनुभूती गर्न सिकाउ तिमी
आफ्नै स्वार्थमा लागेका हामी
सेवा भाव सिकाउ तिमी
भगवान....

अचेत भई सुतेका हामी
सचेत ध्वनीले ब्यूँझाउ तिमी
बाटो भूलेर हिंडेका हामी
अगुवा भई दोऱ्याउ तिमी
भगवान....

पर-निन्दा त जान्दछौं हामी
पर-उपकार सिकाउ तिमी
केवल गर्छौं बाह्याचार हामी
सदाचारी बन्न सिकाउ तिमी
भगवान....

लोभ र मोहमा भूलेका हामी
त्यागको भाव सिकाउ तिमी
दुःखको मार्ग हिंडेका हामी
मोक्षको मार्ग देखाउ तिमी
भगवान....

दया, करूणा सागर तिमी
थोपा थोपा का प्यासी हामी
शरणमा तिम्रो आएका हामी
पुकार हाम्रो सुनिदेउ तिमी
भगवान....

**Not to do Evil**
पाप कर्म कहिल्यै नगर्नु
**To Cultivate Merit**
पुण्य गर्दै जानु
**To Purify one's Mind.**
आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु
*– This is the teaching of the Buddha.*
*यहि नै बुद्धहरूको उपदेश हो ।*



Downloaded from http://www.dhamma.digital

# गऱ्यो पाप र पायो विलाप

एकपल्ट भगवान बुद्ध आनन्द र अरु शिष्यहरू साथमा लिई कुनै एउटा गाउँमा जाँदै हुनुहुन्थ्यो । त्यही समयमा एकजना मान्छे बुद्धको सामुन्ने आएर उहाँको मुखमा थुकिदियो । सो देखेर बुद्धका सबै शिष्यहरू अत्यन्तै क्रोधित भए ।

रीसले चूर भई आनन्दले भगवान बुद्धसंग बिन्ति गरे "भगवान यो त अति भयो ! प्रभु, आज्ञा मात्र दिनोस्, म यस दुष्टलाई तुरुन्तै उचित सजाँय दिनेछु ।"

बुद्धले शान्तपूर्वक आफ्नो मुख पुछी आफूलाई थुक्ने व्यक्तिलाई सम्झाउनु भयो, "धन्यवाद महाशय ! आज तपाईले गर्दा म भित्रको क्रोध उत्पन्न हुन्छ कि हुँदैन भन्ने कुरा जान्ने अवसर पाएँ । तर तपाईले थुक्नु भए पनि म अलिकति पनि क्रोधित भएको छैन । बरु म अति प्रसन्न भएको छु । तपाईले गर्दा आज आनन्दले पनि आफूलाई चिन्ने अवसर प्राप्त गरेको छ । हाम्रो लागि यो एउटा राम्रो परीक्षा नै साबित भएको छ । हामी तपाईको यस गुणको निम्ति आभारी छौं । फेरि पनि थुक्ने इच्छा भएमा हामीकहाँ आउनुहोला" ।

बुद्धको यस प्रत्युत्तरले त्यो व्यक्ति स्तब्ध भयो । थुकेपछि बुद्ध क्रोधित भई छटपट होला भन्ठानेको त उल्टो नतिजा निस्क्यो । यस्तो होला भनेर उसले सपनामा पनि चिताएको थिएन ।

त्यस रात उ पश्चातापले छट्पटिएर सुत्नै सकेन । मुखैमा थुकी अपमान गर्न खोज्दा पनि बुद्धले आफूलाई मित्रतापूर्वक व्यवहार गरेको देखेर उसलाई सपना हो कि विपना हो जस्तो लाग्यो । रातभर उसले बुद्धको शान्त मुहार झलझली संझिरह्यो ।

भोलिपल्ट बिहान सबेरै उ बुद्ध बसेको ठाउँमा गई चरणमा परी माफि माग्यो । बुद्धले भन्नुभयो । "सबै कुराहरु बिर्सिदिनुस् । म तपाईसंग पटक्कै रिसाएको छैन । त्यसैले माफिदिनु पर्ने कुनै आवश्यकता नै छैन ।"

*( साभार : ओशो टाइम्स )* ■




**शान्ति नायक गौतम बुद्धया**

**जन्म, सम्बोधि व महापरिनिर्वाण**

**चूलागु बैशाख पुन्हिया लसताय् सकलया**

**कल्याण कामना !**

**का.म.पा. ३० वडा कार्यालय**

परिवार




Downloaded from http://www.dhamma.digital

# थेरी गाथा-२

*मूल लेखक :* **भरतसिंह उपाध्याय**
*अनुवादिका :* **वीर्यवती**

**१२. धर्मदिन्ना**

धर्मदिन्नाको जन्म राजगृहको बैश्यकुलमा भएको थियो । उनको विवाह विशाख नाम गरेको समृद्धि शाली एक सेंठसंग सुसम्पन्न भएको थियो । एकदिन उनको पति बुद्ध दर्शन गरी फर्केको बेला उनले गम्भीर ज्ञान दृष्टि पनि साथमा लिई फर्क्यो । फलस्वरूप श्रीमतीबाट सधैं झैं प्रेम प्रदर्शन हुँदा पनि उनले त्यसको कुनै उत्तर फर्काएन । बेलुकीपख खाना खाँदा पनि केही कुराकानी गरेन । श्रीमानको यस्तो अनौठो स्वभाव देखी धर्म दिन्नाले आफ्नो नरम स्वभाव निकाली विस्तारै पतिदेव समक्ष प्रश्न गरिन्- "स्वामिन् । के मेरो तर्फबाट कुनै गल्ती त हुन पुगेन ? श्रीमानले उत्तर दिए- "धर्मदिन्ना ! तिम्रो कुनै दोष छैन, बरु म नै आजदेखि कुनै पनि नारीलाई छुने, स्वादिष्ट र असल भोजनका लागि लोलुपता हुने कार्यका लागि अयोग्य भएको छु । त्यसैले तिमीलाई इच्छा भए मात्र यस घरमा रहनु, होइन भने तिमीलाई जति धनको इच्छा छ, त्यति लिएर आफ्नो माइती गए पनि हुन्छ । श्रीमान्‌को यस्तो कुरो सुनी धर्मदिन्नाले आफू पनि भिक्षुणी हुने इच्छा श्रीमान् समक्ष प्रकट गरिन् । उनी प्रव्रजित भई एकान्त निर्जन स्थानमा गई साधना गर्न थालिन् । पछि धर्मदिन्नालाई बुद्धको शिक्षा प्रचार गर्ने भिक्षुणीहरू मध्ये अग्रणीको रूपमा मान दिइयो । तल उल्लेखित गाथा उनी जुनबेला निर्वाण प्राप्त हुने मार्गमा गइराखेकी थिइन् अर्थात् निर्वाण प्राप्त गर्ने कार्यमा प्रयत्नरत थिइन्, त्यसबेला भनिएको थियो ।

- जसले सम्पूर्ण अन्त:करणको वृत्तिले परम शान्तिको इच्छा गर्छ, फेरि जो भोग तृष्णाको आकर्षणमा प्रलुब्ध छैन, त्यसलाई नै उर्ध्वश्रोत (संसाररुपी श्रोतबाट माथि उक्लेको व्यक्ति) भनिन्छ ॥१२॥

**१३. विशाखा**

विशाखाको जीवनी भिक्षुणी धीराको जस्तै हो । विशाखाले पनि विमुक्ति सुखको अनुभव गर्दै तल उल्लेख गरिएको गाथा व्यक्त गरेकी थिइन्-

बुद्ध शासनलाई पूर्ण गर, जसले गर्दा मैले यस शासनलाई पूर्ण गर्न पाएको छैन भन्दै पश्चाताप गर्नु पर्ने छैन ।
अहिले नै खुट्टा पखाली एक्लै (ध्यान गर्नका लागि) बस्न जानु ॥१३॥

**१४. सुमना-१**

सुमनाको जीवनी भिक्षुणी तिष्याको जस्तै हो । भगवान बुद्धले भिक्षुणी सुमनाको अगाडि यस गाथालाई उद्‌बोधित गरी भन्नुभयो-

के संसारको सबै आधारलाई (तिमीले) दु:खमय (भनेर) देखेनौं ? त्यसैले पुनर्जन्मका लागि आसक्त नहोउ । संसारको आसक्तिपनालाई त्यागी परम शान्ति प्राप्त गर्दै तिमी घुम्नेछौ ॥१४॥

**१५. उत्तरा**

उत्तराको जीवनी पनि तिष्याको जस्तै हो । अर्हतत्त्व गरेको बेला अनायास उनीबाट यसरी खुशीले भरेको स्वर निस्क्यो ।

धेरै प्रयासको बावजूद मैले शरीर वचन र मनलाई संयम गर्न सफल भएँ ।
फलस्वरूप तृष्णाको जरा (नै) उखेली फालिदिएँ ।
आज म शान्त भएँ । निर्वाण प्राप्त गर्न सफल भएँ ।
निर्वाणको परम शान्तिलाई मैले साक्षात्कार गरें ॥१५॥

**१६. सुमना -२**

सुमनाको जन्म श्रावस्तीमा भएको थियो । उनी कोशल राजा प्रसेनजितको बहिनी थिइन् । भगवान् बुद्धले राजा प्रसेनजितलाई दिएको उपदेश सुनी सुमना धर्ममा श्रद्धावान् भइन् । संसारदेखि कति पनि आसक्त नभए तापनि उनीले धेरै समयसम्म प्रव्रजित भइनन् । किनभने उनीले आफ्नो बज्यैको सेवा गर्नु थियो । त्यसैले जुन समयसम्म उनको बज्यै जीवित रहनेछिन्, त्यस समयसम्म बज्यैको सेवा गर्ने उनको निर्णय थियो । पछि बज्यै परलोक हुनु भएपछि आफ्नो दाजु प्रसेनजित राजासंग वचन लिई उनी प्रव्रजित भइन् । भगवान् बुद्धले उनको पूर्ण ज्ञानदेखि तल उल्लेख गरिएको गाथा आज्ञा हुनुभयो । पछि यही गाथा सुमनाले दिनहुँ पढ्ने गर्न थालिन् ।

बृद्धा ! तिमी आनन्द संग सुत्नु ।
आफ्नो हातले बनाएको चीवर लगाई
तिमीले (यही शरीरले) परम शान्ति प्राप्त गर,
किनभने तिम्रो राग शान्त भइसकेको छ ।
निर्वाणलाई साक्षात्कार गरी तिमी परम शान्त व्यक्ति भयौ ॥१६॥

**१७. धम्मा**

धम्माको जन्म श्रावस्ती स्थित एक घरानी कुलमा भएको थियो । आफ्नो श्रीमान्‌को अनुमति पाउन नसकेको हुँदा संघमा प्रवेश गर्ने इच्छा हुँदा हुँदै पनि यस इच्छालाई पूरा गर्न सकेको थिएन । पछि श्रीमान् परलोक


Downloaded from http://www.dhamma.digital

भइसकेपछि धम्मा भिक्षुणी बनिन् । एकदिन भिक्षाटनबाट फर्किरहेको बेला धेरै कमजोर भएकी कारण उनी विहार अगाडि लडिन् । यसलाई नै समाधिको आलम्बन गरी उनी ध्यान मग्न भइन् । अर्हत्त्व ज्ञान प्राप्त गरिसकेपछि उनी खुशीले प्रफुल्लित हुँदै यस गाथा उच्चारण गर्न थालिन् ।

एकदिन भिक्षाटनका लागि म टाढा पुगें,
एकदम कमजोर भएको कारणले म लौरोको भरमा
विहार अगाडि हिंडिराखेको बेला ढलमलिदै लड्न पुगें ।
लड्ने बित्तिकै मैले यस शरीरका दोषहरूलाई राम्री देखें ।
मेरो शरीर जमीनमा त्यसै परिरहेको थियो ।
तर मेरो चित्त विमुक्त भइसकेको थियो ॥१७॥

## १८. संघा

संघाको जीवनी भिक्षुणी धीराको जस्तै हो । आफ्नो अनुभवको वर्णन संघाले यसरी गर्छिन् -

घर त्यागें, आफूलाई मनपर्ने सन्तानहरू त्यागें,
माया लाग्दा पशुहरू सबै त्यागी मैले सन्यासी दिक्षा लिएँ ।
राग र द्वेषलाई त्यागें, अविद्यालाई त्यागी विरक्त भएँ ।
तृष्णाको जरा काटी निर्वाणरूपी परम शान्तिलाई साक्षात्कार गरें ।
निर्वाणलाई साक्षात्कार गरी म परम शान्त व्यक्ति बनें ॥१८॥ ■

*क्रमश:*


**२५४२ औं बुद्ध जयन्तीको शुभकामना !**

*अन्तर्राष्ट्रिय स्तरको पोलियोरिथिन फोम, म्याट्रेस, तकियाको लागि निम्न ठेगानामा सम्पर्क राख्नुहोला:-*

**चिराग फोम इण्डष्ट्रिज प्रा. लि.**

बालाजु औद्योगिक क्षेत्र
काठमाडौं ।
फोन: २५०३८४

*शो रुम:*
पुतली सडक, काठमाडौं
फोन : ४२६८५४, ४३०७७३
फ्याक्स : ४३०९४५

**२५४२ औं बुद्ध जयन्तीको शुभकामना !**

**डा. आन्जल ब. ताम्राकार**
*बाल रोग बिशेषज्ञ*

**K.C. HOSPITAL**
*Managing Director*
Res: 253574

समय: विहान ९ देखि ११ र साँझ ६ देखि ८ सम्म

**SPECIALIST DOCTORS CLINIC (SDC)**
**विशेषज्ञ डाक्टर क्लिनिक**
**उच्च तथा भरपर्दो सेवाको लागि**
प्यूखा, न्यूरोड ।
*[विलकम डिपार्टमेन्टल स्टोर अगाडि, सेन्ट्रल क्लिनिक (ल्याव) संगै]*

बालरोग विशेषज्ञ, प्रसुती तथा स्त्रीरोग विशेषज्ञ, जनरल फिजिसियन, चर्म (छाला) तथा यौन रोग विशेषज्ञ, नसा (स्नायु) रोग विशेषज्ञ, दन्त (दाँत) रोग विशेषज्ञ, अडियोलोजिष्ट, स्पीचथेरापिष्ट, एक्यूपञ्चर तथा चाईनिज मेडिसिन विशेषज्ञ, नाक, कान, घाँटी, आँखा रोग, हाड, जोर्नी तथा माईनर सर्जरी आदि सेवाहरू ।

☎ 222185 ☎

खुल्ने समय: विहान ८ देखि बेलुका ८ बजे सम्म ।

*With Best Compliments on the Auspicious and Holy Occasion of Buddha Jayanti*

☆

La dolce Vita
*ristorante - bar italiano*

Thamel
P.O. Box 4477, Kathmandu
Tel : 419612
*( In front of Kathmandu Guest House )*




Downloaded from http://www.dhamma.digital

# ज्ञानमाला सभा, तानसेन र ५० वर्ष

✍ विश्व शाक्य

विहान ध्यानबाट फर्कँदै थियौं । बाटोमा गोविन्द भाइले जानकारी दियो- "दाइ ! तपाइँको नाममा तानसेनबाट निम्तो आएको छ भने सुनेको थिएँ । २२ गतेलाई तानसेन जानपर्छ होला !"

"के कार्यक्रम रहेछ र ?" जिज्ञासा बस सोधियो।

"तानसेनमा ज्ञानमाला सभाको स्वर्ण जयन्ती छ रे त्यसैको निम्तो आएको छ भनेर कृष्णमान गुभाजूले हिजो महेन्द्रपुलमा भेट हुँदा भन्दै थियो" । उसले आफूले पाएको जानकारी स्पष्ट पाऱ्यो । त्यही दिन ८ बजेको (विहानको) बसबाट पंक्तिकार काठमाडौं गइयो । २० गते फर्कियो । नभन्दै निम्तोले पर्खेर बसिरहेको रहेछ ।

२१ गते विहान ध्यान सकेर गोविन्द भाइले फेरि पनि तानसेनको निम्तो बारे प्रसङग उठायो । तानसेन जानु (निम्तोमा) राम्रो हुने आग्रह पनि गऱ्यो । यस्तैमा नीलकण्ठ भाइ पनि तुप्लुक्क आइपुग्यो । उ पनि तानसेन जाँदै रहेछ । समय निश्चित भएपछि खबर गर्छु भनेर उ हिंड्यो । ११ बजे तिर सोम बज्राचार्यको फोन आयो । ३ वटा मोटर साइकलमा ६ जना तानसेन जान तय भएको जानकारी दियो । दिउँसो १:३० बजे हामीले पोखरा छोड्यौं । आरामसाथ बस्दै जाँदा राती सवा सातबजे मात्र तानसेन पुग्यौं ।

तानसेनमा खाने बस्ने सुत्ने ठाउँको राम्रै व्यवस्था गरिएको रहेछ । हामी होटल भित्र पस्नु पनि पानी पर्नु र बत्ती जानु सँगै पऱ्यो । विजूली बत्ती गए पनि होटलमा पानीको राम्रै व्यवस्था रहेछ । नुहाइ वरी ताजा हुन पाएकोमा हामी रमायौं । महाचैत्य विहार ज्ञानमाला सभाका अध्यक्ष कृष्ण प्रसाद शाक्यज्यूको भनाई अनुसार उहाँहरूले काठमाडौं, पाटन, भक्तपुर, बाग्लुङ्ग र अन्यन्त्रका थुप्रै ज्ञानमाला संघलाई निम्ताउनु भएको भए पनि हामी पोखरा, हेटौंडा र पाटनको एउटा ज्ञानमाला टोली बाहेक कोही नआएको जानकारी प्राप्त भयो ।

२०५४ चैत्र २२ गते विहान ६ बजे देखि नै कार्यक्रम थियो। ६ बजे ज्ञानमाला भजन, ७ बजे बुद्ध पूजा ७:३० बजे शील प्रार्थना र ७:४५ बजे धर्मदेशना थियो। यसैगरी दिउँसो ११:५० बजे शान्ति पदयात्रा र १ बजे उद्घाटन एवं अभिनन्दन कार्यक्रम थियो। नियत समयमा विहान ६ बजे यस पंक्तिकार महाचैत्य विहारको प्राङ्गणमा पुग्दा माइक व्यवस्था मिलाई रहेको १ जना उपासक बाहेक त्यहाँ अरु कसैलाई देख्ने सु-अवसर पाएन । कार्यक्रम ६ बजे विहान शुरु गर्ने भनेर उल्लेख गरिएको भएता पनि ७:३० बजे तिर मात्र शुरु हुन सकेको देखियो। त्यस्तै दिउँसो १ बजेको समुद्घाटन र अभिनन्दन कार्यक्रम २ बजे तिर मात्र शुरु भएको थियो ।

विहान भएको पहिलो चरणको कार्यक्रममा शीलप्रार्थना, बुद्धपूजा र धर्मदेशना भएको थियो । भिक्षु कुमार काश्यप, भिक्षु चुन्द शास्त्री र भिक्षु विमलानन्दको सामिप्यमा भिक्षु कौण्डण्यले धर्मदेशना गर्नु भएको थियो । धर्म चर्चाको क्रममा श्रद्धेय भिक्षु कौण्डण्यले भगवान् बुद्ध समक्ष आलवक यक्षले राखेको चारवटा प्रश्न सर्वश्रेष्ठ धन, सुखमय जीवन, उत्तम जीवन र उत्तम रस के हो ? भन्ने बारे श्रद्धा धन सबैभन्दा श्रेष्ठ धन, धर्ममा प्रतिष्ठित भएको जीवन सबैभन्दा सुखद जीवन, प्रज्ञामा प्रतिष्ठित भएको जीवन सबैभन्दा उत्तम जीवन र सत्य नै सबैभन्दा उत्तम रश भनेर भगवान् गौतम बुद्धले सटिक जवाफ दिनु भएको चर्चा गर्नु भयो ।

पहिलो चरणको कार्यक्रम समापन पछि महाचैत्य विहार ज्ञानमाला सभाका अध्यक्ष श्री कृष्ण प्रसाद शाक्यज्यूसँग केही वेर सँगै बस्ने सौभाग्य प्राप्त भयो । पंक्तिकारले उहाँसँग जिज्ञासा राख्दा थाहा भयो- टक्सार, तानसेन स्थित महाचैत्य विहार निर्माणको लागि मोतिमान शाक्य र उहाँको परिवारले वि.सं. १९८५ सालमा जग्गा दान गर्नुभएको रहेछ । १ साल पछि वि.सं. १९८६ सालमा एउटा सत्तलको रुपमा विहारको निर्माण भएको रहेछ । राजनसिंह बज्राचार्य र उहाँको परिवारको सहयोगमा उक्त सत्तलको निर्माण भएको रहेछ। त्यही सत्तलमा वि.सं. २००४ साल श्रावण/भाद्र तिर ज्ञानमाला सभाको स्थापना भएको रहेछ । ज्ञानमाला सभा वारे विगत ५० बर्ष देखि अनवरत सेवा गर्दै आइरहनु भएका वर्तमान अध्यक्ष कृष्ण प्रसाद शाक्यज्यू भन्नु हुन्छ- वि.सं. २००४ सालमा ज्ञानमाला सभा स्थापना हुँदा हामी केटाकेटी नै थियौं । उ बेलाका बूढा पाकाहरु भजन किर्तनका लागि सत्तलमा जम्मा हुँदा हामी पनि त्यहाँ पुग्थ्यौं । हार्मोनियम तवला वसार पसार गर्ने काममा हामी सघाउँथ्यो । भजन किर्तनमा बाल्यकालदेखि नै आफ्नो रूचि भएको हुँदा ज्ञानमाला सभाको स्थापना कालदेखि नै आफू त्यतातिर आकर्षित



Downloaded from http://www.dhamma.digital

भैयो । सानैदेखि त्यता लागेको हुँदा अलि बुझ्ने भए पछि कार्यसमितिको विभिन्न पदमा रहेर काम गरेर आइयो । एउटै संस्थामा अनवरत रुपमा ५० वर्षसम्म रहेर काम गर्ने सायद म मात्रै होला । उहाँ आत्म विश्वास साथ भन्नु हुन्छ- मैले यो संस्थामा सचिव भएर मात्र २० वर्ष काम गरें । कोषाध्यक्ष भएर त्यस्तै काम गरें । केही वर्ष देखि अध्यक्ष पदमा रहेर काम गर्दैछु । अझै पनि म अध्यक्षमै रहेर सेवा गर्छु भनें भने कसैले विरोध गर्दैनन् । यदि मैले आत्म प्रशंसा गरेको नठहरिने हो भने मैले भन्न सक्छु मैले ज्ञानमाला भजन र यस संस्थाको प्रचार प्रसारको काममा ठूलो योगदान गरेको छु । राष्ट्रिय स्तरमै ज्ञानमाला भजन र संस्थाहरूबारे चेतना लहर ल्याएको छु । ज्ञानमाला सभाकै सक्रियतामा तानसेन, टक्सारमा वि.सं. २०४१ सालमा बौद्ध महिला संघ गठन भएको, ज्ञानमाला सभाले बौद्ध शिक्षामा जागरण ल्याएको, वि.सं. २०५३ सालमा द्वितीय ज्ञानमाला राष्ट्रिय सम्मेलनको सफलतम् आयोजना गरेको, यसले ल्याएको आध्यात्मिक अभियानकै कारण बौद्धहरूले बलिपूजा बन्द गरेको कुरा उहाँले बताउनु भयो । तर, बौद्धहरूले विवाह ब्रतवन्ध र अन्य भोज भतेरमा पशुहिंसा रोक्न नसकेको सत्य स्वीकार्नु भयो ।

१२ बजे शुरु हुने भनिएको दोस्रो चरणको मुख्य कार्यक्रम १ बजे मात्र शुरु हुन सक्यो । दोस्रो चरणको मूल कार्यक्रमको शुभारम्भ झण्डत्तोलन र दीप प्रज्वलन गरी प्रमुख अतिथी धम्मानु शासक श्रद्धेय भिक्षु कुमार काश्यपले गर्नु भएको थियो । यसैगरी 'ज्ञानमाला सभा स्वर्ण उत्सव विशेषाङ्कको विमोचन पनि गर्नु भएको थियो । श्रद्धेय भिक्षु चुन्द शास्त्रीले अक्षयकोष स्थापनामा सहयोग गर्नेहरूलाई प्रमाण पत्र वितरण गर्नुभएको थियो भने श्रद्धेय भिक्षु विमलानन्दले स्वर्ण उत्सवको अवसरमा निकालिएको ज्ञानमाला भजन संग्रहको क्यासेट विमोचन गर्नु भएको थियो । ज्ञानमाला सभाको ५० औं वर्ष प्रवेशको स्वर्ण उत्सवको उपलक्षमा भिक्षु कुमार काश्यप, भिक्षु चुन्द शास्त्री, भिक्षु विमलानन्द र गुरुमा धम्मदिन्नालाई अभिनन्दन गरिएको थियो । विभिन्न संघ संस्थाका प्रतिनिधीहरूले शुभकामना मन्तव्य व्यक्त गरिएको त्यस कार्यक्रम बेलुकी पाँच बजेतिर समापन भएको थियो । सबै कुराहरू यथावत चल्दा चल्दै पनि ज्ञानमाला सभाको स्थापना कालदेखि निरन्तर अविछिन्न रुपमा कामगर्दै आइरहनु भएका अध्यक्ष कृष्ण प्रसाद शाक्यज्यूलाई उहाँको सेवाको कदर स्वरुप अभिनन्दन गरिएको पाइएन । यस पंक्तिकारलाई अचम्मै लाग्यो ।

बेलुकी ८ बजेबाट ज्ञानमाला कार्यक्रम थियो । हामी पोखरेलीहरूले राम्रो प्रस्तुति दिन सकिएन । कोठामा आइसकेपछि दिनभरि भएको कार्यक्रमको चर्चा भयो । चर्चाकै क्रममा पुष्कर दाइले तानसेनमा बुद्ध धर्मको बेस्करी प्रचार त भएको हो तर धेरे संस्थाहरू भएको कारण आपस-आपसमा मेल-मिलाप हुन नसकेको धारणा व्यक्त गर्नु भयो । उहाँको धारणाप्रति असहमति जनाउँदै पंक्तिकारले आफ्नो धारणा राख्दै भन्यो-

"संघ-संस्था धेरै भएर धर्म प्रचार नहुने भन्ने होइन । कहीं पनि संघ-संस्था वीच आपसी समझदारी नहुनु, मेल मिलाप नहुनु भनेको धर्मलाई सही रुपमा बुझ्न नसक्नु हो । जसले, जहाँ धर्मलाई राम्ररी बुझेको हुन्छ त्यहाँ जत्ति धेरै संघ संस्था भएपनि राम्रो मेल मिलाप हुन्छ । सबै सम भावमा स्थापित हुन्छन् । सबैमा सम भाव हुन्छ । धर्मको नाममा जहाँ राजनीति हुन्छ, तँ-तेरो, म-मेरो भन्ने भाव जुन संघ-संस्था बीच विद्यमान रहन्छ त्यहाँ तिनीहरूबाट धर्म प्रचार सम्भव रहँदैन ।" पंक्तिकारको यस भनाईप्रति ज्ञानमाला संघ पोखराका अध्यक्ष कृष्णमान गुभाजुले आफ्नो प्रतिकृया जनाउँदै भने- "धर्मप्रतिको तपाँइको हेराइ र अरुको हेराइ एउटै नहुन पनि त सक्छ । तपाईको हेराई र अर्काको हेराइमा फरक पनि हुन सक्छ ।"

"हेराई सबैको एउटै नहुन सक्छ त्यो ध्रुव सत्य हो । यसको अर्थ यो पनि होइन कि सत्य पनि बेग्ला बेग्लै हुन्छ । सत्य हिजो पनि सत्य थियो, आज पनि सत्य नै हुन्छ र भोलि पनि सत्यनै रहन्छ । मात्र समय फरक हुन्छ । अवस्था फरक हुन्छ । तसर्थ धर्म स्वार्थ र राजनीतिबाट प्रभावित हुन्छ भने त्यो धर्मले कहिल्यै कसैको कल्याण गर्न सक्तैन र त्यो धर्मले धर्मको रक्षा पनि गर्न सक्तैन ।"

सबै चूप, सबै मौन । त्यसपछि धर्मको चर्चै चलेन । तानसेको त्यो दोस्रो रात यसरी नै वित्यो । भोलि पल्ट विहानै हामी पोखरा फर्क्यौं । ■ २०५४/१२/२४, पोखरा

**"आफूलाई अहित हुने खराव काम गर्न सजिलो छ, जुन हितकर तथा असल काम हो त्यो मुश्किल छ ।"**

**– धम्मपद**



Downloaded from http://www.dhamma.digital

# बुद्ध एक मनुष्य हुनुहुन्थ्यो

✍ रीना तुलाधर

अधिकांश धार्मिक आस्था भएका व्यक्तिहरूले कुनै पनि धर्मका गुरुलाई भगवान वा ईश्वर मानिने जस्तै गौतम बुद्धलाई पनि भगवानकै रुपमा मानिएको पाइन्छ । बुद्धप्रति असिम श्रद्धाको कारणले बुद्धलाई देवताभन्दा ठूलो देवता पनि मानिन्छ । तर श्रद्धामा ज्ञान मिसिनु अति आवश्यक छ । बुद्ध वास्तवमा को थिए यो बुझेर श्रद्धा प्रकट गर्नु उचित देखिन्छ । बुद्धलाई ईश्वरको रुप मान्नु गलत हो ।

बिर्सनु नहुनु, कुरा के छ भने बुद्ध हामी जस्तै एक मनुष्य हुनुहुन्थ्यो । उहाँ जन्मनु हुँदा मानिसकै कुलमा प्राकृतिक रुपले नै जन्मनु भएको थियो । आकाशबाट ओर्लेको वा जमीनबाट निस्केको वा अग्निबाट प्रकट भएको आदि कुनै घटना थिएन उहाँ जन्मनु हुँदा । प्रकृतिको नियम अनुसार जसरी एउटी आइमाईले मानिसको बच्चालाई जन्म दिन्छिन् त्यसरी नै उहाँको आमाले उहाँलाई जन्म दिनु भएकी थिइन् । श्रद्धा र भक्तिको कारणले बुद्धको जन्म हुँदा विभिन्न अप्राकृतिक ढंगले भएको हो भन्ने वर्णनात्मक साहित्य बौद्ध ग्रन्थहरूमा पछि थपिएका हुन् । निश्चित रुपमा उहाँ एक मनुष्य जाति हुनुहुन्थ्यो । तर उहाँ साधारण मानिस भने थिएनन् । वहाँको राम्रो संस्कारले उहाँको स्मृति, बुद्धि, ज्ञान साधारण मानिसको भन्दा असंख्य गुणले उच्च स्तरको थियो ।

प्राकृतिक मानिसको शरीर भएको हुनाले गौतम बुद्धले शारीरिक रुपमा हुन आउने शारीरिक दुःख पनि भोग्नु नै हुन्थ्यो । भगवान बुद्ध धेरै पटक बिरामी पर्नु भएको उल्लेख छ । टाउको दुख्ने उहाँको निको नभएको रोग थियो । देवदत्तले बुद्धलाई मार्न भनी माथिबाट खसालेको ढुंगाको एक टुक्रा बुद्धको खुट्टाको बुढी औंलामा परेको घाऊ भएर धेरै दिनसम्म त्यो घाऊ निको भएन । ५५ वर्षको उमेर हुँदा आफ्नो शरीरको बल शिथिल भएको कारणले बुद्धले कुनै निजी सेवक खोज्नु भयो । बुद्धको निजी रुपमा सेवा गर्न भिक्षु आनन्द मनोनित भए । बुद्धको परिनिर्वाणमा पनि शारीरिक रोग एक कारण बनेको थियो । चुन्द सुनारले दान दिएको खाना नपचेर उहाँलाई झाडा पखाला लागेको थियो । त्यो नै उहाँको अन्तिम भोजन थियो । यस प्रकार भगवान बुद्धको शरीर मासु, हाड रगतले बनेको प्राकृतिक शरीर थियो । कुनै दैवी शक्ति भएको ईश्वरीय, दिब्य शरीर थिएन उहाँको ।

जबसम्म बुद्धलाई एक मनुष्यको रुपमा अध्ययन गरिदैन उहाँको शिक्षा र उपदेशलाई सही रुपमा बुझ्न सकिन्न । यसबाट हुनुपर्ने फाइदा उठाउन सकिन्न ।

**बुद्ध र बुद्धहरूको परम्पराः**

'बुद्ध' शब्द सुन्ने बित्तिकै मानिसहरूको दिमागमा गौतम बुद्धको चित्रण चित्रित हुन्छ । साँच्चै भन्ने हो भने 'बुद्ध' भनेको कुनै व्यक्ति होइन । न त यो कुनै व्यक्तिका आमा- बाबुले दिएको नाम हो । पालि (मागधी) भाषानुसार 'बुद्ध' शब्द 'बुध बुझ्ने' भन्ने धातुबाट बनेको हो । अतः यो गूथवाचक शब्द हो । जसले बोध गर्ने काम गर्छ उसलाई बुद्ध भनिन्छ । खासगरी बुद्ध साधारण-तया गौतम बुद्ध आदि बुद्धत्व प्राप्त गरेका महापुरुषहरूको नाम भए तापनि जुनसुकै मानिस पनि बुद्ध बन्न सक्छन् । बोध कार्य सुसम्पन्न गर्ने सबै मानिसहरूलाई 'बुद्ध' भन्न सकिन्छ ।

बुद्धको शिक्षा अनुसार 'चतुरार्य सत्यलाई' अवबोध गर्नेलाई 'बुद्ध' भनिन्छ । जबसम्म यी चार सत्यलाई सत्यको रुपमा अवबोध गर्नुभएको थिएन तबसम्म उहाँले न आफूलाई बुद्ध भन्नु भयो न त अर्काले नै उहाँलाई बुद्ध भने । संसारमा दुःख छ, दुःखको कारण छ, दुःखको अन्त हुन सक्छ, त्यो अवस्थामा पुग्ने मार्ग छ- यी चार सत्यलाई चार आर्य सत्य भनिएको हो ।

बौद्ध धारणा अनुसार बुद्ध तीन प्रकारका छन्:

**सम्यक सम्बुद्धः** अरुलाई पनि मुक्तिको मार्ग दिने आफू पनि मुक्त हुने बुद्ध,

**प्रत्येक बुद्धः** आफू मात्रै मुक्त हुने बुद्ध

**श्रावक बुद्धः** अरुद्वारा देखाइएको मार्गमा लागेर मुक्त हुने अरहत बुद्ध बौद्ध धारणा अनुसार अहिलेसम्म जम्मा २८ जना सम्यक सम्बुद्धहरू भइसके जसमध्ये गौतम (शाक्यमुनि) बुद्ध अन्तिम हुन् । भविष्यमा मैत्रेय बुद्ध आउन बाँकि छ ।

बुद्धहरूको यो परम्परालाई अवतारवादीहरुले बुद्धलाई ईश्वरको अवतारको प्रसंगसँग मिलाउन खोज्यो भने त्यो पक्कै गलत तथ्य हो । अवतारवादसँग बुद्धको परम्परालाई मिलाउन खोज्नु अवतारवादी ब्राम्हणहरूको स्वार्थपूर्ण षडयन्त्र हो । यस तथ्यलाई स्पष्ट पार्न बोधिसत्वको चर्या अध्ययन गर्नु आवश्यक छ ।

**बोधिसत्व र बुद्धः**

भविष्यमा सम्यक सम्बुद्ध बन्नेलाई बोधिसत्व भनिन्छ कुनै एक सम्यक सम्बुद्धको अगाडि आफू पनि



Downloaded from http://www.dhamma.digital

उस्तै सम्यक सम्बुद्ध बन्ने प्रार्थना गरी त्यस अनुसार प्रण गरेर सम्यक सम्बुद्ध बन्ने प्रयासमा लागेपछि त्यो बोधिसत्व बन्दछ । सम्यक सम्बुद्ध बन्ने प्रण गरेदेखि अनेकौं योनीमा अनेकौं जन्म लिएर दश पारमिता पूरा गर्नुपर्छ । दश पारमिता पूरा भएपछि बुद्ध बन्नुभन्दा दश जन्म अघिदेखि बोधिसत्व भएर लगातार दश जन्महरूबाट दश बल प्राप्त गर्नुपर्छ । यस प्रकार दुबै तरीकाबाट समर्थ सिद्ध भएपछि मात्र बोधिसत्व 'बुद्ध' हुन सक्छ । बोधिसत्वको अन्तिम इच्छा नै 'बुद्ध' हुनु हो ।

यसै प्रसंगमा यो जानौं सम्यक सम्बुद्ध हुनलाई निम्नलिखित मूलभूत आवश्यकताहरूले पूर्ण हुनु आवश्यक छ । १. बुद्ध मनुष्य नै हुनुपर्छ २. बुद्ध पुरुष नै हुनुपर्छ ३. बुद्ध हुने हेतु (=पुण्य संस्कार) हुनुपर्छ ४. कुनै पहिलेको सम्यक सम्बुद्धको दर्शन गरेको हुनुपर्छ ५. गृह त्यागी नै हुनुपर्छ ६. पाँच अभिज्ञा र आठ समापत्ति युक्त हुनुपर्छ ७. त्याग गर्ने शक्ति हुनुपर्छ । प्रबल उत्साह हुनुपर्छ । यस हिसाबले सम्झन योग्य छ बुद्ध मनुष्य हो कि ईश्वरको अवतार ?

**गौतम बुद्धले अर्को जन्म लिने छैनः**

गौतम बुद्ध बन्ने सिद्धार्थकी आमा महामायादेवीले सिद्धार्थ हुने बच्चा गर्भधारण गरेको रातमा देखेको सपना यहाँ उल्लेखनीय छ । सिद्धार्थको जन्म २६२१ वर्ष अगाडी कोशल नामको राज्य अन्तर्गत पर्ने शाक्यहरूको राजधानी कपिलवस्तुमा (हाल नेपालको पश्चिममा पर्ने कपिलवस्तु जिल्ला) राजा शुद्धोदन र महारानी महामायादेवीको कोखमा भएको थियो । उहाँको गोत्र गौतम थियो, कुल शाक्य थियो र वंश सूर्यवंशी थियो । त्यसबखत शाक्यहरूको चलन अनुसार आषाढ महिनामा एउटा महोत्सव सात दिनसम्म मनाइन्थ्यो । त्यो महोत्सवमा राज्यभरिका शाक्य तथा राजपरिवारका सबै सदस्यहरू सम्मिलित हुन्थे । सातौं दिन महामायादेवी विहान सबेरै उठिन् । सुगन्धित जलले स्नान गरिन् । बहुमूल्य आभूषण पहिरिन् । व्रत बसिन् । त्यसपछि खूबै सिंगारिएको शयनकक्षमा सुत्न गइन् ।

त्यस रात शुद्धोदन र महामाया सँगै बसे । महामायाले गर्भधारण गरिन् । राजसी शैयामा सुत्दा रानीलाई निन्द्रा पऱ्यो । निन्द्रामा महामायाले सपना देखिन् । सपनामा रानीले चारवटै (४) दिशाका देवताहरूद्वारा सुतिरहेको खाटसहित उठाएर लगिएको दृष्य देखिन् । देवताहरूले हिमालय प्रदेशको एउटा शाल वृक्षमुनि खाट अड्याए । तिनीहरू सँगै उभिएका थिए । त्यसपछि ती देवताका देवीहरूले तिनलाई मानसरोवर तिर लिएर गए । तिनीहरूले रानीलाई स्नान गराए, पोशाक लगाई दिए । सुगन्धहरू घसिदिए र कुनै दिब्यात्माको स्वागत गर्न योग्य हुने गरी फूलहरूले सिंगारिदिए । अनि 'सुमेध' नाम भएको बोधिसत्वले तिनी बसेको ठाउँमा आएर यसरी प्रार्थना गरे - "मैले मेरो अन्तिम जन्म धारण पृथ्वीमा गर्ने निश्चय गरेको छु, के तपाई मेरी आमा हुन स्वीकार गर्नुहुन्छ ?" महामायाले सहर्ष स्वीकार गरिन् । त्यसैबेला तिनी निन्द्राबाट बिउँझिन् ।

यस सपनाको ब्याख्या गर्न स्वप्न विद्यामा पारंगत आठ ब्राह्मणहरूसँग प्रश्न गर्दा उनीहरूले उत्तर दिए- "महाराज ! निश्चिन्त हुनुहोस् । तपाईको पुत्र-जन्म हुनेछ । तपाईको पुत्रले गृहस्थ जीवन व्यतीत गरेछ भने चक्रवर्ती राजा हुनेछ, अन्यथा गृह त्याग गरेर सन्यासी भयो भने 'बुद्ध' हुनेछ ।"

अतः यो उहाँको अन्तिम जन्म हो । कहाँबाट अर्को अवतार लिनु ? अर्को एउटा बुद्धको उक्ति उल्लेखनीय छ, सिद्धार्थले बुद्धगयामा बुद्धत्व प्राप्त गरिसकेपछि बुद्धत्व प्राप्त गरेको खुशिमा बोल्नु भएको प्रथम उदान वा प्रीति वाक्य वा प्रथम बुद्ध वचन यो थियो- "अनेक जाति संसारं सन्धाविस्सं अनिब्बिसं, गहकारकं गवेसन्तो दुक्खा जाति पुनप्पुनं, गहकारक दिट्ठोसि, पुनगेहं न काहसि । सब्बा ते फासुका भग्गा गहकूटं विसंखतं । विसंखारगतं चित्तं तण्हानं खय मज्झगा ।" अर्थः "फेरि फेरि जन्म लिनु पर्दा दुःख हुने हुनाले यो शरीररुपी घर बनाउनेलाई खोज्दा खोज्दै यो संसारमा अनगिन्ति जन्म लिइसकें । हे गृहकारक ! मैले तिनीलाई देखें । तिमीले अब फेरि दुःखको घर बनाउन सक्ने छैनौ । सबै औजार भाँचिसकें । संस्कार निर्मूल भयो, तृष्णा क्षय भयो ।"

स्पष्टतः भगवान बुद्धले यो आफ्नो अन्तिम जन्म भनेर यसरी घोषणा गर्नु भएको छ भने ईश्वरको नवौं अवतारले अर्को दशौं अवतार लिने छ भन्ने विश्वास गर्नेहरूको बुद्धिमाथि हाँसो उठ्छ । निहित आफ्नो स्वार्थको लागि भगवान बुद्धलाई नै प्रयोग गरेर सर्वसाधारण मानिसलाई अन्योलमा पार्ने दुष्प्रयास भइरहेको स्पष्ट छ । प्रत्येक मनुष्यले प्रयत्न गरेमा 'बुद्धत्व' प्राप्त गर्न सकिन्छ - यो बुद्धको दावा हो । यही कारण उहाँले मनुष्य जाति भएर जन्मेर संसारलाई यो पवित्र धर्म प्रदान गर्नुभयो मनुष्य मात्रको प्रोत्साहन बन्नको लागि । मनुष्य भएर बाँच्नु भयो र मनुष्यकै मृत्यु पर्नुभयो । ईश्वरीयपनको गन्ध पनि छैन उहाँको जीवनीमा । ■


Downloaded from http://www.dhamma.digital

# लिच्छवि इलय् आर्य संघ

✍ गंगालाल श्रेष्ठ

नेपालय् लिच्छवि शासन चलय् जुयाच्वंबलय् भारतय् गुप्त शासन ख: । गुप्त शासन इलय् भारतय् धर्म, संस्कृति, कला आदि गुलि उन्नति जूगु ख: । अथेहे नेपा:या लिच्छवि इलय् नं धर्म संस्कृति, कला आदिया उन्नति जूगु जक मखु, धर्म, संस्कृति व कला आदि इतिहासया ख्यलय् स्वर्ण युग धा:सां छुं पाइमखु । धायृकि लिच्छवि इलय् भारतं वपिं हिन्दू व बौद्ध धर्म संस्कृतिं थनया नेपा:मितयृगु समाजय् थाय् काल । व थौं नेपा:मितयृगु सभ्यताया रुपय् नेपा:या संस्कृति कथं नेपा: सरकारं विश्वया न्ह्योने म्हसीका बियावयाच्वंगु दु । लिच्छवि इलय् नेपा:मितयृगु ग्वाहालिं लिच्छवि जुजुतयसं धर्म, संस्कृति व कलाया ख्यलय् नेतृत्व बिल व थौं तक नं नेपा:या धरोहरया रुपय् म्वानाच्वंगु दनि । भारतया गुप्त इलय्या अभिलेखत अध्ययन याना: नेपा:या लिच्छवि जुजु व जनतां पलिस्था याना थकूगु शिलालेखत अध्ययन यानास्वयेबलय् गुप्त इलय्या जनताया दथुइ सांस्कृतिक आदानप्रदान जूगु धइगु खंकेफु । छायृकि गथे गुप्त इलय्या अभिलेखय् राजाज्ञा जारी जुयाच्वंगु खनेदु । तर छता खँ ल्वमंके मज्यूगु छु लेसा धा:सा गुप्त धयापिं थ्व थ्व जनतात नेपा:गालय् शरणागतया रुपय् दुहाँ व:गु दुसा, नेपा:गा:या नेपा:मित खालि भारतय् शरणागतया रुपय् मखुसें व्यापारी कथं दुहाँ व:गु दु ।

लिच्छवि इलय् भारतं खालि शरणागतया रुपय् जक मखुसें धर्म प्रचारया ज्वलय् नं धर्म प्रचारकत नं व:गु व ईया अभिलेखं सीकेफु । उकि मध्येय् बौद्ध प्रचारकत व स्वयम बौद्ध भिक्षुत ख: । बौद्ध प्रचारकया रुपय् नेपालय् व:म्ह नालन्दा विश्वविद्यालयया कुलपती नागार्जुन खसा, बौद्ध धर्मया प्रचारया रुपय् भारतय् थी थी थासय् आर्यभिक्षु बौद्ध धर्म प्रचार या:गु खँ लिच्छवि इलय् थापना यानात:गु अभिलेखं सीकेफु । थथे नेपा:गालय् वया आर्य संघ चायेकाच्वंपिं भिक्षुतयृत वा आर्य संघयात राजकिय सम्मान जक मखुसें चीचीधंगु मुद्दा स्वयेगु अपराधी बाहेक अपराधीया धन सम्पत्ति व वया मस्त नं आर्य संघया अधिकार जुइगु अधिकार ब्यूगु खँ जुजु नरेन्द्र देवं पशुपति बज्रछेँय् पलिस्था यानात:गु अभिलेखं सीकेफु । थथे जुजुतयसं भिक्षु संघयात अधिकार व्यूगुलिं ध्यान तयृबलय् राजाया नीति वा राज्यया शासनय् भिक्षु संघपिंसं छुं अवश्य योगदान ब्यूगु दयेमा: धइगु अनुमान यायेफु । थथे राजकिय सम्मान व अधिकार व्यूगुलिं लिच्छवि इलय् हिन्दू धर्म नापनाप बौद्ध धर्म नं तिब्रगतिं प्रचार जुजुं वना जनमानस दुने थाय् काकां वन । गुकिया फलस्वरुप व इलय् आपालं चैत्य, बौद्ध लोकेश्वर व बौद्ध मूर्ति निर्माण जूगु व इलय्या बौद्ध मूर्ति व अभिलेखं सीकेफु ।

न्यागूगु शताब्दीयागु मानेयाना: त:गु यलया चपट त्वालय् पलिस्था यानात:गु बुद्धया मूर्तिया पादपीठय् 'आर्य भिक्षुणी संघ' उत्कीर्ण यानात:गु दु । लिसें जुजु नरेन्द्र देवया इलय् सन् ६७९ सालय् पशुपतिया बज्रछेँ व यलया वकुबाहालय् पलिस्था यानात:गु निगू शिलालेखय् नं 'आर्य भिक्षुतयृगु संघ' उत्कीर्ण यानात:गु दु । नेपालय् थथे आर्यसंघ खनेदय् न्ह्य: भारतय् आर्य संघ खनेदय् धुंकल । दसुया लागिं भारतय् गुप्त सम्राट चन्द्रगुप्त द्वितियया इलय् (गुप्त अभिलेख-डा. बासुदेव उपाध्याय) सन् ४१३ सालय् साँची पलिस्था या:गु अभिलेख ख: । व अभिलेखय् काकनादेवीत महाविहारय् आर्यसंघया भिक्षु समूहयात, गुगु समूह प्यखरं वया महाविहारय् च्वंव:पिन्त ईश्वरबासक नांया गां व पच्चिस दिनार दान ब्यूगु खँ उत्कीर्ण यानात:गु दु । अथेतुं हे लिच्छवि जुजु नरेन्द्र देवया इलय् पलिस्था जूगु बज्रछेँ व यलया वकुबाहालय् च्वंगु निगुलिं अभिलेखय् नं प्यखरं वया शिवदेव विहारय् च्वंवपिं आर्य भिक्षु संघयात गां दान ब्यूगु व गामय् उठे जूगु कर आर्य संघयात अधिकार ब्यूगु खँ उत्कीर्ण यानात:गु दु । थथे गुप्त ईया अभिलेखया व्यहोरा नापं नेपा:या अभिलेखया व्यहोरा उथें मिलेजूगुलिं नेपालय् थीथी थासय् आर्य संघपिं दु व भारतं बौद्ध धर्मया प्रचारया रुपय् नेपालय् वया आर्य संघ पलिस्था यानावंगु ख: धइगु थुइके फु । नेपालय् न्यागूगु शताब्दी हे आर्य संघ खनेदय् धुंकूगुलिं भारतया आर्य संघया भिक्षुपिं सन् ४१३ साल धुंका: छुं दँ लिपातिनि नेपालय् व:गु ख: धइगु धायेफु । थथे बौद्ध धर्म प्रचार या:वपिं भारतया भिक्षुत भारतय् तुं लिहाँ मवंसें नेपा:या आर्य संघयतुं निर्वाण प्राप्त यात जुइमा: । धायृकि नेपा:या आर्य संघयात खालि भूमि दान जक ब्यूगु मखुसें भूमि दान नापं नाप राजकिय सम्मान व अपराधिया सम्पत्ति व सन्तान तक आर्य संघया नामय् अधिकार ब्यूगुलिं ख: । आर्य संघय् खालि भारतं व:पिं जक भिक्षुत मखुसें नेपा:या नेपा:मि भिक्षु जक मखु भिक्षुणीत नं दु धइगु चपट त्वालय् च्वंगु अभिलेखय् छम्ह नेपा:मि बौद्ध धर्मय् श्रद्धा वना आहिस्ताया रुपय् भूमिदान ब्यूगु व्यहोरां नं सीकेफु । थथे लिच्छवि इलंनिसें राजकिय सहयोगय् व आर्य संघपिंगु नेतृत्वय् नेपा:या भूमी गुगु बुद्ध धर्म प्रचार या:गु ख: । व थनया नेपा:मितयसं नं आत्मसाथयाना क्वविया ह:गु बौद्ध धर्म ख: । व भिंनिगू शताब्दी वया मेगु रुप काल । ■



Downloaded from http://www.dhamma.digital

शान्ति नायक गौतम बुद्धया
जन्म, सम्बोधि व महापरिनिर्वाण
स्वाँया पुन्ही
हलागु
बु.सं. २५४२ या भिन्तुना !





काठमाडौं महानगरपालिका

यँ महानगर पालिका

जिगु पौरख, जिगु गौरव, जिगु यँ दे !

Downloaded from http://www.dhamma.digital

Rev. N. Uttara
Buddhist & Pali University,
Vidyodaya Collage,
Maligakanda Rd, Colombo-10
Sri Lanka

# The Anticipates of 'Paritta-Sutta'

'Paritta '-means' protection'. The 'Paritta Sutta'-implies the meaning of 'Protection-Discourse'. By reciting and listening to the 'Paritta Sutta', one is able to obtain protection and to secure mental and physical benefits. All the teachings of the Buddha are incorporated in the three baskets, known as the TIPITAKA-Tri-thrice Pitaka-Division, namely the Sutta, Vinaya, Abhidhamma.

The Teaching of the Buddha was not codified in Buddha's life-time. It was done after the First-Council. (Patthama Dhammasamgayana) It was summoned under the leadership and patronage of the Ven. Mahakashyapa. Thereafter, the teaching of the Buddha was classified under two basis categories 'Sutta-Vinaya'. On a certain occasion the preached;

**"Yo dhamman Passati so man passati"-**

**One who sees the Dhamma sees me.**

**"...Dhamman desissami nittharanatthaya no gahanatthaya-**

**-the doctrine is not for grasping but for overcoming.**

Subsequently all the teaching of the Buddha came to be known as the Dhamma. The Buddha's first sermon is also known as the 'Dhammacakka-Pavattana'. Today, the agglomerete of his teaching is known as the 'Suttapitaka' Collection of Suttas. 'Parisamantato Rakkhatiti Paritta'-Gaurd from all, Pali-textual explanetion. The practice of reciting and listening to the "Paritta-Sutta" is began very early in the history of Buddhism. Even during the time of the Buddha the practice of Sutta chanting existed. Once, the Buddha requested his disciples to chant Paritran, when he was indisposed. Then it was the practice of the Buddha and his followers even during the Buddha's time, and those days went far distences not merely for spreading the Dhamma, but also for chanting 'Paritta' to make people free from drought, famine, and other anxieties which people usually distress.

'Paritta'-is based on the power of truth, the power of virtue, the power of love, the power of audition and the power of determinism or avowal. He who is good enough on the development of mental-states is certaintly capable of reaping the greastest benift from the practice of 'Paritta'.

Paritta-recital is a form of 'Saccakiriya' -an assertion of truth. The recitation of every sutta ends with the line-

'Etena Sacca Vajjena Svatthi te Hotu sabbada-

**-By the power of this truth may every being be happy.**

Hence, we can say that confidence is also very crucial consideration. The reciter and the listener should have strong confidence in the Triple - Gem, the Buddha, Dhamma and Sangha.

**"Natthi me saranam annyam Buddhome, Dhammome, Samghome, saranamvaran"-**

**-No other refuge do I seek the Buddha, the Dhamma, the Samgha, is my refuge truth.**

Such solemn oaths of faith one recites and hears in 'Paritta'. Just reciting as apprrot-voise is of no consequence in to the recital unless one has conviction on the Dhamma. Due to following three causes the recital of paritta may be ineffectual;



Downloaded from http://www.dhamma.digital

**Kamma Hiddrances (Kammavarana)**

**Hindrances from defilements (Kilesavarana)**

**Lack of faith (Asaddhavarana)**

'Catubhanavara'- is the vital Pali-text, which comprises the collection of discoursed. Every sutta starts with 'E'ven me sutam ekam... 'Thus, have I heared.. This expression relates to a significant incident connected with Buddhist History. Every sutta was recited by the Ven; Ananda himself, because he was the only person who had heaed and memorised the entire teaching of the Buddha. The reason is that, when Ven; Ananda received Agga-Upasthayaka; the chief guardian of the Buddha, he sought a boom from the Buddha that He should have the privilege of hearing to the entire doctrine the Buddha preached. The Buddha pleased and assured on his kind requesting. Ven; Ananda had a sharp memory. After, three months of the passing away 'Parinibbana'of the Buddha at the first council all the teaching of the Buddha was uttered by Ven; Ananda.

The suttas relate to various backgrounds. The Buddha propounded these in relation to the occasion. In the Pali-Canon the first discourses are knownas 'Khandha-Paritta', in the 'Cullavagga'of the Vinayapitaka. A certain monk was bitten by a sanke. The other monks went back to the Buddha and brought this to His notice.

Then, the Buddha uttared this sutta as an antidote to the venom of the snake and for self-protection. This sutta extols the cultivation of lovingkindness (Metta) towards the four royal tribes of snakes and all living-bings. The royal tribe of snakes are called, Virupakkhe, Erapathe Chabyaputta, and Kanha-gotama. Typically here the Buddha has prescribed the suffusion of thoughts of lovingkindness towards these four royal tribes. This assures the protection frome these tribes of snakes and promotes one's safety. Owing of this sutta is called the "Protection of the Aggregates"-"Khandha Paritta".

The 'Mangala Sutta', Ratana Sutta'and 'Karaniya Sutta'are well known discourses. Mangala-means 'Blessing, auspicious, omens, ceremonies. There are its literal meaning. The meaning of 'blessing'is the most appropriate for the word 'Mangala'here. The Buddha propounded this sutta for a specific reason, concerning an occurrence of His time. At that time, people believed in blessing or auspicious in various contexts and "this gave rise to a complex social problem as their views were not complementary. "Ditthamangalike, sutta Mangalika, Mutta Mangalika,-these are the vital omens, which they considered and had argured themself.

**Dittha Mangalika;** What evere society accepts as auspicious-signs, such things have to get chance to see is luck.

**Sutta Mangalika;** What ever society has accepted as auspicious-signs, such things have to get chance to listen is luck.

**Mutta Mangalika;** Not to have see on listen, un-auspicious-sings, which has accepted by society is luck since it is emencipate from unfourtunet of seeing and listening.

This diverse views pervaded not only in the human-society but also the realms of deitys. Both deitys and men could not concur on the real meaning of "Mangala'. In the end they decide such the advice of the Buddha. On one occasion the Exalted One was dwelling at the monastry of Anathapindika near 'Savathi. A celestial being approched the Buddha at mid-night and asked, what the Highest-Blessing in this world. Then the Buddha enunciated thirty-six Great Bleassing.

"Not to associate with fools to associate with the wise, to cease and to



Downloaded from http://www.dhamma.digital

abstain from evil, to reside in a suitable locality, to lookafter father and mother, cherishing of wife and children, and so on. These are some of the thirty-eight Blessings.

The 'Ratana-Sutta'is another popular sutta. The occasion for this discourse was that; the city of Vesali was affilicted by fears of famine. non-human beings and pestilence. The citizens sought the help of the Buddha. Then, the Buddha and his disciple Ananda went to the city and recited the 'Ratana Sutta'. With the recital of this sutta torrential rain began to fall, which sweptaway the... corpses. The Atmosphere become purified. The evil spirts were exorcised and the pestilence subsided.

Since, considering these facts it is clear that Pali paritta Suttas have the potential of removing various types of suffering. They also fouter the highest knowledge of the essential teaching in Buddhism. ■

*All the best wishes*
*on the auspicious occasion of*
***Vaisakh Festival***

***Hari Prasad Pandey***
*Managing Director*

CONSTRUCTION FOR BETTER TOMORROW

Nepal Adarsha Nirman Company
Class "A" Construction Company
P.O. Box 5759, Setodurbar, Jamal
Kathmandu, Nepal
Tel: 224370, 278625
245465, 240205
Fax: 00977-1-240438

Our Hearty Felicitation
to Dharmakirti Buddhist Study Circle
On the Auspicious Occasion of
Vaisakh Festival 2542

**WORLDWIDE TRADE LINKS**
G.P.O. BOX 474
DHAKHWA BUILDING, NEW ROAD
KATHMANDU, NEPAL
TEL.: 212856 / 224315 / 226527
FAX NO. 977-1-221969
e-mail : hotel@harati.wlink.com.np

**BIJESHWORI PLASTIC IND. (P) LTD.**
G.P.O. BOX NO. 1282
BALAJU INDUSTRIAL DISTRICT,
BALAJU, KATHMANDU, NEPAL
TEL.: 272155/224315
FAX NO. 977-1-221969

**HOTEL HARATI**
IKHAPOKHARI, CHHETRAPATI
G.P.O. BOX 289
KATHMANDU, NEPAL
TEL.: 226527 / 221969 / 212856
FAX NO. 977-1-221969


Downloaded from http://www.dhamma.digital



बुद्ध जयन्ती २५४२ (स्वाँया पुन्हि)या

लसताय् सकल प्राणी पिन्त भिं जुइमा,

दुःख मदुपिं जुइमा, भय मदुपिं जुइमा व सुखपूर्वक

व्हना वने फुपिं जुइमा ।

Dhamma.Digital

**तामाकार हाउस**

शुक्रपथ, इन्द्रचोक, यें

फोन : २५९९०७, २५९८०७

फ्याक्स : ९७७-१-२५९३१७

**TAMRAKAR HOUSE**

*The Family Store*

Ga 2-163 Sukrapath, New Road

Kathmandu, Nepal

PHONE : 259907 / 259807

FAX : 977 1 259317

Downloaded from http://www.dhamma.digital

# WOMEN & BUDDHISM

*by: Chatsumarn Kabilsing, Ph.D., Thai*

***Q 1 : When Queen Maha Pajapati asked the Buddha to allow her to join the Order, why did he hesitate but give permission later on ?***

For those who are interested in the ordination of women, this is one of the most puzzling questions which needs a great deal of contextual understanding.

When King Suddhodana, the Buddha's royal father passed away, the duty of a wife to her husband was completed. It was the right time for Maha Pajapati to consider following the teaching and the practice of the Buddha seriously. But when she approached and asked for permission the Buddha simply said "Please do not ask so." The Tripitaka, which is the most important primary source did not provide any reason for not allowing women to join the Order.

Many interpretations were given in later commentaries trying to explain the situation. This led also to common belief that the Buddha did not want to allow women to lead a religious life. This is not the path for women. *Manudharma Sastra* was very clear to spell out that salvation for a woman is possible only through *bhakti* (devotion) to her husband.

But Maha Pajapati was unshaken in her decision. After the Buddha had gone, she, along with 500 *Sakiyanis* (Sakyan women) from the royal court shaved their heads and donned the yellow robes. They followed him on foot until they arrived at Vesali where the Buddha resided. Upon arriving at the *arama* (residence) they did not ask to have an audience with the Buddha for fear of being rejected again. Ananda, the Buddha's cousin and personal attendant, found them at the entrance covered with dust, with torn robes and bleeding feet. Many of them were miserable and in tears of desperation. He learned from them of their request and on their behalf approached the Buddha. Again, the Buddha forbade Ananda in the same manner, "Ananda, please do not ask so."

There are various reasons to be taken in consideration in attempting to understand the possible difficulties or obstacles which presented themselves in the mind of the Buddha.

First of all Maha Pajapati was a queen who, along with 500 ladies of the court, knew only the life of comfort. To lead a reclusive life allowing them only to sleep under the tree, or in the cave, would be too hard for them. Out of compassion the Buddha wanted them to think it over.

Furthermore, accepting a large group of women to be ordained all at once would immediately involve teachers to provide them both instruction and training. The Buddha also could not make himself constantly accessable for them. The Sangha was not ready with competent teacher to handle a large crowd of women. This proved to be a reality later on when women were already accepted to the Sangha. Monks who could teach the nuns must be not only learned but also require appropriate an attitude to help uplift women spiritually.

The Buddha already received criticism from outsiders for breaking up families by ordaining either the husbands or wives. When Maha Pajapati approached him with 500 Sakiyanis, definitely this would be a major cause of criticism. Particularly Sakyas did not marry people from other clans. By allowing 500 Sakiyanis to be ordained would definitely effect the social status quo. But it was revealed that these women's husbands had already joined the Order. Thus, criticism that accepting these women would break up their families became groundless.



Downloaded from http://www.dhamma.digital

The fact that these women followed him on foot to vesali is a proof of their genuine commitment to lead religious lives and removed the doubt that their request might be out of momentary impulse.

These could have been some of the reasons behind the Buddha's hesitation. The Buddha needed the time to examine both the pros and cons to their request.

Ananda also tried to understand the Buddha's refusal. Is it because women are not capable of achieving spiritual enlightenment ? If that is so, then ordination, a spiritual path is open only to men. To this, the Buddha made it clear that both men and women have equal potentiality to achieve spiritual enlightenment.

We have to mark this statement, as this is the first time in the history of religion that a religious leader declared openly that men and women are equal on spiritual grounds. Previously in the Hindu context, the Vedas, the most sacred religious texts, were available only to men. Buddhism has transcended race, nation, caste and gender differences to declare that the highest spiritual achievement transcends obstacles or discrimination of gender. With this important reason, the Buddha allowed women to join his Order.

*Q 2 : What are the requirements for Bhikkhuni ordination?*

Bhikkhuni ordination requires a minimum of 5 bhikkhunis. On the same day, after having been admitted by the bhikkhuni Sangha, that woman must be admitted also by a minimum of 5 monks. The *pavattini* or bhikkhuni preceptor must have at least 12 years standing as a bhikkhuni who is well versed both in dharma and vinaya, and also must be appointed as preceptor by both Sanghas.

After having admitted women to the Order, it became very popular for women to join the Order, resulting in a lack of residential provision. Each Pavattini, then was allowed to give ordination only every other year. The preceptor is to provide for both teaching and training for nuns under her guidance, including taking care of them if they should become ill.

There are three forms of ordination for monks. First *Ehi bhikkhu Upasampada,* an ordination given directly by the Buddha in the early period with literally no formal ritual. The Buddha simply allowed "Do become a monk, "which was considered a complete ordination.

Next came ordination by accepting the Triple Gem, namely Buddha, Dharma and Sangha, as refuge. This was the form of ordination by which teachers in the early period accepted their disciples to become monks.

Later when the number of applications became much higher, a more formal type of ordination was given. It is called *natticatuthakammavaca,* with a preceptor with two trainers and minimum chapter of 10 monks to witness the ordination. This is an ordination given by a sangha, and is the prevalent type of ordination available in the present day.

There is yet another type of ordination provided for bhikkhunis. There was a case of a woman who had completed the ordination procedure by the Bhikkhuni sangha but could not reach the bhikkhu sangha in another village in the same day as prescribed by the ordination requirement. In this case, there were some thieves waiting on the way to abduct her. The Buddha allowed *Dutenasampada,* ordination through appointed ambassador. That is another bhikkhuni was assigned by the bhikkhuni sangha on behalf of the bhikkhuni-to be. This is also considered a rightful ordination.

A women who requests bhikkhuni ordination must be at least 20 years of age, with permission from her parents, having no



Downloaded from http://www.dhamma.digital

illness that would be an obstacle to leading an ordained life. She must have completed a 2-year training period as *sikkhamana* and be able to obtain the basic material requirements e.g. robes, bowl, etc.

***Q 3 : Why do men have only two levels of ordination while women have to go through three levels of ordination ?***

There are 5 different types of ordination, 2 for men and 3 for women. Samaneri (female novice) is a lower ordination (bappajja) with 10 percepts. One who is entitled to this ordination must be old enough to be able to drive away crows off the paddy field. Later on it was fixed at a minimal age of seven. Older men sometimes also receive only lower ordination.

One who can apply for higher ordination (upasampada)must meet the minimum age requirement of 20 and have a normal physical condition. A married women may be ordained at the age of 12 with permission from her spouse.

For Sikkhamana, a training period was instituted later. There was a particular case of a married woman who asked for ordination without knowing that she had conceived. Her pregnancy came to light only after ordination. Hence a rule was laid down and women have to go through Sikkhamana observes 6 anudharmas which are the first six precepts in the 10 precepts for novices. However, a sikkhamana is considered having a training level higher than novice even though the latter received only six precepts. This implies that a sikkhamana is in fact a person in a preparatory stage to receive higher ordination, and during the two years training, should she transgress any one of the precepts she has to start all over again it is required that she must meet the requirement of two continuous years of training without transgression. ■

All the Best Wishes
On the Auspicious Occasion of
Vesak Festival




the Bakery
CAFE

(Where the young heart meets !)

- Teendhara, Durbar Marg. Tel: 242706
- Round about, Jawalakhel, Tel: 522949
- Near Fire Brigade, New Road, Tel: 240137, 240138
- New Baneshwor, Tel: 488528 Fax: 255212

KATHMANDU, NEPAL

It's your Choice

Managed by
nanglo
INTERNATIONAL



Downloaded from http://www.dhamma.digital




*Our Hearty Felicitation*

*to*

*Dharmakirti Buddhist Study Circle*

*& All*

*On the Auspicious Occasion of*

*Vaisakh Festival 2542*

**Remember us for:—**

**VIC** - Filters

**NOK** - Oil Seals

**HDK** - C.V. Joints

**TAIHO** - Engine Bearings

**DOKURO** - Engine Valves

**MINTY** - Brake Shoe and Pads

**ASCO** - Clutch Discs & Covers

**MITSUBOSHI** - Fan Belts & Timing Belts

***MITSUBISHI GENUINE PARTS***

**&**

***Many More Spare Parts for all Types of Japanese and European Vehicles***

# Auto Parts International

Kamal Arcade, Putali Sadak Kathmandu, Nepal.
Phone: 225607, 244317 • Fax: 977-1-271842


Downloaded from http://www.dhamma.digital

### कालो तराजु र सेतो तराजु

२०५४ फागुन ९ गते । यस दिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका अध्यक्ष धम्मवती गुरुमांले प्रवचन गर्नुहुँदै भन्नुभयो- "मानिसहरूले आफ्नो जीवनमा जति पनि दश अकुशल पापहरू गर्छन् ती सबै कर्महरूलाई कालो तराजुको रुपमा लिन सकिन्छ । त्यस्तै जति पनि राम्रा कार्यहरू (दश पुण्य क्रियाहरू) गरिन्छन् ती सबै कर्महरूलाई सेतो तराजुको रुपमा लिन सकिन्छ । यी सेतो र कालो तराजुलाई हामीले यसरी चिन्न सक्छौं ।

१. सेतो तराजु - (दश पुण्य क्रिया)

(क) दान - दान दिनु ।
(ख) शील - राम्रो आचरण गर्नु ।
(ग) भावना - ध्यान भावना गरी मन एकाग्र गर्नु ।
(घ) अपचायन - आफूभन्दा जन्म, कर्म र धर्मले ठूला व्यक्तिलाई मान्नु ।
(ङ) वेय्यावच्च - आफूभन्दा जन्म, कर्म र धर्मले ठूला व्यक्तिको सेवा गर्नु ।
(च) पत्तिदान - पुण्य दान दिनु ।
(छ) पत्तानुमोदन- अरुले गरेको पुण्य कार्यहरू देखि हर्षित भई पुण्य अनुमोदन गर्नु ।
(ज) धर्म श्रवण- ज्ञान गुणका उपदेशहरू सुन्नु ।
(झ) धर्मदेशना - जीवन सुध्रिन सक्ने ज्ञान गुणका उपदेशहरू भन्नु ।
(ञ) दिट्ठिजुकर्म - अन्धविश्वासबाट टाढा रहन सक्नु ।

२. कालो तराजु - (दश अकुशल कर्महरू)

शरिरबाट गरिने ३ अकुशल कर्महरू
(क) प्राणी हिंसा गर्नु ।
(ख) चोरी गर्नु ।
(ग) व्यभिचार गर्नु ।

वचनबाट गरिने ४ अकुशल कर्महरू
(क) झूठो बोल्नु ।
(ख) चुगली गर्नु ।
(ग) कडा वचन बोल्नु ।
(घ) काम नलाग्ने बकवास गर्नु ।

मनबाट गरिने ३ अकुशल कर्महरू
(क) लोभ गर्नु ।
(ख) द्वेष (रीस) गर्नु ।
(ग) मिथ्या दृष्टि (अन्धविश्वास) मा पर्नु ।

माथि उल्लेखित १० अकुशल कर्महरूबाट टाढा रही दश पुण्य क्रियाहरूको अनुशरण गर्दै जान सकेमा हाम्रो जीवन सुखमय र सरल हुन सक्ने छ ।"

तारा डंगोलद्वारा संचालित यस दिनको कार्यक्रम सोभियत रत्न तुलाधरको सभापतित्त्वमा समापन गरिएको थियो भने संजय महर्जनले रिपोर्टिङ्ग गर्नुभएको थियो ।

### बुद्ध वचन र साहित्य

२०५४ फागुन १६ गते । यस दिन नविन चित्रकारले "बुद्ध वचन र साहित्य" विषयमा विस्तृत व्याख्या गर्नु हुँदै भन्नुभयो- "साहित्य शब्द सँस्कृत भाषाबाट आएको शब्द हो । धेरै वर्ष पहिले काव्य र वेदहरूलाई साहित्यिक रुपमा लिइएको थियो ।

साहित्य भन्नाले समग्र रुपमा कविता, कथा, लेख, उपन्यास, वेद, काव्य, नाटक, नृत्य र चित्र आदि पर्दछन् । बुद्ध वचनहरूलाई गहिरो रुपमा अध्ययन गर्ने हो भने यसमा साहित्यमा हुनुपर्ने गुणहरू स्पष्ट रुपमा भेट्टिन्छन् । उदाहरणको लागि साहित्यमा हुनुपर्ने अनुभूति, भावनाहरू (आँखा रूपको स्पर्श, कान र शब्दको स्पर्श, नाक र गन्धको स्पर्श, जीब्रो र स्वादको स्पर्श र छाला र बाह्य वस्तुको स्पर्श) । साथै चित्त र चेतनाको आपसी संयोग भएर नै एउटा पूर्णरुपमा साहित्य सृजना हुन्छ ।

यी माथि उल्लेखित विषयहरू बुद्धद्वारा उपदेशित अभिधर्ममा व्याख्या गरिएको पाइन्छ । बुद्धद्वारा उपदेशित उपदेशहरूमा समय, परिस्थिति अनुसार भावना र अनुभूतिहरू झल्किएको पाइन्छ । उदाहरणको लागि किसागौतमी र पटाचारीहरूको जीवनीमा आधारित घटनाहरू । यसरी खोज्दै जाने हो भने सम्पूर्ण बुद्ध वचनहरूमा साहित्यिक रस पाउन सक्छौं ।

साहित्यको समालोचना गर्दा भावनात्मक, मनोवैज्ञानिक र प्रविधि पक्ष पनि समावेश भएको हुनुपर्छ । यी सबै कुराहरू बुद्ध वचन, कथा र उपदेशहरूमा पाइन्छन् । साहित्यमा आँखाको भावना, शब्दको भावना र अनुभूति आवश्यक हुन्छ, र यी विषयहरूको संगठन नभएमा साहित्य बन्न सक्दैन । यी सबै कुराहरू व्यक्त गर्न शैली मिल्नु पर्छ । तर साहित्यमा हुनुपर्ने गुणहरू धेरै समय अगाडिको बुद्ध वचनहरूमा पाइएको देखिन्छ । तर अहिलेसम्म पनि यस विषय प्रकाशमा आउन सकेको छैन । त्यसकारण बुद्ध वचन र साहित्य बारे विस्तृत अध्ययन र अध्यापन गर्नु आवश्यक



Downloaded from http://www.dhamma.digital

देखिन्छ ।" श्यामलाल चित्रकारको सभापतित्वमा संचालित उक्त कार्यक्रमको रिपोर्टिङ्ग सुनीता बज्राचार्यले गर्नुभएको थियो ।

**वार्षिक भेला**

२०५४ फागुन २३ गते, किम्डोल स्थित "निर्वाण मूर्ति" विहारमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिको २७ औं वार्षिक भेला सम्पन्न भएको छ । दिउँसो करीव १.१५ देखि ३.२० बजे सम्म संचालित उक्त कार्यक्रमको विवरण यसरी थियो ।

- सर्वप्रथम शील प्रार्थना । त्यसपछि धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सहसचिव विकासरत्न तुलाधरबाट स्वागत भाषण र गोष्ठीको वार्षिक प्रतिवेदन प्रस्तुत ।
- गोष्ठीका कोषाध्यक्ष मीनशोभा शाक्यबाट आर्थिक प्रतिवेदन प्रस्तुत ।
- गोष्ठीका धर्मानुशासक भिक्षु अश्वघोषबाट धर्मदेशना दिनुहुँदै भन्नुभयो- "हामीले जे काम गरे पनि समयमा नै गर्न सक्यौं भने त्यसबाट राम्रो नतिजा प्राप्त हुनेछ । त्यसैले गोष्ठीको शनिवारिय कार्यक्रमहरू एक निश्चित समय भित्र संचालन गर्नु सबै सदस्यहरू समयमा नै उपस्थित भई सहयोग गर्नु राम्रो हुनेछ ।"
- गोष्ठीका पुराना सदस्य र नयाँ सदस्य क्रमश: का.स. कीर्ति तुलाधर र मञ्जु मानन्धरको आ-आफ्नो मन्तब्य व्यक्त ।
- शनिवारिय कक्षा संचालन संयोजक तारा डंगोलले शनिवारिय कक्षाको गतिविधि र समस्याहरू प्रस्तुत ।
- भिक्षुणी धम्मवतीले धर्मदेशना गर्नुहुँदै भन्नुभयो- "हामीले कुनै पनि काम गर्दा त्यसको राम्ररी अर्थ बुझेर मात्र गर्न सक्नुपर्छ । यस्तो गर्न नसकेमा आफूले गरेका कार्यहरूबाट नराम्रा परिणामहरू भोग्नु पर्ने हुन्छ ।"
- गोष्ठीका उपाध्यक्ष अगम्य रत्न कंसाकारबाट धन्यवाद ज्ञापन ।
- कार्यक्रमका सभापति भिक्षुणी वीर्यवतीबाट आफ्नो मन्तब्य व्यक्त र सभा विसर्जन ।
- इन्द्रकुमार नकर्मीले संचालन गर्नुभएको उक्त कार्यक्रमको रिर्पोर्टिङ्ग तारा डंगोलले गर्नुभएको थियो ।

**धर्ममा नारीहरूको देन**

२०५४ चैत्र १ गते । यस दिन वीर्यवती गुरुमांले "धर्ममा नारीहरूको देन" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो-"बुद्धले धर्मको परिभाषा यसरी दिनु भएको छ- "पाप कार्यहरू नगर्नु, पुण्य कार्यहरू गर्दै जानु र आफ्नो चित्त शुद्ध गर्नु ।"

यस गाथाबाट स्पष्ट हुन्छ, धर्म भनेको बाहिर होइन मनमा हुने रहेछ । त्यसैले हामीले आफ्नो आचरण शुद्ध गरी चित्त परिशुद्ध गर्नु नै पुण्य कार्य गरेको ठहरिंदो रहेछ । प्रश्न उठ्न सक्छ, चित्त कसरी परिशुद्ध गर्ने त ? यसको लागि पहिले आफ्नो चित्तलाई स्वार्थ रहित बनाउनु पर्‍यो । स्वार्थ रहित चित्तमा मैत्री (सबै प्राणीहरूप्रति मित्रभाव राख्ने, करूणा (सबै प्राणीहरू प्रति दयाभाव राख्ने), मुदिता (सबै प्राणीहरूको उन्नति कार्यमा आफ्नै उन्नति भएको सम्झ मन प्रफुल्लित पार्न सक्नु अर्थात् अर्काको उन्नति र प्रशंसा भएको देखी आफ्नो मनमा ईर्ष्या भावना जगाउन नदिनु) र उपेक्षा (आफूलाई जुनसुकै प्रतिकूल अवस्थामा पनि राग र द्वेष भावनाबाट टाढा राखी तटस्थ भाव जगाई राख्नु) आदि चतुब्रह्म विहार गुणहरू समावेश गरी धार्मिक कार्य गर्न अभ्यासरत रहन सकेमा त्यस व्यक्तिको चित्त परिशुद्ध हुन सक्छ । किनभने धर्मको फल धारण गरेर मात्र प्राप्त हुने होइन पालन नै गर्न सके मात्र प्राप्त हुनेछ ।

धर्मलाई पालन गरी धेरैजसो महिलाहरूले यसको फल प्राप्त गर्न सफल भएको र बुद्धले उनीहरूलाई पुरुषहरूको दाँजोमा एतदग्ग पदवी दिनु भएको प्रमाण बुद्धकालीन इतिहासले जनाइरहेको छ । उदाहरणको लागि महाप्रजापती गौतमी थेरी, पटाचारा थेरी, उप्पलवण्णा थेरी, विशाखा उपासिका, सुप्पिया उपासिका आदि अरु पनि थुप्रै महिलाहरूको नाम लिन सकिन्छ । बुद्धकालीन समय पछि पनि धार्मिक कार्यमा निश्वार्थपूर्वक तल्लिन रहन सफल महिलाहरूमा भृकुटी, संघमित्रा, मेरी एलिजाबेथ फोष्टर र अन्य थुप्रै महिलाहरूको नाम उल्लेखित छन् । हालकै कुरा गर्ने हो भने पनि जुनसुकै धार्मिक कार्यहरूमा पनि श्रद्धावान् महिलाहरूकै सहभागिता बढि देखिन्छन् । यसरी यी बिभिन्न प्रमाणहरूले पुरुषहरूको दाँजोमा महिलाले पनि आध्यात्मिक क्षेत्रमा आफ्नो ज्ञानको क्षमता बृद्धि गर्न सकिंदो रहेछ भन्ने कुराको प्रमाणित गरेको छ ।

वास्तवमा भन्नेहो भने एउटा परिवार शिक्षित पार्ने कार्यमा पुरुषहरूको भन्दा नारीहरूको ठूलो भूमिका


Downloaded from http://www.dhamma.digital

रहेको हुन्छ । धार्मिक बन्नु भन्नु नै शिक्षित बन्नु हो । आधुनिक शिक्षा सिक्दैमा शिक्षित हुने होइन । त्यसैले महिलाहरूलाई धार्मिक क्षेत्रमा अगाडि बढ्न हतोत्साह होइन हौसलाको खाँचो रहेको देखिन्छ । किनभने शिक्षित महिलाको तर्फबाट नै परिवारदेखि लिएर विश्वको लागि नै खाँचो भइरहेको शान्तिको आशा गर्न सकिन्छ ।"

धुबरत्न तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रमको रिपोर्टिङ्ग श्यामलाल चित्रकारले गर्नुभएको थियो ।

■

**"संविधानपूर्वक काम गर्ने, परजनलाई संग्रह गर्ने, स्वामीको मनोभावना अनुसार आचरण गर्ने तथा प्राप्त धनको सुरक्षा गर्ने, श्रद्धा र शीलले सम्पन्न हुने, मागनेको मनोभावलाई बुझि मात्सर्यमल दूर गर्ने, पारलौकिक स्वस्तिको निम्ति नित्यप्रति मार्ग सोधन गर्ने, जो स्त्रीमा यी आठ गुणधर्महरू विद्यमान हुन्छन् उसलाई धर्मस्थित, सत्यवादी तथा शीलवती भन्दछन् । अष्टांग गुणले युक्त भई सोह आकारले युक्त हुने शीलवती उपासिका मनापकायिका देवलोकमा उत्पन्न हुन्छे ।" – गौतम बुद्ध**

*Happy Vaisakh Festival 2542!*


visit nepal '98

**KC Restaurant & Bambooze Bar Pvt. Ltd.**

Thamel
P.O. Box 1619
Kathmandu, Nepal

Tel: 414387
416911

*Happy Vesak Festival 2542!*



HIMALAYAN PLUMBING CONSULTANCY & GENERAL SERVICE

HIPCON

Tyouda, Kamalachhi, Kathmandu

*Shankha N. Dangol* - Tel.: 250481
*Chini K. Maharjan* - Tel.: 253182

*Contact for :* HIPCON
* Water Pump Installation & Maintenance.
* Modern Bathroom Design & Installation.
* Solar Water Heater & Electric Geezer Installation & Maintenance.
* Rural & Urban Drinking Water Service.

*All the best wishes on the auspicious occasion of Vaisakh Festival 2542*

HIGH LANDER

*Hari Dharel*
*Managing Director*

**Highlander Treks & Expedition**

Jysk Service Centre, Himalayan

KATHMANDU:
P.O. Box 10987
Thamel, Kathmandu, Nepal
Tel : 00977-1-424563
Fax : 00977-1-411889
e-mail: highlnder@wlink.com.np

POKHARA:
Lake Side, Pokhara
Tel : 00977-61-23972
Fax : 00977-61-21022



Downloaded from http://www.dhamma.digital





# BANK OF KATHMANDU

*We combine*
*excellent banking services*
*and*
*tradition of both*
*Nepal and Thailand.*

बैंक अफ काठमाण्डू लिमिटेड

**BANK OF KATHMANDU LIMITED**

(In collaboration with THE SIAM COMMERCIAL BANK PUBLIC COMPANY LIMITED, Thailand)
P.O. Box 9044, Kamal Pokhari, Kathmandu, Nepal.
Tel. : 414541 (7 Lines), Fax : 977-1-418990, Telex :2820 BOK NP

**THAMEL EXTENSION COUNTER**
Thamel, Kathmandu, Nepal, Tel. : 977-1-255-368, 255-369

*International banking, the personalised way.*


Downloaded from http://www.dhamma.digital

श्रीमान् पुज्यनिय-औतरी रिम्बुन्छे
पाउ लागी दण्डवत
साथै गुरु आचार्य श्री ङवाङ्वोसेर लामा गुरु र अन्य लामा गुरुहरु !

सर्व प्रथम यस बौद्ध जागरण शिविरको आयोजना गर्नुहुने हिमाली देछेन छोलिङ्ग गुम्बाका प्रमुख श्री लाक्पा लामाज्यू, अनीज्यू र व्यवस्थापन समिति संचालक समितिलाई आदि सबै सहकर्मीहरूलाई अभिवादन गर्दछु ।

२०५४ पौष ११ गते देखि १७ गते सम्म धरानमा संचालित यस बौद्ध जागरण शिविरमा धर्मगुरु फेप्सी गरी (पाल्नु भई) अन्धकारमा रुमल्लिएका हामी जिन्दाहरुलाई (उपासकहरुलाई) धर्म सम्बन्धी गहन प्रवचन दिनुभई बौद्ध शिक्षा सम्बन्धी मार्ग दर्शन गरी शान्तिको मार्ग निर्देशन गर्नु भएकोमा नेपाल तामाङ्ग घेदुं संघ भोजपुरको साथै मेरो तर्फबाट पनि हार्दिक अभिवादन चढाउँछु ।

यी अमूल्य प्रवचनहरू सुनी हामीले म र हामी भन्ने शब्दका साथै मेरो भन्ने चिन्तना गर्नुमा भुली संसारिक मोह जालमा अल्मलिरहनु हाम्रो भूल रहेछ भन्ने थाहा पायौं । धर्म सम्बन्धी यस भूमीमा सत्य, साँचो र सही मार्ग दर्शन गर्नु हुने लामा गुरुज्यूहरूले पनि आफ्नो भेषभूषाका साथै शील पालन गरी अन्धकारमा परेका उपासकहरूलाई राम्रो मार्ग निर्देशन दिनु पर्ने देखिन्छ । तर लामा गुरुज्यूहरू नै धर्म शास्त्र शीलमा नरहे अन्य उपासकहरू कसरी सुधिन्छन् ? त्यसैले प्रत्येक जिल्ला, क्षेत्र, इकाई र केन्द्रहरूमा समेत यस प्रकारको शीविरको आयोजना गर्नु पर्ने देखिन्छ ।

लामा गुरुज्यूहरुले हरेक धर्मकर्म सम्बन्धी एकरुपता ल्याउनु पर्ने विषयमा जोड दिँदै गुरु रेम्बुछेको वोङ्ग (अभिषेक) लिएर काम गर्नु पर्ने रहेछ । त्यति मात्र होइन हामीले पनि सही लामा गुरुज्यूहरूलाई चिन्नु पर्ने रहेछ ।

यस शिविरमा सम्मिलित हुने महानुभावहरूमा तामाङ्ग लामाज्यू, शेर्पा लामाज्यू, गुरुङ्ग लामाज्यू आदि हुनुहुन्थ्यो । यस शिविरमा भएको प्रवचन र बौद्ध जागरण सम्बन्धी अन्य कार्यक्रमको फलदायी नतीजालाई अध्ययन गरेपछि यस प्रकारको कार्यक्रम एक हप्ता मात्रले नपुगी पन्ध्र दिनसम्म संचालन गरिनु पर्ने महशुस गरियो । तर मेरो विचारमा कार्यक्रम संचालन गरेर मात्र पुग्दैन हामी जस्ता धर्म अनुयायीहरूले यस कार्यक्रमबाट सिकेका अमूल्य शिक्षालाई आफ्नो जीवनमा अभ्यास पनि गर्दैलाने कोशिस गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा कार्यक्रममा उपस्थित सबै भक्तजनहरूले आउँदो दिनमा यस प्रकारको शिविर संचालन कार्यमा एकताका साथ कार्य गर्नका लागि साँङ्गे (बुद्ध) को शिक्षाबाट हौसला मिलोस् भन्ने आशा राख्छु । यस एकहप्ते शिविरमा आफ्नो अमूल्य समय दिई पाल्नु हुने औतारी रेम्बुछे ङावाङ तेन्जीङ्ग (धर्म गुरुज्यू) र ङवाङ् वोसेर लामा सरप (थर) शेर्पाज्यूले दिनु भएको धर्म सम्बन्धी प्रवचनमा हामी सबै आभारी छौं ।

**अर्जुन कुमार गोले**
भोजपुर, गा.वि.स. भोजपुर
वार्ड नं. ६ पोखरे, पो.अ. भोजपुर

### वक्तृत्त्वकला प्रतियोगिता

सम्यक शिक्षा समूह, धरान-१२ को आयोजनामा २०५४ चैत्र १ गते वक्तृत्त्वकला प्रतियोगिता सम्पन्न भएको समाचार छ । सुरज शाक्य प्रथम, चेतनाथ सापकोटा द्वितीय, शवनम राणा तृतीय र अजित राईले सान्त्वना पुरस्कार प्राप्त गरेको उक्त, प्रतियोगिताको निर्णायकद्वय शंभु गुरूङ्ग र हिकमत खड्का हुनुहुन्थ्यो । बिजेताहरूलाई विहारकै उपासिकाहरू विजया लक्ष्मी शाक्य, मथुरा शाक्य, मैंया बज्राचार्य र देवकी शाक्य आदिले पुरस्कार वितरण गर्नुभएको थियो । सम्यक शिक्षा समूहका अध्यक्ष सुश्री बिद्या शाक्यको सभापतित्त्वमा सम्पन्न भएको यस प्रतियोगिताका संचालक मोहन श्रेष्ठ हुनुहुन्थ्यो ।

### प्रब्रज्या समारोह

२०५४ चैत्र ५ गते । पोखराको धर्मशीला विहारमा भिक्षु अश्वघोष महास्थविरको उपाध्यायत्त्व र भिक्षु श्रद्धानन्दको आचार्यत्त्वमा धादिङ्गका एक गुरुङ युवकलाई प्रब्रजित गरिएको समाचार छ । एक समारोहकासाथ सुसम्पन्न गरिएको उक्त पुण्य कार्यमा नव प्रब्रजित हुनुभएका श्रामणेर युवकको नाम धर्मघोष राखिएको छ ।

### ज्ञानमाला सभाको स्वर्ण उत्सव

२०५४ चैत्र २२ गते । तानसेनको टक्सारमा महाचैत्य विहार ज्ञानमाला सभाको स्वर्ण उत्सव भव्य रुपमा मनाइएको समाचार प्राप्त भएको छ । वि.सं. २००४ सालमा भिमसेन टोल स्थित आनन्द विहारमा एक ज्ञानमाला संघ स्थापना गरिएको थियो भने


Downloaded from http://www.dhamma.digital

सोही सालमा टक्सार टोलको महाचैत्य विहारमा यस ज्ञानमाला सभाको स्थापना भएको थियो । यसरी नै वि.सं. २०४५ सालमा श्री महाबोधि विहारमा ज्ञानमाला युवाहरू नामक एक संघको स्थापना गरिएको थियो । फलस्वरुप तानसेन जस्तो सुन्दर नगरमा तीनवटा ज्ञानमाला भजन मण्डलहरू स्थापना हुन सक्नु एक विचारनीय कुरो हुन आउँछ । यी तिनवटै भजन मण्डलहरूद्वारा पाल्पा तानसेनमा विभिन्न रचनात्मक कार्यक्रमहरू संचालन गर्दै बुद्धको शिक्षा प्रचार प्रसार गर्दै आउन सक्नु पनि सराहनीय कार्य मान्न सकिन्छ । यस महाचैत्य ज्ञानमाला सभाको स्वर्ण उत्सवको उपलक्षमा ८४ पृष्ठ सहितको एक सुन्दर विशेषाङ्क प्रकाशन गर्नु एक उल्लेखनीय कार्य हो । भिक्षु कुमार काश्यप महास्थविर र भिक्षु कोण्डण्यले भाग लिनु भएको उक्त स्वर्ण उत्सव कार्यक्रममा भिक्षु कोण्डण्यले प्रवचन गर्नुभएको थियो । उहाँको प्रवचन सुनी स्थानिय युवाहरू प्रभावित भएको चर्चा छ ।

### शिलान्यास

तानसेनको भिमसेन टोलस्थित आनन्द विहारको शिलान्यास भिक्षु कुमार काश्यप महास्थविरबाट गरिएको समाचार पनि प्राप्त भएको छ । स्मरणीय छ, आनन्द विहारमा दिवंगत भिक्षु संघनायक शाक्यानन्द महास्थविरले ४० वर्ष बिताउनु भएको थियो ।

### अस्थायी प्रब्रज्या

२०५४ चैत्र २३ गते । काठमाडौं स्थित गणमहाविहारमा वर्तमान उपसंघनायक भदन्त सुबोधानन्द महास्थविरबाट भोजपुर टक्सार निवासी श्री हीरालाल शाक्यका दुई जवान नातिनीहरूलाई एक सप्ताहका लागि प्रब्रज्या संस्कार र शिलाचारिणी संस्कार सुसम्पन्न गरिएको समाचार छ ।

साप्ताहिक प्रब्रज्या लाभ गर्ने र शीलाचारिणी लाभ गर्नेहरूको नामावली:–

प्रब्रज्या लाभ गर्नेहरू:– (१) लुदन शाक्य - श्रामणेर कोण्डञ्ञ (२) सुधन शाक्य - श्रामणेर वप्प (३) प्रने स्थापित - श्रामणेर भद्दिय (४) विकास स्थापित - श्रामणेर महानाम ।

शिलाचारिणी लाभ गर्नेहरू:– (१) सुमिता शाक्य (२) केलि शाक्य (३) निशा शाक्य ।

### चीनिया टोलीको स्वागत

२०५४ चैत्र २९ गते । यसदिन धर्मकीर्ति विहरमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा Buddhist Association of China का नौ सदस्यीय चीनिया टोलीको स्वागत गरिएको छ । उक्त टोली धर्मोदय सभा नेपालको निमन्त्रणामा आउनु भएको थियो ।



*चीनिया बौद्ध प्रतिनिधि मंडल र धर्मकीर्ति अध्ययन गोष्ठी परिवार*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका धर्मानुशासक तथा भिक्षु अश्वघोषको सभापतित्त्वमा संचालित सो स्वागत कार्यक्रममा चीनिया पाहुनाहरूलाई धर्मकीर्ति विहारका गुरुमाँहरूले फूलको गुच्छा प्रदान गरी स्वागत गरिएको थियो । वीर्यवती गुरुमाँले स्वागत भाषण गर्नुभएको सो कार्यक्रममा संघ China का Canton शहर स्थित Guanxiao Monastery का भिक्षु तथा Buddhist Association of China का Secretary General भिक्षु Ming Sheng ले धर्म देशना गर्नुहुँदै नेपालका धर्मप्रेमी उपासक उपासिकाहरूलाई प्रशंसा गर्दै भन्नुभयो- "बुद्ध शिक्षाको महानतालाई वास्तविक रूपमा अनुभव गर्न शील र विनयलाई आफ्नो जीवनमा प्रयोग गर्दै र अभ्यास गर्दै लानु आवश्यक छ । किनभने शील र विनय नै बुद्ध अनुयायीहरूको परिचय तथा विशेषता हुनाले यसप्रति हामी सदैव चिन्तनशील हुनुपर्ने र जस्तोसुकै प्रतिकूल अवस्थामा पनि यसको अभ्यासमा विचलित नहुनु नै हाम्रो जीवनको लक्ष हुनुपर्ने देखिन्छ । त्यस्तै चीनको Canton शहर स्थित Wuzhuo Nunnery का प्रमुख तथा Buddhist Association of China का सदस्य भिक्षुणी Kuan Jing ले यस भ्रमणलाई हेतुवाद अन्तरगत कार्य कारणको एक श्रृंखलाको रूपमा पाएको जनाउँदै ७८ वर्षको आयुमा यस पवित्र भूमीमा आउँदा खुसी लागेको बताउनु हुँदै बुद्ध धर्मको संरक्षण र सम्वर्द्धनमा नेपालका उपासक उपासिका-हरूलाई सघाउन संधै प्रयत्नशील भइरहने आश्वासन दिनुभयो ।



Downloaded from http://www.dhamma.digital



*धर्मकीर्ति विहारमा चीनिया बौद्ध प्रतिनिधिहरूको स्वागत गरिरहेको दृश्य*

स्मरणीय छ Buddhist Association of China को निमन्त्रणामा नै नेपालबाट पाँच जवान गुरुमाँहरू (अनोजा, ञाणवती, सुजाता, कुशुम र वीर्यवती) भिक्षुणी विनय अध्ययन गर्न चीन जानुभएको थियो ।

धर्मकीर्ति विहारको तर्फबाट चीनिया टोलीलाई उपहार प्रदान गरिएको सो कार्यक्रममा चीनिया टोलीले पनि धर्मकीर्ति विहारलाई उपहार प्रदान गरिएको थियो ।

अध्ययन गोष्ठीका सचिव अरूण सिद्धी तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रममा भिक्षु अश्वघोषले र लोकदर्शन बज्राचार्यले पनि आफ्नो मन्तब्य व्यक्त गर्नुभएको थियो । त्यस्तै अध्ययन गोष्ठीका सदस्य श्रीकीर्ति तुलाधरले धन्यवाद ज्ञापन गर्नुभई सभा बिसर्जन गरिएको थियो ।

स्वागत कार्यक्रम समापन पश्चात् पाहुनाहरूलाई धर्मकीर्ति विहारमा भोजन गराइएको थियो ।

### नेपाल बौद्ध परिषद्को उद्‌घाटन

ललितपुर, चैत्र २९ गते । ललितपुरको रत्नाकर महाविहार (हखवहालमा) मा आज एक समारोहका बीच कर्मा लेकसलिङ्ग गुम्बाका प्रमुख अवतारी लामा श्रद्धेय नेस्याङ्ग ग्याल्पो रिम्पोचेबाट राष्ट्रिय स्तरमा गठन भएको नेपाल बौद्ध परिषद्को समुद्‌घाटन सुसम्पन्न भयो । ललितपुर उप-महानगरपालिका प्रमुख श्री बुद्धिराज बज्राचार्यको सभापतित्वमा सम्पन्न भएको उक्त सभामा श्रद्धेय भन्ते श्री सुदर्शन महास्थविरबाट स्मारिका विमोचन भएको थियो ।

उद्‌घाटन भाषणको क्रममा अवतारीलामा श्री नेस्याङ्ग ग्याल्पो रिम्पोचेले सम्पूर्ण मानव जातिलाई समेटी राष्ट्रिय स्तरमा गठन भएको नेपाल बौद्ध परिषद्को उद्‌घाटन गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो भने स्मारिका विमोचक भन्ते श्री सुदर्शन महास्थविरले नेपाल बौद्ध परिषद्को उद्देश्यमाथि प्रकाश पार्दै सो अनुरूपको काम सम्पन्न हुन कति सम्भव, कति असम्भव यो त भविष्यले नै बताउनेछ भन्नुहुँदै परिषद्का सफलताको कामना गर्नुभयो ।

नव गठित उक्त नेपाल बौद्ध परिषद्को औचित्यमाथि प्रकाश पार्दै परिषद्का अध्यक्ष श्री महीश्वरराज बज्राचार्यले बौद्धहरू सधैंभरी "बुद्धं शरणं गच्छामी ..." भनी शील प्रार्थना गर्छन् तर कतिपय बौद्धहरूलाई बुद्ध शब्दका अर्थ नै थाहा नभएकोमा दुःख व्यक्त गर्दै भन्नुभयो- "बुद्ध धर्म र दर्शनलाई यथार्थ रूपमा जनमानसमा बुझाउन बुद्धको संघ अनुरूप ऊचनीच र छुवाछुतको भेदभाव रहित भई राष्ट्रिय स्तरमा नेपाल बौद्ध परिषद्को गठन भएको हो ।" उहाँले यानगत आधारमा विविध सम्प्रदायमा विभाजित बौद्धहरूलाई बुद्धयानको माध्यमबाट समन्वयात्मक एकतामा बुद्धयान कायम गर्नु परिषद्को लक्ष भएकोले यसको सफलताको लागि सम्पूर्ण बौद्ध शुभचिन्तकहरूमा सहयोगको अपिल गर्नुभयो ।

सम्पूर्ण मानवजातिलाई समेटी बौद्ध एकता कायम गर्ने उद्देश्यले राष्ट्रिय स्तरमा गठन भएको उक्त समारोहमा परिषद्का महासचिव श्री विद्याभूषण बज्राचार्यले स्वागत भाषण गर्नुभएको थियो भने कोषाध्यक्ष वंशीधर बज्राचार्यले परिषद्को आर्थिक विवरण पेश गर्नुभएको थियो ।

पञ्चशील र स्वागतगानबाट शुरू भएको उक्त समारोहमा अन्य वक्ताहरूमा परिषद्का आजीवन सदस्य श्री पवित्रबहादुर बज्राचार्य, सुश्री राज्यलक्ष्मी बज्राचार्य र भू.पू. वरिष्ठ मन्त्री श्री भुवनलाल प्रधान हुनुहुन्थ्यो ।

विशिष्ट बौद्ध विद्वानहरूको समुपस्थितिमा शुरू भएको सो समारोहमा सभापतिको आसनबाट बौद्ध ललितपुरका नगरपिता श्री बुद्धिराज बज्राचार्यले उच्च आदर्शले अभिप्रेरित भई राष्ट्रिय स्तरमा गठन भएको सो परिषद्को भवन निर्माण गर्न जग्गा प्राप्तिको लागि यथासम्भव प्रयास गर्ने वचन दिनुभयो ।

अति शान्त एक उल्लासमय वातावरणमा शुरू भएको सो समारोहमा परिषद्का उपाध्यक्ष श्री शान्तहर्ष बज्राचार्यज्यूले विशिष्ट बौद्ध लामा एवं भन्तेहरूलाई सम्मान स्वरूप बौद्ध परम्परा अनुसार खाता प्रदान गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

### न्हूम्ह संघनायकयात अभिनन्दन

नेपा:या दकसिबे थकालिम्ह भिक्षु अनिरुद्ध महास्थविर संघनायक जुया बिज्यागु लसताय् सम्माननीय प्रधानमन्त्री गिरजा प्रसाद कोइरालाया मूपाहाँले वैशाख १२ गते खुनु बानेश्वरस्थित विश्वशान्ति विहारे संघनायक अभिनन्दन समारोह समितिपाखें वसपोलप्रति श्रद्धापूर्वक अभिनन्दन सम्मान समारोह तस्सकं झ झ: धायक जूगु समाचार दु ।

### स्वयम्भू ज्ञानमाला भजन खल:

स्वयम्भू ज्ञानमाला भजन खल:पाखें लय् लय् पतिकं याना वया च्वंगु बौद्ध जागरण बुद्ध पूजा, धर्मदेशना व बाहापूजा पाँगाय् क्वचाय्कुगु समाचार दु ।

थ्वहे वैशाख ५ गते पाँगाया अशोक चैत्य लाछि त्वाले झ झ: धायक धार्मिक समारोह याना क्वचाय्कल । अखिल नेपाल भिक्षु संघया अध्यक्ष भिक्षु कुमार काश्यपपाखें बौद्ध झण्डा ब्वेके धुंका कांछा बुद्ध बज्राचार्यया सभापतित्वे जूगु छगू सभाय् ९८ वर्षदुम्ह मानसिं महर्जन व ज्याथीम्ह शीलमाया महर्जन ९१ वर्ष दुपिन्त हनेगु ज्या जुल । राणाते पाले ज्ञानमाला आदि सफू मिल धका सर्वश्व हरण याका च्वंम्ह दिवंगत भक्तबहादुरया काय् भाजु विश्वबहादुर श्रेष्ठयात नं हनेगु ज्या जुल । हनापौ ब्यछागु जुल ।

ज्ञानमाला भजन खल: स्वयम्भूया धर्मानुशासक भिक्षु अश्वघोष व भिक्षु सुदर्शनपिं प्रमुख त:मेसिनं थ:गु न्वचु ब्यूगु समाचार दु ।

चर्चा दु ज्ञानमाला स्वयम्भूया कार्यक्रम ठीक इले शुरू याना पाय्छि इले हे सिधेकुगु छगू न्हूगु हे बौद्ध पह ख: । थ्व पह मेपिंसं नं अनुकरण याय् बह जू ।

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू:–

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरूको नामावली क्रम संख्या २५९ सम्मको २०५४ साल वैशाख (स्वायाँ पुन्ही) वर्ष १५ अंक १ मा प्रकाशित भईसकेको छ ।**

**रु. १,०००/– वा सो भन्दा बढी दिई विशेष सदस्य बन्नु भएका महानुभावहरूको नामावली ।**

| *क्र.सं.* | *नाम* | *ठेगाना* |
|---|---|---|
| २६०. | कृष्णमान गुभाजु | मोहरिया टोल, पोखरा |
| २६१. | बंशीराना मगर | पो.ब.नं. ८९७५, काठमाडौं |
| २६२. | दीपक मानन्धर | कोपुण्डोल, ललितपुर |
| २६३. | हेराशोभा शाक्य | ढल्को, काठमाडौं |
| २६४. | प्रकाशमान गुभाजु | मोहरिया टोल, पोखरा |
| २६५. | सत्यराजा मानन्धर | चागल, काठमाडौं |
| २६६. | श्रीमती इन्दु जोशी | नयाँ बजार, काठमाडौं |
| २६७. | जगतमाया मानन्धर | चसान, काठमाडौं |
| २६८. | नव प्रभात मा.बि. | नयाँ बजार, पोखरा |
| २६९. | श्रीमती माणिक लक्ष्मी तुलाधर | न्यत:पाचो, यें |
| २७०. | राकेश अवाले | थपाहीती, ललितपुर |
| २७१. | प्रेमबहादुर शाक्य | प्रयाग पोखरी, ललितपुर |
| २७२. | प्रमिला कंसाकार | मासंगल्ली, काठमाडौं |
| २७३. | दुर्गादास रंजित | मचली, टेकु, काठमाडौ. |
| २७४. | अमृत बहादुर शाक्य | असन वहाल, काठमाडौं |
| २७५. | बिजेन्द्र बज्राचार्य | यशोधर, महाविहार, बुबाहा: गाबहाल |
| २७६. | वीरबहादुर तामाङ्ग (ब्लेन्थेन) | धादिङ्ग, सत्यदेवी-९, काप्रे टोल |

**"दु:ख दिएर आफूले सुख भोग्न इच्छा गर्दछ भने त्यस्तो व्यक्ति द्वेषको जंजालमा फसेर कहिले पनि द्वेषबाट मुक्त हुन सक्तैन ।" – धम्मपद**

**२५४२ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा समस्त ग्राहक वर्गहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

☆ ☆ ☆ ☆

**मौसम अनुसारको साडी, स्वीटर, रेडिमेड पोशाकहरू तथा आवश्यक सामानहरूको लागि हामीलाई सम्झनुहोस्:–**

**न्यू ताम्राकार हाउस**
भोताहिटी, काठमाडौं । फोन: २२१८२९



Downloaded from http://www.dhamma.digital



*Hearty Greetings*
*on the occasion*
*of*
*2542nd Vaisakh*
*Full Moon Day*

SRINATH
*Jewellers*

NEW ROAD
KATHMANDU (NEPAL)
**PHONE : 221008**

CREDIT SUISSE
10g
FINE GOLD
9999
FINE GOLD
383619

नयेत नसां: पुनेत पुसां:
समा: यायेत छित: मा:
झ: झ: धा:गु तिसा:
तिसाया निंतिं ग्यारेण्टी दुगु
भिंगु लुं, वह: मा:सा
जिमिथाय् झासँ
मिइमा:सां
जिमिथाय् हे झासँ ।





**पुण्यरत्न शाक्यया**
**लुँ-वहः पसः**
थाय्मरु, यें ।
फोन पसः २२४३८६, २५८७००, छैं: २२१३९८

**शान्ति नायक गौतम बुद्धया**
**जन्म, सम्बोधि व परिनिर्वाण चूलागु**
**वैशाख पुन्हिया लसताय्**
**सकलया कल्याण कामना याना !**

थ्व सकतांया तिसा ज्वलं तयारी न्याय्मा:सा
छगुया छगू जक छिगु पसः

*R Jewellers*

| हिरा<br>लुँ<br>वहः | **राजेन्द्र कुमार शाक्य**<br>थाय्मदु, तःखाछैं क्वय्<br>फोनः २५९०३३, २५९०२१ (पसः)<br>२३१९८९ (छैं) | हिरा<br>सुन<br>चाँदी |
|---|---|---|

**DIAMOND GOLD SILVER**

Downloaded from http://www.dhamma.digital

## सम्पादकीय

# बुद्ध वचन स्मरण गरौं

अरू बेलामा बुद्ध वचन सम्बन्धी सुन्नु र अध्ययन गर्नु मानिसहरूलाई फुर्सद कहाँ छ र ? अत: बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरीनिर्वाण यी तीन बुद्ध जीवनीसंग सम्बन्धित घटनाहरू घटेको दिन वैशाख पूर्णिमाको सुखद् अवसरमा बुद्ध वचन स्मरण गर्न सके पनि केही अज्ञान हटाउनलाई उपयोगी सिद्ध हुन सक्छ ।

**सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा ।**
**सचित्त परियोदपनं, एतं बुद्धानसासनं ॥**

**अर्थः** नगर्नु सबै पापहरू, गर्नु कुशलहरू सञ्चय ।
चित्त शुद्ध गर्दै लानु, यही बुद्धहरूका शिक्षा ॥

उपर्युक्त बुद्ध वचनबाट के शिक्षा लिनु पर्दछ भने पाप कर्म नगरेर र पुण्य कर्म गरेर मात्र पर्याप्त छैन । चित्त शुद्ध पनि गर्नुपर्छ । बुद्धले भन्नुभएको थियो– "यो संसारमा धेरैजनाले पाप नगर्नुको दुईटा कारण छन् - पहिलो कारण हो लाज अर्थात् पाप कर्म गर्दाखेरी लोकले हेला र निन्दा गर्ला भनेर । अर्को कारण हो - मरी सकेपछि दुर्गती जानु पर्ला भन्ने डर । वास्तवमा प्रज्ञादृष्टिले दिलैदेखि सज्जन भएर होइन । धेरै मानिसहरू पुण्य कर्म गर्छन् तर चित्त शुद्ध गर्न र गरेर होइन् । पाप कटाउन र धर्मात्मा हुँ भन्ने देखाउनको लागि मात्र । चित्त शुद्ध नभैकन, आचरण राम्रो नभैकन धर्म गरे पनि शुद्ध हुँदैन । बुद्धको पालादेखि त्यस्ता मानिसहरू विद्यमान छन् ।

**न परेसं विलोमानि न परेसं कताकतं ।**
**अत्तनोव अवक्खेय्य कतानि अकतानि च ॥**

**अर्थः** नहेर्नु अर्काको दोष, नखोज्नु अर्काको त्रुटि ।
बरू बेश हेर्नु आफ्नो दोष त्रुटिहरू ॥

२५ सय वर्ष पूर्व भन्नुभएको यो बुद्ध वचन आज पनि एकदम ताजा छ । आज भोलि मात्र अर्काको निन्दा चर्चा गर्ने बानि भएको होइन पहिलेदेखि नै यो कुसंस्कार चलिरहेको छ । बुद्धले भन्नुभए जस्तै आफ्नो गल्ति र स्वभावतिर ध्यान दिए वादविवाद छिटो सुल्झिन सक्छ ।

**न हि वेरेन वेरानि, सम्मन्तीध कुदाचनं ।**
**अवेरेन च सम्मन्ति, एस धम्मो सनन्तनो ॥**

**अर्थः** शत्रुताले वैरभाव, हुँदैन शान्ति कहिले ।
मित्रताले ल्याउँछ शान्ति, यही हो धर्म सनातन ॥

यो बुद्धको कथन शत प्रतिशत सत्य हो तापनि विद्वानवर्गले समेत यसको महत्त्व बुझेको छैन । विद्वानहरूले यो बुद्ध वचनको खुब प्रचार गर्छन् तर व्यवहारमा शून्य देखिन्छ । धार्मिक होस् वा सामाजिक वा राजनैतिक क्षेत्रमा होस् आज देशभरी अशान्त वातावरण सृजना भैरहेको वैरभावलाई दबाउन नसकेर विष्फोटन भएको पूर्वाग्रह, साम्प्रदायिकता वा स्वार्थी नेतृत्वको कारण हो भन्नुमा अत्युक्ति नहोला ।

अन्तमा बुद्ध जयन्तीको यस पुनीत अवसरमा सारगर्भित, गम्भिर र व्यवहारिक बुद्ध वचनहरूलाई बौद्ध समाजको मात्र साम्प्रदायिक विषय नबनाई वा विहार भित्र मात्र सीमित नराखी राष्ट्रका सबै शिक्षित तथा सचेत नागरिकहरूले हृदयदेखि मनन्गरी धार्मिक, सामाजिक, राजनैतिक क्षेत्रमा वैरभाव हटाई शान्ति ल्याउन सकोस् यही धर्मकीर्ति परिवार सबैप्रति मंगलमय शुभकामना अभिव्यक्त गर्दछ ।

Downloaded from http://www.dhamma.digital

# बैशाख उत्सव २५४२ को शुभकामना !

## ज्योति समूह

*उत्पादनशील उद्योग:*

फलामे छड, जी.आई. तार, एनिल्ड, कांटेदार तार, किल्ला कांटी, बाल्टिन, ढक, हैण्ड पम्प, काष्ट आयरनका उत्पादनहरू, औद्योगिक तथा मेडिकल अक्सीजन ग्यास, सूती, पोलिष्टर तथा मिश्रित धागो ।

★ हिमाल आयरन एण्ड स्टील (प्रा) लि. ★ हिमाल वायर्स लि.

★ हिमाल अक्सीजन (प्रा) लि. ★ ज्योति स्पिनिंग मिल्स लि.

*विख्यात कम्पनीहरूका बिक्री वितरण :*

अशोक लेलैण्ड गाडीहरू, मेसी फर्गुशन ट्रेक्टर, औषधि, फिलिप्स ल्याम्प, फिटिंगस्, टि.भि., रेफ्रिजेरेटर, टेलिफोन, होण्डा मोटर साईकल, पम्प, जेनेरेटर, हिरोहोण्डा, काइनेटिक होण्डा, श्रीराम होण्डा जेनेरेटर, मेडिकल तथा औद्योगिक ग्यासहरू, ईशाव इण्डियाका वेल्डिंग इलेक्ट्रोड्स, ट्रान्सफरमर, आई. एल. ओ. का डिजोल्भड एसिटिलिन (डी. ए.) र यी सबका स्पेयर पार्टस तथा बिक्री पछिका सेवाहरू समेत ।

भाजुरत्न इन्जिनियरिंग एण्ड सेल्स (प्रा) लि.

स्याकार कम्पनी (प्रा) लि.

हेड अफिस:

ज्योति भवन, पो.ब. नं. १३३, कान्तिपथ, काठमाडौं, नेपाल ।

फोन नं. : २२५४९०/२२६३२७, फ्याक्स : (९७७) १ २२६३१४, तार : वेसमणि, काठमाडौं, टेलेक्स : २२६४ ज्योति एन. पि.

शाखाहरू : नेपाल अधिराज्यभर




"बुद्ध जितमा,
धर्म जितमा
संघ सिबे मरू मेगु
थुलि हे खः जिगु धन हे भगवान्
सास्ता छपिंके फ्वनेगु"

बुद्ध सम्वत् २५४२ दँ स्वाँया पुन्हीया लसताय्
सकल नेपाःमी पिन्त भिंतुना !


ग्रैण्ड ऊल सेण्टर
असं व शुक्रपथ
फो. ल्या: २२१८४७, २५९४६०

मणितारा
मणितारा सपिङ्ग सेण्टर
सिद्धिभवन (जम:) कान्तिपथ, यें
फो. ल्या: २५३००८, २२७९४९


Downloaded from http://www.dhamma.digital


बा अ. का. द. नं. ७०/०४०/४१

*May all sentient being attain the highest state of Completeness being on the foot steps of*

# BUDDHA

## Happy Vaishakha Festival

## 2542




WEST END WATCH Co

W

ORIGINAL SWISS WATCHES SINCE 1886

**SALES AND SERVICE CENTER**

Ga/144 Shukra Path - KATHMANDU/Nepal - Tel. 259088, Fax: 977-1-259206



Printed at: **New Nepal Press**, *Business Off:* Shukrapath, New Road. Tel: 259032, 259450 Fax: (977-1) 258678
*Head Off. cum Press:* Nagpokhari, Naxal, Tel. [illegible], 414753


Downloaded from http://www.dhamma.digital